सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ जेठ २०८०, आइतबार (11 June 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

संघमा कर्मचारी घटाउने सरकारको घोषणा अलपत्र

नयाँ बजेटमा नयाँ घोषणा

बजेटको घोषणा कार्यान्वयन गर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २२ साउन ०७९ मा समयसीमा तोकेर कर्मचारी कटौतीको खाका दिन सबै मन्त्रालय तथा कार्यालयलाई पत्राचार गरेको थियो। १५ दिनको समयसीमा तोकेर मागेको कर्मचारी कटौतीको खाकासमेत अधिकांश मन्त्रालय तथा निकायले पठाएनन्।



दरबन्दी कटौती गर्न संघीय कार्यालयहरू तयार नभएको देखियो



● **रूपनारायण खतिवडा**, उपसचिव, संगठन विकास शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मन्त्रालयले दरबन्दी कटौतीको खाका माग्दा न्यून संख्याका कार्यालयले मात्र पठाए। त्यो पनि खाका आएन, विवरण मात्र आयो। अधिकांशले खाका नै नपठाउनु र पठाएकामध्येले पनि धेरैले घटाउन नसकिने भनेकाले दरबन्दी कटौती गर्न संघीय कार्यालयहरू तयार नभएको देखियो।

दरबन्दी कटौती सामान्य प्रक्रियाबाट हुँदैन, हस्तक्षेपकारी कदम आवश्यक छ

● **पूर्णचन्द्र भट्टराई**, पूर्वसचिव

संघमा दरबन्दी बढी भएको भनेर सबैले भन्छन्, तर आफ्नै मन्त्रालय/कार्यालयलाई बढी भएको कसैले भन्दैन। आफ्नो कार्यालयको दरबन्दी कटौती गर्न कोही तयार छैन। त्यसैले दरबन्दी कटौती सामान्य प्रक्रियाबाट हुँदैन, हस्तक्षेपकारी कदम आवश्यक छ। यसका लागि उच्चस्तरीय आयोग नै आवश्यक छ। त्यही आयोगको अध्ययन र सिफारिसका आधारमा दरबन्दी कटौती गर्नुपर्छ।



सुवास भट्ट/नयाँ पत्रिका

संघमा आवश्यकताभन्दा बढी संख्यामा रहेको कर्मचारी दरबन्दी कटौती गर्ने सरकारको योजना अलपत्र परेको छ। चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले संघीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० प्रतिशत दरबन्दी कटौती गर्ने गरी गरेको घोषणा कार्यान्वयन हुन सकेन।

चालू आर्थिक वर्षको बजेटको घोषणा कार्यान्वयन नभएर अलपत्र परेपछि सरकारले आगामी आवको बजेटमा त्यसलाई छाडेर नयाँ घोषणा गरेको छ। अब नयाँ दरबन्दी सिर्जना नगर्ने र विद्यमान दरबन्दी पुनरावलोकन गरी छरितो बनाउने बजेटमा उल्लेख छ।

चालू आर्थिक वर्षको बजेटको घोषणा कार्यान्वयन गर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २२ साउन ०७९ मा समयसीमा तोकेर कर्मचारी कटौतीको खाका दिन सबै संघीय मन्त्रालय तथा कार्यालयलाई पत्राचार गरेको थियो। १५ दिनको समयसीमा तोकेर मागेको कर्मचारी कटौतीको खाकासमेत अधिकांश मन्त्रालय तथा निकायले पठाएनन्।

मन्त्रालयको संगठन विकास शाखाका उपसचिव रूपनारायण खतिवडाका अनुसार करिब डेढ दर्जन कार्यालयले मात्र कटौती गर्न सकिने दरबन्दी विवरण दिएका छन्।

'मन्त्रालयले दरबन्दी कटौतीको खाका माग्दा न्यून संख्याका कार्यालयले मात्र पठाए। त्यो पनि खाका आएन, विवरण मात्र आयो,' उनी भन्छन्, 'अधिकांशले खाका नै नपठाउनु र पठाएकामध्येले पनि धेरैले घटाउन नसकिने भनेकाले दरबन्दी कटौती गर्न संघीय कार्यालयहरू तयार नभएको देखियो।'

मन्त्रालयको पत्राचारबमोजिम

» पृष्ठ ११ मा क्रमश:

आयोजना तथा कार्यक्रमका लागि पाँच हजार दरबन्दी थप

घटाउने भनिएको संघको दरबन्दी करिब पाँच हजारले बढाइएको छ। सरकारले विभिन्न आयोजना तथा कार्यक्रमका लागि भनेर कर्मचारी दरबन्दी थपेको छ। राष्ट्रिय किताबखानाको अद्यावधिक तथ्यांकअनुसार अहिले संघको दरबन्दी ५३ हजार ५३१ पुगेको छ।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपालगन्जमा आउटब्रेक भएको दादुरा ६ महिनापछि काठमाडौंमा

१६ जिल्लाका ९४३ संक्रमितमध्ये एकको मृत्यु, ९३८ निको भए, काठमाडौंमा चार बालबालिका आइसोलेसनमा

● **वसन्तकुमार श्रेष्ठ**, अधिकृत, खोप शाखा, परिवार कल्याण महाशाखा



काठमाडौंका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय केसको खोजी जारी छ। सबै स्वास्थ्य संस्था र निजी अस्पताललाई दादुराको शंकास्पद केस देखिए नगरपालिका र स्वास्थ्य सेवा विभागमा रिपोर्ट गर्न अनुरोध गरिएको छ।

मञ्जु टेलर/नयाँ पत्रिका

गत १२ पुसमा बाँकेको नेपालगन्ज उपमहानगरपालिका- ७ का ६ बालकमा पुष्टि भएसँगै फैलिएको दादुरा ६ महिनापछि राजधानी काठमाडौं भित्रिएको छ। बाँके हुँदै काठमाडौंसम्म आइपुग्दा १६ जिल्लाका ९४३ संक्रमित भएकामा एकको मृत्यु भएको छ। ९३८ निको भएका छन् भने चारजना आइसोलेसनमा छन्।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले दिएको तथ्यांकअनुसार हाल अन्य जिल्लामा नियन्त्रणमा रहेको दादुरा काठमाडौंमा भने चार बालबालिकामा पुष्टि भएको छ। गोकर्णेश्वर नगरपालिकास्थित ज्योयो कुटुम्पा गुम्बामा बस्ने बालबालिकामा बुधबार संक्रमण पुष्टि भएको हो। उनीहरू आइसोलेसनमा छन्। विभागले काठमाडौं उपत्यकामा थप केस हुन सक्ने आशंकामा सबै अस्पताल तथा स्वास्थ्य संस्थामा आउने बालबालिकामा निगरानी बढाएको छ।

'काठमाडौंका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय केसको खोजी जारी छ। सबै स्वास्थ्य संस्था र निजी अस्पताललाई दादुराको शंकास्पद केस देखिए नगरपालिका र स्वास्थ्य सेवा विभागमा रिपोर्ट गर्न अनुरोध गरिएको छ,' परिवार कल्याण महाशाखाअन्तर्गत खोप शाखाका जनस्वास्थ्य अधिकृत वसन्तकुमार श्रेष्ठले भने।

» पृष्ठ ११ मा क्रमश:

■ १२ पुसयताको तथ्यांक

दादुरा संक्रमित **९४३ जना**

कुल मृत्यु **१ जना** (बाँके)

कुल प्रभावित जिल्ला **१६**

१६ जिल्लामा कति संक्रमित ? : **बाँके** (३२२), **महोत्तरी** (१०५), **सलाही** (७७), **बर्दिया** (७३), **सुर्खेत** (६५), **कैलाली** (४७), **सुनसरी** (४१), **चितवन** (४०), **कञ्चनपुर** (३३), **मोरङ** (३२), **दाङ** (२९), **कपिलवस्तु** (२३), **धनुषा** (२३), **बाजुरा** (१८), **अर्घाखाँची** (११) र **काठमाडौं** (४)



काठमाडौंको गोकर्णेश्वर नगरपालिका- ९ स्थित जोभो कदम्पा विद्यालयका दादुरा संक्रमित बालक



कैलालीको चुरे गाउँपालिकामा दादुराविरुद्धको खोप दिइँदै।

● ५६० विद्यार्थी रहेको गोकर्णेश्वर नगरपालिकास्थित जोभो कदम्पा विद्यालयमा ६२ जनामा उस्तै प्रकारका लक्षण देखिएको थियो। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाद्वारा शंकास्पद नमुनाको परीक्षणपछि गत बुधबार चार बिरामीमा दादुरा पुष्टि भएको थियो।

● **काठमाडौंका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय केसको खोजी जारी**

● १५ वर्षमुनिका बिरामीबाहेक बालबालिकालाई दादुराविरुद्धको खोप दिने तयारी

■ चिकित्सक भन्छन्-

शतप्रतिशतमा खोप नलगाउँदासम्म दादुरा उन्मूलन गाह्रो हुन्छ

सन् २०२३ सम्म दादुरा उन्मूलन गर्ने नेपालको लक्ष्य थियो। तर, वर्षको सुरुमै बाँकेमा संक्रमण आउटब्रेक भएपछि उक्त लक्ष्य २०२६ सम्म सारिएको छ। दादुरा उन्मूलनका लागि लक्षित समूहका शतप्रतिशतलाई पूर्ण खोप दिनुपर्छ। तर, अहिलेसम्म दादुरा निवारणका लागि आवश्यक अर्थात् ९५ प्रतिशतले पनि पूर्ण खोप पाएका छैनन्। स्वास्थ्य सेवा विभाग खोप शाखाको तथ्यांकअनुसार ९२.८ प्रतिशतले मात्र दादुरा-रुबेलाविरुद्धको पूर्ण खोप लगाएका छन्। जन्मिएको नौ महिना पुगेपछि पहिलो मात्रा र १५ महिना पुगेपछि दोस्रो मात्रा लगाएपछि मात्रै पूर्ण खोप हुन्छ। यो अवधिमा लगाउन छुटेकालाई २४ महिनाभित्र दुवै मात्रा दिन सकिने चिकित्सकहरू बताउँछन्।

'धेरै व्यक्तिमा पूर्ण खोप लगाइयो, तर थोरैमा मात्रै छुट्यो भने पनि दादुरा फैलिने जोखिम रहन्छ। दादुरा उन्मूलन गर्न लक्षित उमेर समूहका शतप्रतिशतमै पूर्ण जोड लगाउनुपर्छ,' सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुन भन्छन्, 'खोप लगाएकामा पनि ३० वर्ष कटेपछि प्रतिरोधी क्षमतामा ह्रास आउने र यी व्यक्तिबाट बालबालिकामा सर्ने जोखिम रहन्छ। सामान्यतया बालबालिका बढी प्रभावित हुने भए पनि वयस्कमा समेत दादुरा संक्रमण भेटिन्छ।' हाल संक्रमण पुष्टि भएका बालबालिका अधिकांश खोप नै नलगाएका वा एक डोज मात्र लगाएका रहेको परिवार कल्याण महाशाखाले जनाएको छ। खासगरी, कोभिडको समयमा पूर्ण खोप लगाउनबाट धेरै बालबालिका वञ्चित भएका कारण पनि हाल संक्रमण फैलिएको हुन सक्ने चिकित्सकहरू बताउँछन्।

■ संगठन विस्तारमा रास्वपाको आक्रामक अभियान

७४ जिल्लामा समिति गठन, चार लाख सदस्यको लक्ष्य



रास्वपामाथि सातो जाने घेराबन्दी छ : लामिछाने

'तपाईंहरूलाई अब रास्वपा सरासर सरर सजिलैसँग जान्छ, ०८४ मा त एकदम सजिलो हुन्छ भन्ने लागेको होला। जनताले देखाएको बाटो त सजिलो छ। तर, यो बाटोमा सम्पूर्ण दलले जुन बाधा, जुन घेराबन्दी गर्नेवाला छन्, त्यो सातो जाने खालको छ, तर हामी डराउँदैनौं। हामीले दिएका विचारको मण्डन गर्ने र अनेक तरिकाले त्यसको व्याख्या गर्ने काम निरन्तर चलिरहन्छ।'

(विस्तृत पृष्ठ ३)

नश्ल सुधारको सात दशक : उपलब्धि आंशिक मात्रै

उन्नत जातका पशु ५१ प्रतिशत पुगे, दूधमा आत्मनिर्भर बन्न अझै सकस

● **वार्षिक आठ लाख गर्भाधान पुग्ने वीर्य उत्पादन**

● दूध उत्पादन बढ्यो, तर आत्मनिर्भर हुन सकेन

कुन देशबाट कस्ता पशु आयात ?

(विस्तृत पृष्ठ ९)



■ टिकटकमा झुम्मिने कर्मचारीमाथि सरकारको अंकुश

कार्यालयभित्र र कार्यालय पोसाकमा टिकटक बनाउन प्रतिबन्ध

नवराज मैनाली/नयाँ पत्रिका



झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल टिकटकमा सक्रिय छन्। उनले कार्यालयमा भोज गरेकोदेखि आफ्नो नेतृत्वमा भएका सुधारका काम टिकटक भिडियो बनाएर पोस्ट गर्दै आएका छन्। झापाको कचनकवल नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादवमा पनि टिकटक मोह अत्यधिक देखिन्छ। कार्यालयमा काम गरिरहेकोदेखि सीमा क्षेत्रमा अनुगमनसम्मका गतिविधि नियमित रूपमा टिकटकमा अपलोड गर्दै आएकी छिन्।

पोखरेल र यादव मात्र होइनन्, निजामती सेवामा

» पृष्ठ ११ मा क्रमश:

● 'हेलो सरकार'मा नियमितजसो उजुरी परेपछि सामान्य प्रशासन मन्त्रालयले कार्यालयभित्र र कार्यालय समयमा टिकटक नबनाउन मातहतका कर्मचारीलाई दियो निर्देशन, गृहले जारी गऱ्यो सातबुँदे निर्देशन

● राष्ट्रसेवक कर्मचारीले कार्यालयभित्रै अशोभनीय र उच्छृंखल किसिमका भिडियो टिकटकमा पोस्ट गरिरहेको भन्दै गुनासो आउन थालेपछि विभिन्न मन्त्रालयले कार्यालयभित्र टिकटक बनाउन रोक लगाएका हुन्

● सुरक्षा निकायहरूले पहिलेदेखि नै पोसाक लगाएर खिचिएको फोटो र भिडियो राख्न नपाउने नियम लागू गरेका छन्, युनिफर्म लगाएर तथा कार्यालयमा फोटो-भिडियो खिचेर पोस्ट गर्ने सुरक्षाकर्मी कारबाहीमा समेत पर्दै आएका छन्

शनिबार उपत्यकामा

वसुन्धरा : फेसबुकमा घरजग्गा लोन सेवा नामक पेज बनाई ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-११ घर भई काठमाडौं महानगरपालिका-३, वसुन्धरा बस्ने नकुल चालिसे, आकाश भट्टराई, आरएन क्षेत्री भन्ने २७ वर्षीय रामचन्द्र चालिसेलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले ११ फागुन ०७९ देखि घरजग्गा लोन सेवा फेसबुकमा पेज बनाई लोन चाहिएमा सम्पर्क गर्नुहोस् भन्दै प्रलोभनमा पारी विभिन्न व्यक्तिहरूबाट चेक तथा नगद गरी ५७ लाख २० हजार रुपैयाँ लिएका थिए। अर्काको नामको नागरिकता दुरुपयोग गरी विभिन्न बैंकमा खाता खोली खाताको चेक दिई ठगी गरेको अभियोगमा उनीहरूलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनीहरूउपर ठगी तथा बैंकिङ कसुर मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

बाडुभञ्ज्याङ : चन्द्रागिरि नगरपालिका-२, बाडुभञ्ज्याङबाट करिब चार किलो अवैध लागुऔषध गाँजाको धुलोसहित मकवानपुर थाहा नगरपालिका-७ बस्ने ३० वर्षीय सबिन थापामगरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको संयुक्त टोलीले मकवानपुरदेखि काठमाडौंतर्फ आउँदै गरेको लु.५प ३२०५ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई गाँजासहित नियन्त्रणमा लिइएको हो। यसैगरी, बाडुभञ्ज्याङबाटै एक केजी तीन सय ग्राम गाँजासहित धादिङ थाक्रे गाउँपालिका-१ बस्ने २६ वर्षीय निनु तामाङलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको संयुक्त टोलीले धादिङदेखि काठमाडौं आउँदै गरेको बा.६३प ४९४० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो।

बाँडेगाउँ : ललितपुरको बाँडेगाउँमा ट्राफिक प्रहरीले गरेको चेकिङका क्रममा लागुपदार्थ सेवन गरी मोटरसाइकल चलाउने पाँचजना चालकलाई नियन्त्रणमा लिएको छ। बागमती प्रदेश ०२-०३३प ३४ ०१ नम्बरका मोटरसाइकलचालक बाँके घर भई ललितपुरको हात्तीवन बस्ने २२ वर्षीय अंकित महत, सुदूरपश्चिम प्रदेश ०१-०१०प १५०६ नम्बरको मोटरसाइकलचालक अर्घाखाँचीको मालारानी गाउँपालिका-६ घर भई शंखमूल बस्ने २० वर्षीय अनिल बस्नेत, बा.९८प ९४१२ नम्बरको मोटरसाकलचालक ललितपुरका २३ वर्षीय अमित कार्की, बा.१९प ३४७२ नम्बरको मोटरसाइकलचालक ललितपुरको बाँडेगाउँ बस्ने १८ वर्षीय एलिस महर्जन र प्रदेश ३-०२-००२प ७७४३ नम्बरको मोटरसाइकलचालक मोरङको विराटनगर घर भई चाबहिल बस्ने २७ वर्षीय सुमन खड्का रहेको प्रहरीले जनाएको छ। नियन्त्रणमा लिइएका सबैलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीवृत्त सातदोबाटो पठाएको ट्राफिक प्रहरीले जनाएको छ।

सिस्नेरी खानेपानी योजना

उपत्यकालाई मेलम्चीपछिको अर्को भरोसा

१७ महिनाभित्र सक्ने गरी सिस्नेरी खानेपानी योजनाको डिपिआर तयार हुँदै, ललितपुरका तीन पालिकालक्षित योजनाको १३ किलोमिटर पाइपलाइन र संरचना निर्माण गर्न २६ अर्ब रुपैयाँ लाग्ने अनुमान

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाआसपासका पानीका मुहान क्रमशः सुक्दै गएपछि खानेपानीका लागि उपत्यकावासी मोफसलमा भर पर्न बाध्य हुने अवस्था आएको छ। अहिले नै पनि सिन्धुपाल्चोकको मेलम्चीबाट दैनिक १७ करोड लिटर खानेपानी नआउने हो भने उपत्यकामा खानेपानीको संकट लाग्ने स्थिति छ। बढ्दो सहरीकरणसँगै वनजंगल विनाश र परम्परागत खानेपानीका मुहान मासिएपछि उपत्यकावासी खानेपानी अभावको चुनौतीसँग लडिरहेका छन्।

उपत्यकाका तीन जिल्लामा अझै दैनिक २५ करोड लिटर खानेपानी अपुग छ। त्यसका लागि मेलम्चीनजिकैको यांग्री र लार्के खोलाबाट पानी ल्याउने योजना पनि सरकारले अघि बढाइरहेको छ। योसँगै अर्को विकल्पका रूपमा तीन वर्षअघि नै सरकारले मकवानपुरको सिस्नेरी खोलालाई अघि सारेको थियो। करिब १३ किमि पाइपलाइनबाट यो खोलाको पानी उपत्यका ल्याउन सकिने अवस्था छ। तीन महिनाअघिदेखि यसको डिपिआर सुरुसमेत भएको छ। ललितपुरका तीनवटा स्थानीय तहले आफ्नो क्षेत्रको दीर्घकालीन खानेपानी योजनाका रूपमा सिस्नेरी खोलालाई राखेका छन्। यो खोलाको पानी दैनिक १० करोड लिटर ललितपुरमा ल्याउन सकिन्छ। दैनिक १० करोड लिटर पानी भए ललितपुरका तीन पालिकालाई पर्याप्त हुन्छ।

सिस्नेरीबाट पानी ल्याउनका लागि पहिलो चरणमा डिटेल प्रोजेक्ट रिपोर्ट (डिपिआर) तयार भइरहेको काठमाडौं उपत्यका खानेपानी बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले बताए। उनका अनुसार खानेपानी आयोजना र फास्ट ट्राकको रुट एउटै क्षेत्रमा भएकाले फास्ट ट्राकमा असर नपर्ने गरी पाइपलाइन ल्याउनेबारे छलफल भइरहेको छ। उनले भने, 'अबको १७ महिनाभित्र डिपिआर सकिन्छ, त्यसपछि आयोजनाको काम सुरु हुन्छ, यो पानीले मेलम्ची नपुगेको ललितपुर क्षेत्रलाई कभर गर्छ।' उनका अनुसार पहिलो चरणमा ड्याम र वातारणका लागि डिपिआर भइरहेको छ। बाँकी डिपिआर दोस्रो चरणमा हुनेछ। चालू आर्थिक वर्षमा ललितपुर महानगरपालिका, काठमाडौं उपत्यका खानेपानी बोर्ड, केयुकेएल, गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिकालगायतको संयुक्त टोलीले आयोजना क्षेत्रको निरीक्षण गरेका थिए।



■ **गजेन्द्र महर्जन**, मेयर, गोदावरी नगरपालिका



खर्चका हिसाबले पालिका एक्लैले सिस्नेरी खानेपानी योजना सम्पन्न गर्न कठिन हुन्छ, तर ललितपुरका लागि अत्यन्तै खाँचो छ। यसकारण केन्द्र वा प्रदेश सरकारको पनि सहयोग आवश्यक छ। यो योजना पूरा भए गोदावरी, महालक्ष्मी नगरपालिका र ललितपुर महानगरपालिकामा खानेपानीको समस्या हुँदैन।

■ **सञ्जीवविक्रम राणा**, कार्यकारी निर्देशक, काठमाडौं उपत्यका खानेपानी बोर्ड



सिस्नेरी खानेपानी योजना र फास्ट ट्राकको क्षेत्र एउटै हो। दुवै आयोजनाले एक-अर्कालाई असर नपर्ने गरी अघि बढाउनेबारे समन्वय भइरहेको छ। अबको १७ महिनाभित्र डिपिआर सकिन्छ, त्यसपछि आयोजनाको काम सुरु हुन्छ। मेलम्ची नपुगेको ललितपुरका क्षेत्रहरूमा यो पानीले कभर गर्ने विश्वास छ।

डिपिआर सकिएपछि खानेपानी ल्याउने योजना अघि बढ्ने गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले जानकारी दिए। उनका अनुसार यो आयोजना खासगरी ललितपुरका तीन पालिकाका लागि हो। केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संयुक्त रूपमा काम गर्ने हो भने यो योजना समयमै सकिन्छ। आयोजना सम्पन्न गर्नका लागि कम्तीमा २५ अर्ब लागत लाग्छ। 'यो योजना पालिका एक्लैले सम्पन्न गाह्रो छ। केन्द्र वा प्रदेश सरकारको पनि सहयोग हुने हो भने योजना सम्पन्न गर्न सहज हुन्छ,' उनले भने, 'यो पानी आएपछि गोदावरी, महालक्ष्मी नपा र ललितपुर महानगरपालिकालाई खानेपानीको समस्या हुँदैन।' उनका अनुसार यो आयोजनाको रुट ललितपुरको बुङमती, भैंसेपाटी क्षेत्र हो। यो पानी काठमाडौं ल्याउन कम्तीमा पनि पाँच वर्ष लाग्ने अनुमान गरिएको छ। आफ्नो कार्यकालभित्रै आयोजना सम्पन्न गर्न सकिने भन्दै तीन पालिका प्रमुख सिस्नेरी खानेपानी ल्याउन कस्सिएका छन्। सिस्नेरीबाट ल्याएको खानेपानी तीन पालिकाबाहेक आवश्यकताका आधारमा केयुकेएलका ट्यांकीमा पनि पानी लैजाने योजना छ। तर, तीन पालिकाले आ-आफ्नो क्षेत्रमा खानेपानी वितरणका लागि पाइपलाइन आ-आफ्नै बनाउनेछन्। तीन पालिकामध्ये गोदावरी नगरपालिकाको उचाइ धेरै भएकाले यस क्षेत्रमा भण्डारण ट्यांकी राखिनेछ। यहाँबोहक तीन पालिकाभित्र करिब २०-२० लाख लिटर पानी अट्ने तीनवटा ट्यांकी निर्माण हुनेछन्।

०७९/८० को बजेट भाषणका क्रममा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले ललितपुरको ठोस्नेखोला र मकवानपुरको सिस्नेरी खोलाको पानी ल्याइने बताएका थिए। यसअघि ०७७ मा भएको पूर्वसम्भाव्यता अध्ययनका क्रममा २६ अर्ब लगानी आवश्यक पर्ने देखिएको थियो। सिस्नेरी खोलाको आयोजनास्थल काठमाडौंको फर्पिङदेखि करिब १३ किमि दक्षिण सिस्नेरीसम्म पर्छ।

■ मेलम्ची खानेपानी नजाने

ललितपुरको गोदावरी क्षेत्रमा मेलम्चीको खानेपानी पाइप लैजान समस्या हुने र यो क्षेत्र उचाइमा पर्ने भएपछि नगरपालिकाले सिस्नेरीकै पानी ल्याउने योजना अघि सारेको छ। तर, एक्लैले यो योजना सम्पन्न गर्नका लागि नसकिने भएपछि अन्य दुई पालिका र केन्द्र तथा प्रदेश सरकारलाई मेयर गजेन्द्र महर्जनले अनुरोध गर्दै आइरहेका छन्। 'हाम्रो क्षेत्रमा मेलम्ची खानेपानी ल्याउन अलि गाह्रो छ, हामीकहाँ अहिले ७० प्रतिशत खानेपानी डिप बोरिङ र आसपासका मूल मुहानबाट आइरहेको छ,' उनले भने, 'यसबाहेक अपुग पानी ट्यांकरबाट पनि आइरहेको छ।'

लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/२/२८ गते

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/८/२५ गतेको अन्त्यपूर्ण पोस्ट, मिति २०७९/५/२१ गतेको कारोबार, मिति २०७९/१/४, मिति २०७९/५/२९ र मिति २०७८/१०/६ गतेको अन्त्यपूर्ण पोस्ट् र मिति २०७८/११/२९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना र मिति २०७९/१२/२३ गतेको अन्त्यपूर्ण पोस्ट्, मिति २०७९/११/१७ र मिति २०८०/१/१५ गतेको नयाँ पत्रिका र मिति २०७९/१/८ गतेको अन्त्यपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदी र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीका लागि दोस्रो पटक यो ७ दिने लिलामी सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम बिक्री कार्य गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) समेत आव्हान गरिएको छ। ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्र मार्फत आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

तपसिल

डडेल्धुरा शाखा :

१. ऋणी : श्री टेक बहादुर महर बिष्ट
(ना.प्र.नं. ३८७/१६७२६ जारी स्थान/मिति डडेल्धुरा, २०५६/१२/०९)
बाबु : श्री हर्क बहादुर महर बिष्ट, बाजे : श्री बहादुर महर बिष्ट
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ३
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री ईश्वरी देवी महर बिष्ट, बाबु : श्री बहादुर बोहरा, ससुरा : श्री हर्क बहादुर महर बिष्ट, पति : श्री टेक बहादुर महर बिष्ट
(ख) श्री तुलसी बिष्ट, बाबु : श्री टेक बहादुर महर बिष्ट, बाजे : श्री हर्क बहादुर महर बिष्ट
(ग) श्री टेक बहादुर महर बिष्ट, बाबु : श्री हर्क बहादुर महर बिष्ट, बाजे : श्री बहादुर महर बिष्ट
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा न.३
कर्जा : महालक्ष्मी होम ईक्विटी कर्जा (टर्म)
धितो सुरक्षणको विवरण : श्री बहादुर महर बिष्टको नाती श्री हर्क बहादुर महर बिष्टको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ३ बस्ने श्री टेक बहादुर महर बिष्टको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ठा कायम रहेको डडेल्धुरा जिल्ला, सहस्त्रलिङ्ग गा.वि.स. वडा नं. ९ (नक्सा सि.न. ९/ख) स्थित कि.नं ४ र १८ को क्षे.फ. ०-८-३-१ र ३-१३-०-३ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी : श्री लक्ष्मण पार्की
(ना.प्र.न. ५८९/२३२७ जारी स्थान/मिति डडेल्धुरा २०४५/०१/०९)
बाबु : डम्बर बहादुर पार्की, बाजे : खैरे पार्की
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा न. ७
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री लक्ष्मण पार्की, बाबु : श्री डम्बर बहादुर पार्की, बाजे : श्री खैरे पार्की
(ख) श्री बसन्ती देवी पार्की, ससुरा : श्री डम्बर बहादुर पार्की, पति : श्री लक्ष्मण पार्की
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ७
मन्जुरीनामा दिने :
श्री तेज कैनी, बाबु : श्री लक्ष्मण पार्की, बाजे : श्री डम्बर बहादुर पार्की
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ७
कर्जा : बिपन्न वर्ग कर्जा
धितो सुरक्षणको विवरण : श्री खैरे पार्कीको नाती श्री डम्बर बहादुर पार्कीको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ७ बस्ने श्री लक्ष्मण पार्कीको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ठा कायम रहेको डडेल्धुरा जिल्ला उग्रतारा गा.वि.स. वडा नं. ७ (नक्सा सि.न. ७/क) स्थित कि.नं ४६१ को क्षे.फ. १-३-१-३ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

मसुरिया शाखा :

१. ऋणी : श्री लिवाना ट्रेड एण्ड सप्लायर्स (प्रोपाइटर : श्री भिम बहादुर वि.क.)
प्रा.फ.र.नं. २६५९५/०७५/७६ (वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय घनगढी, कैलाली)
दर्ता मिति २०७५/०९/२९
लेखा न. ६०९०५६८६०
फर्मको ठेगाना : गौरीगंगा न.पा. वडा न. ८ कैलाली
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री भिम बहादुर वि.क., बाबु : श्री बहादुरे वि.क., बाजे : श्री पहरामे वि.क.
ख) श्री कोपिला कुमारी दर्जी (वि.क.), बाबु : श्री सिद्ध लाल दमाई, ससुरा : श्री बहादुर वि.क., पति : श्री भिम बहादुर वि.क.
ठेगाना : जिल्ला आछाम ढकारी गा.वि.स. वडा नं. ३ हाल कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८
कर्जा : विपन्न वर्ग कर्जा (टर्म)
धितो सुरक्षणको विवरण : श्री पहरामे वि.क.को नाति श्री बहादुरे वि.क.को छोरा जिल्ला आछाम ढकारी गा.वि.स. वडा नं. ३ मा स्थाई ठेगाना भई हाल कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने श्री भिम बहादुर वि.क.को नाममा मालपोत कार्यालय कैलालीमा दर्ता रहेको कैलाली जिल्ला, मसुरिया गा.वि.स. वडा नं. ५ (नक्सा सि.न. ०२७/०७०८) स्थित कि.नं. ५०२ को क्षे.फ. १६९.३० वर्ग मिटरको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी : पूर्णा देवी सर्विस एण्ड मर्मत सेन्टर (प्रो. श्री सुरेश कामी)
प्रा.फ.द.न. १७१६९ (घरेलु तथा साना उद्योग कार्यालय धनगढी कैलाली)
दर्ता मिति २०७८/६/२०
पान न. ६१४६२३१७०
ठेगाना : भजनी न.पा. वडा न. ५ कुटी कैलाली
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सुरेश कामी, बाबु : श्री बालु कामी, बाजे : श्री मान बहादुर कामी
(ख) श्री मनिसा कामी, बाबु : श्री गोरे तीरुवा, ससुरा : श्री बालु कामी, पति : श्री सुरेश कामी
(ग) श्री डिल्लि विश्वकर्मा, बाबु : श्री अमर सिंह कामी, बाजे : श्री डम्मर कामी
ठेगाना : कैलाली जिल्ला लालबोझी गा.वि.स. वडा न. ४ हाल भजनी न.पा. वडा न. ५, कुटी कैलाली
कर्जा : व्यापार कर्जा
धितो सुरक्षणको विवरण : श्री मान बहादुर कामीको नाति श्री बालु कामीको छोरा कैलाली जिल्ला लालबोझी गा.वि.स. वडा न. ४ मा स्थाई ठेगाना भई हाल भजनी न.पा. वडा न. ५ कुटी कैलाली बस्ने श्री सुरेश कामीको नाममा मालपोत कार्यालय कैलालीमा दर्ता रहेको कैलाली जिल्ला भजनी गा.वि.स. वडा न. ६ (नक्सा सि.न. ६/क) स्थित कि.नं. ८८८ को क्षेत्रफल ०-३-७-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

कुमारीपाटी शाखा :

ऋणी : श्री गुणाँसा भू सप्लार्यस प्रा.लि. (संचालकहरु : श्री विरेन्द्र महर्जन/श्री विष्णु मान महर्जन र श्री श्याम गोविन्द श्रेष्ठ)
दर्ता नं. २२६८३४/०७६/०७७ (कम्पनी रजिष्ट्रारको कार्यालय)
दर्ता मिति २०७६/६/३०
पान न. ६०९६४५९५२
फर्मको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा न. ५ कुमारीपाटी
व्यक्तिगत्त जमानीकर्ताहरु :
(क) श्री विरेन्द्र महर्जन, (ना.प्र.नं. ४२२२४, जारी मिति २०४५/१२/७ जि.प्र.का. ललितपुर)
बाबु : श्री आसालाल महर्जन, बाजे : श्री आसामरु महर्जन
ठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी
(ख) श्री विष्णु मान महर्जन, (ना.प्र.नं. ३२०४२ जारी मिति २०४४/९/१२ जि.प्र.का. ललितपुर)
बाबु : श्री कृष्ण मान महर्जन, बाजे : श्री कृष्ण बहादुर महर्जन
ठेगाना : ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६ लेले
(ग) श्री श्याम गोविन्द श्रेष्ठ, (ना.प्र.नं. १०३२३३ जारी मिति २०५६/९/५ जि.प्र.का. ललितपुर)
बाबु : श्री हरी गोविन्द श्रेष्ठ, बाजे : श्री पुर्ण मान श्रेष्ठ
ठेगाना : ललितपुर जिल्ला छम्पी गा.वि.स. वडा नं. ३ छम्पी
(घ) श्री सरला महर्जन, (ना.प्र.नं. २००२५ जारी मिति २०६०/५/२५ जि.प्र.का. ललितपुर)
बाबु : श्री राम कुमार लिम्बु, ससुरा : श्री आसालाल महर्जन, पति : श्री विरेन्द्र महर्जन
ठेगाना : ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १५ हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी
(ङ.) श्री सन्जु श्रेष्ठ, (ना.प्र.नं. २८-०१-७२-००७६३ जारी मिति २०७२/३/७, जि.प्र.का. ललितपुर)
बाबु : श्री तेज कुमार श्रेष्ठ, ससुरा : श्री पुर्ण मान श्रेष्ठ, पति : श्री श्याम गोविन्द श्रेष्ठ
ठेगाना : काठमाण्डौ जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं. ७ हाल ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं. १४
(च) श्री विमला महर्जन, (ना.प्र.नं. २६२८९ जारी मिति २०६१/१/१०, जि.प्र.का. ललितपुर)
बाबु : श्री सानुकाजी महर्जन, ससुरा : श्री कृष्ण मान महर्जन, पति : श्री विष्णु मान महर्जन
ठेगाना : ललितपुर जिल्ला चापागाउँ गा.वि.स. वडा नं. ४ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६, लेले
कर्जा : व्यवसायीक ओभरड्राफ्ट कर्जा र हायर पर्चेज कर्जा

धितो सुरक्षणहरुको बिवरण : (क) श्री राम कुमार लिम्बुको छोरी, श्री आसालाल महर्जनको बुहारी, श्री विरेन्द्र महर्जनको पत्नी, ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १५ मा स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ५ कुमारीपाटी बस्ने श्री सरला महर्जनको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला धापाखेल गा.वि.स. वडा नं. १ (नक्सा सि.नं. १/क) स्थित कि.नं. ११६३ र १७८४ को क्षे.फ. ०-२-३-० र ०-१२-२-० को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ख) श्री तेज कुमार श्रेष्ठको छोरी, श्री पुर्ण मान श्रेष्ठको बुहारी, श्री श्याम गोविन्द श्रेष्ठको पत्नी, काठमाण्डौ जिल्ला कागेश्वरी मनहरा न.पा. वडा नं. ७ मा स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं. १४ बस्ने श्री सन्जु श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेका ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं. १ (नक्सा सि.नं. १/ग) स्थित कि.नं. ४१९ र ४२३ को क्षे.फ. ०-४-०-० (१२७.१६ ब.मि.) र ०-३-२-१ (११३.२६ ब.मि.) को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ग) श्री कृष्ण बहादुर महर्जनको नाती, श्री कृष्ण मान महर्जनको छोरा, ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ६ लेले बस्ने श्री विष्णु मान महर्जनको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ४ (नक्सा सि.नं. ४/ख) स्थित कि.नं. ५९३ को क्षे.फ ०-८-०-० (२५४.३२ ब.मि.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
ख) श्री गुणाँसा भू सप्लार्यस प्रा.लि.लाई ऋणि कायम गरी यातायात व्यवस्था कार्यालय बाग्मतिमा यस महालक्ष्मी विकास बैंक लि.को नाममा दर्ता कायम रहेका निम्न सवारी साधनहरु :

S.N	Model	Chassis no:	Engine no:	Reg. No.	Mfg. Year
1	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063263	E613CDJH233608	Ba 3 Ka 1999	2018
2	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063258	E613CDJH233445	Ba 3 Ka 1998	2018
3	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063176	E613CDJH232377	Ba 3 Ka 1996	2018
4	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063088	E613CDJH232102	Ba 3 Ka 1989	2018
5	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063179	E613CDJH232416	Ba 3 Ka 1997	2018
6	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063151	E613CDJH232204	Ba 3 Ka 1992	2018
7	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063227	E613CDJH232617	Ba 3 Ka 1994	2018
8	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063173	E613CDJH232425	Ba 3 Ka 1995	2018
9	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063276	E613CDJH233485	Ba 3 Ka 2000	2018
10	TERRA 16 HDR FBT TIPPER	MC2K7ERC0JH063278	E613CDJH233597	Ba 3 Ka 2001	2018

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ।
३. बोलपत्र स्विकृत भएपछि बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/३/३ गते आइतबार (मिति २०८०/३/२ गते शनिबार परेको हुनाले) (कार्यालय समय भित्र)
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०८०/३/४ गते सोमबार (दिनको २ बजे)
स्थान : महालक्ष्मी विकास बैंक लि.का सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

■ संरक्षणको पर्खाइमा ढुंगेधारा...



सूर्यविनायक नपा- ९, अरनिको सडकखण्ड, बाचामारी (भाटेढिकुर)मा रहेको ढुंगेधारा। ०७१ सम्म खानेपानीको स्रोतका रूपमा स्थानीयले प्रयोग गर्दै आएको यो ढुंगेधारामा ०७२ को भूकम्पपछि पानी आउन बन्द भएको छ। पानी आउन छाडेपछि यो धारा खण्डहरमा परिणत भएको छ। अब झन् अरनिको हाइवे विस्तारसँगै धारा नै हट्ने जोखिममा छ। तस्बिर : रासस

प्रेमध्वजको जन्मजयन्तीमा तीन स्रष्टा सम्मानित

ललितपुर/ स्वर्गीय प्रेमध्वज प्रधानको ८७औं जन्मजयन्तीका अवसरमा 'गोल्डेन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठान'द्वारा तीन स्रष्टा सम्मानित भएका छन्। सम्मानित हुनेमा गीतकार किरण खरेल, वरिष्ठ सितारवादक उस्ताज तारावीरसिंह तुलाधर र गायिका मिलन नेवार रहेका छन्।

ललितपुरमा शनिबार आयोजित कार्यक्रममा कवि तथा लोकसंस्कृतिविद् तुलसी दिवसले गीत तथा संगीतका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत वरिष्ठ गीतकार खरेललाई एक लाखसहित प्रेमध्वज प्रधान स्मृति राष्ट्रिय संगीत सम्मान प्रदान गरे। यस्तै, वरिष्ठ सितारवादक तुलाधरलाई ७५ हजारसहित प्रेमध्

■ संगठन विस्तारमा रास्वपाको आक्रामक अभियान

७४ जिल्लामा समिति गठन, चार लाख सदस्यको लक्ष्य

अनिल यादव/नयाँ पत्रिका

गत मंसिरको संसदीय निर्वाचनमा अप्रत्याशित मत पाएको संसद्को चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी संगठन विस्तारको आक्रामक अभियानमा जुटेको छ। निर्वाचनमा प्राप्त मतलाई संगठनमा ढाल्ने र आगामी निर्वाचनका लागि तयारी गर्ने योजनासहित रास्वपा पार्टी बलियो बनाउने रणनीतिमा छ। अन्य दलका भन्दा रास्वपाको संगठन निर्माणको शैली र प्रक्रिया केही फरक छ।

विशेष गरी पार्टीका महामन्त्री डा. मुकुल ढकाल र सहमहामन्त्री कवीन्द्र बुर्लाकोटी संगठन विस्तारका लागि आफैं विभिन्न जिल्ला पुगेका छन्। स्थापना भएको एक वर्ष नपुग्दै रास्वपाले ७४ जिल्लामा आफ्नो संगठन बनाएको छ। डोल्पा, हुम्ला र रुकुम पश्चिमबाहेक सबै जिल्लामा संयोजक र सहसंयोजक तोकिएको पार्टीका सहमहामन्त्रीसमेत रहेका संगठन विभाग प्रमुख बुर्लाकोटीले बताए।

बुर्लाकोटीका अनुसार अनलाइन-अफलाइन गरेर करिब एक लाख २१ हजारले पार्टी सदस्यता लिइसकेका छन्। ६३ हजार तीन सय ७६ को सदस्यता आवेदन भने 'भेरिफाइ' हुन बाँकी छ। यो वर्षभित्र चार लाख सदस्य पुऱ्याउने रास्वपाको लक्ष्य छ। धेरै सदस्यभन्दा गुणस्तरीय सदस्य रास्वपाको लक्ष्य रहेको सहमहामन्त्री बुर्लाकोटी बताउँछन्।

'हाम्रो सदस्यता स्वेच्छिक हो। कुनै पनि फौजदारी अभियोग नलागेको, निर्विवाद र समाजमा राम्रो प्रतिष्ठा भएको इमानदार व्यक्ति पार्टी सदस्य हुने योग्य रहन्छ। सम्भवतः हाम्रो सदस्यता अभियान चार लाखमै सीमित हुन्छ होला। धेरै सदस्य बनाउने नीति छैन, गुणस्तरीय सदस्य बनाउने अभियानमा छौं,' उनले भने, 'धेरै सदस्य बनाउनु भनेको धेरैलाई राजनीति गर्नु भनेको हो, जुन हामी चाहँदैनौं।'

केन्द्रदेखि पालिकासम्म ठूलो आकारको समिति नबनाउने रास्वपाको नीति छ। उपनिर्वाचनसहित गरेर एक सय ३३ क्षेत्रबाट उम्मेदवारी दिएको रास्वपा अहिले देशभर संगठन विस्तारमा लागेको हो। उसले गत मंसिरको निर्वाचनमा समानुपातिकतर्फ पाएको ११ लाख ३० हजार तीन सय ४४ मतलाई संगठनमा रूपान्तरण गरेर जोगाइराख्न रास्वपाले सक्रियता बढाएको हो। अचेल राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयमा रहेका दुवै डेस्क पार्टी सदस्यता लिन इच्छुकहरूको भिडले भरिभराउ छन्। भुइँतलाबाट माथि पहिलो तलामा चढेपछि पार्टीको संगठन विभागको सचिवालय उस्तै व्यस्त छ।

हालै मात्र उसले देशभर निर्वाचन क्षेत्र समिति गठन गरेको छ। पाँच सदस्यीय हुने समितिमा बस्नका लागि रास्वपाले आवेदन मागेको थियो। जसमा हालसम्म देशभरबाट एक हजार एक सय ९४ ले उम्मेदवारी दिएका थिए। आन्तरिक निर्वाचनमार्फत निर्वाचन क्षेत्र समिति गठन भएका छन्। 'विशेष गरी स्थानीय तहदेखि प्रतिनिधिसभासम्मको निर्वाचनमा केन्द्रित भएर सक्रियता बढाउने गरी निर्वाचन क्षेत्र समिति गठन भएको बुर्लाकोटी बताउँछन्।

त्यसअगाडि रास्वपाले सातवटै प्रदेशमा कमिटी गठन गरिसकेको छ। माघ २१ गते गण्डकीबाट सुरु भएको प्रदेश कमिटी गठन अभियान फागुन १३ मा कोसी प्रदेशमा पुगेर टुंगिएको थियो। प्रदेशअनुसार समिति संख्या फरक छन्। सुदूरपश्चिममा ३७, बागमतीमा ७७, कर्णालीमा २७, गण्डकीमा ४३ र लुम्बिनीमा ३३ सदस्यीय समिति गठन भएको सहमहामन्त्री बुर्लाकोटीले जानकारी दिए।

रास्वपाका कोसी प्रदेश संयोजक ओम भण्डारीको दाबीअनुसार एजेन्डा मन पराएर धेरैले सदस्यता लिएका छन्। 'आवेदन दिएकामध्ये धेरैजसोले हाम्रा एजेन्डा मन पराइरहेका छन्। पार्टीभित्र रहेको प्राइमरी इलेक्सन, राइट टु रिजेक्ट, राइट टु रिकललगायतका एजेन्डालाई मन पराएको सुनिन्छ,' उनले भने, 'तपाईंहरूको पार्टी भ्रातृ संगठन नहुने रहेछ, त्यो एकदम मनपऱ्यो भन्ने पनि धेरै छन्। भ्रष्टाचाररहित नेपालको मुद्दाले मान्छेलाई छोएको छ। रास्वपाले केही गर्छ भन्ने पेरेको छ।'





बागमती प्रदेश संयोजक अछुतम लामिछानेले 'समर्थन घन्टीलाई, समर्पण राष्ट्रलाई' भन्दै संगठन विस्तारमा लागिरहेको बताए। 'रास्वपाको बेथितिविरुद्धको आन्दोलनलाई जनताले मन पराइरहेका छन्। अहिलेसम्म शासन गरिरहेका दलहरूबाट जनता आजित भएको देखिन्छ। राष्ट्रियताको सवालमा जनता हाम्रो एजेन्डानजिक देखिन्छन्,' उनको भनाइ छ, 'सत्ता टिकाउने नाममा ठूला पार्टीहरूले गरेका विभिन्न सन्धि-सम्झौताप्रति जनताको वितृष्णा सुनिन्छ। हामीले अहिलेसम्म ठूलो केही काम नगरे पनि यसले गर्छ भन्ने विश्वास र आशा देखिन्छ।'

रास्वपाको जिल्ला कमिटी भने दुई सदस्यीय मात्रै छ। जिल्लामा संयोजक र सहसंयोजक मात्रै तोकिने व्यवस्था रहेको बुर्लाकोटीले बताए। 'प्रदेशलाई अधिकारसम्पन्न बनाउने हाम्रो नीति छ। जिल्ला समन्वय बैठक वर्षमा दुईपटक गर्नुपर्ने प्रावधान छ,' उनले भने, 'जिल्लामा रहेका कार्यालय पनि हटाएर प्रदेशमा सारेका छौं। अरू पार्टीको प्रदेश कमजोर, जिल्ला बलियो देखिन्छ। तर, हाम्रोमा प्रदेशले बढी समन्वयकारी भूमिका खेल्नुपर्ने बनाएका छौं।'

बुर्लाकोटीका अनुसार रास्वपाले अहिलेसम्म देशभरका करिब दुई सय ७० पालिका र सात सय वडामा समिति गठन गरिसकेको छ। वडा र पालिका दुवैको आकार ११ सदस्यीय छ। भदौसम्म देशभरका सबै वडा र पालिकामा कमिटी गठन गरिसक्ने रास्वपाको लक्ष्य छ।

केन्द्रदेखि पालिकासम्म रास्वपाले कमिटी गठन गर्दा ३३ प्रतिशत महिला अनिवार्य राख्ने नीति लिएको छ। 'बरु महिला संख्या नपुगेको ठाउँमा तत्काल खाली राख्छौं, तर ३३ प्रतिशत पुऱ्याएरै छाड्छौं,' उनी भन्छन्। त्यस्तै, ५१ प्रतिशत ४५ वर्षमुनिका युवा हुनुपर्ने प्रावधान रहेको पनि उनले बताए। 'भूगोलअनुसार कमिटीलाई समावेशी बनाएका छौं। जस्तो कि खस-आर्यको कम उपस्थिति रहेको क्षेत्रमा उनीहरूलाई पनि समावेशिताका हिसाबले समेटेका छौं,' उनले भने।

रास्वपाको अहिले ३९ सदस्यीय केन्द्रीय समिति छ।

■ कवीन्द्र बुर्लाकोटी, सहमहामन्त्री, रास्वपा



हाम्रो सदस्यता स्वेच्छिक हो। कुनै पनि फौजदारी अभियोग नलागेको, निर्विवाद र समाजमा राम्रो प्रतिष्ठा भएको इमानदार व्यक्ति पार्टी सदस्य हुने योग्य रहन्छ। सम्भवतः हाम्रो सदस्यता अभियान चार लाखमै सीमित हुन्छ होला। धेरै सदस्य बनाउने नीति छैन, गुणस्तरीय सदस्य बनाउने अभियानमा छौं। धेरै सदस्य बनाउनु भनेको धेरैलाई राजनीति गर्नु भनेको हो, जुन हामी चाहँदैनौं।

यद्यपि, केन्द्रीय समितिको आकार एक सय २१ सदस्यीय रहेकाले बाँकी मनोनयनको क्रममा रहेको सहमहामन्त्री बुर्लाकोटीले बताए। 'यति धेरै ठाउँ खाली राख्नुको कारण हामी हतारमा मनोनीत गरेर पछि पछुताउन चाहँदैनौं। बिस्तारै गर्छौं, तर राम्रा साथीहरू मात्रै जोड्न चाहन्छौं। केन्द्र र प्रदेशका विभागमा उत्कृष्ट प्रदर्शन गर्ने साथीहरूलाई केन्द्रीय समितिमा ल्याउने तयारी छ,' उनले भने।

रास्वपाका अनुसार सदस्यता लिनेमा धेरै युवा छन्। 'करिब ७० प्रतिशत सदस्य २५ वर्षदेखि ४५ वर्षसम्म पुगेको अनुमान छ। हामी १८ र ३५ का बीचका सदस्यमा बढी केन्द्रित हुन चाहन्छौं। अहिले अनुमानित यो संख्या १० प्रतिशत पुगेको छ,' सहमहामन्त्री बुर्लाकोटीले भने।

रास्वपाले पाँच वर्षको सदस्यता शुल्क एक हजार राखेको छ। यद्यपि, आर्थिक रूपमा विपन्नका लागि निःशुल्क दिने व्यवस्थासमेत गरिएको उनले बताए। 'पैसाका कारण हाम्रो पार्टीको सदस्यता लिनबाट कोही पनि वञ्चित नहोस् भन्ने हो। अहिलेसम्म यसरी सात-आठजनाले निवेदन दिइसकेका छन्,' उनले भने।

■ प्रवासमा पनि संगठन

निर्वाचनमा विदेशमा रहेका नेपालीको मताधिकारको एजेन्डा उठाइरहेको रास्वपाले विदेशमा पनि संगठन विस्तार गरिरहेको छ। प्रवासी नेपाली समन्वय विभागका रूपमा विभिन्न देशमा कमिटी गठन भइरहेका छन्। बुर्लाकोटीका अनुसार अहिलेसम्म मलेसिया, दुबई, कतार, साउदी, जापान, कोरिया, युके र अमेरिकामा विभाग गठन भइसकेका छन्। बाँकी देशमा पनि गठन हुने क्रममा छ। विदेशमा रहेकाले पासपोर्ट अपलोड गरेर अनलाइनबाटै सदस्यता लिन सक्ने व्यवस्था छ। 'नेपालमा मात्रै होइन, विदेशमा पनि सदस्य बन्न इच्छुकको संख्या उत्साहजनक,' उनले भने, 'मलेसियामा मात्रै एक वर्षमा ५० हजार सदस्य पुऱ्याउने त्यहाँका साथीहरूको दाबी छ।' विदेश रहेका नेपालीका हकमा 'पेमेन्ट सिस्टम'का कारण सदस्यता शुल्क उठाउन अप्ठ्यारो भइरहेको बुर्लाकोटीले बताए। उनका अनुसार विदेशमा रहेका पार्टी सदस्यले पनि संगठनको आन्तरिक निर्वाचनमा भाग लिन पाउने व्यवस्था छ।

रास्वपामाथि सातो जाने घेराबन्दी छ : लामिछाने



काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टीविरुद्ध घेराबन्दी र बाधाको प्रयास भइरहेको दाबी गरेका छन्। शनिबार काठमाडौंस्थित बुद्धनगरमा आयोजित अर्घाखाँची-काठमाडौं भेलामा सम्बोधन गर्दै लामिछानेले सातो जाने किसिमको घेराबन्दी भए पनि नडराउने बताएका छन्।

'तपाईंहरूलाई अब रास्वपा सरासर सर्र सजिलैसँग जान्छ, ०८४ मा त एकदम सजिलो हुन्छ भन्ने लागेको होला। जनताले देखाएको बाटो त सजिलो छ,' उनले भने, 'तर यो बाटोमा सम्पूर्ण दलले जुन बाधा, जुन घेराबन्दी गर्नेवाला छन्, त्यो सातो जाने खालको छ। तर, हामी डराउँदैनौं। हामीले दिएका विचारको मण्डन गर्ने र अनेक तरिकाले त्यसको व्याख्या गर्ने काम निरन्तर चलिरहन्छ।'

लामिछानेले टेलिभिजन कार्यक्रम चलाउनभन्दा राजनीति गर्नु धेरै कठिन रहेको बताए। 'हामी असन्तुष्टि प्रकट गरिरहन्छौं, असन्तुष्टिको प्रकटले देश नसप्रिने रहेछ,' उनले भने, 'असन्तुष्टि प्रकट गरेर टेलिभिजनमा मलाई सजिलो थियो। तर, अब आफैं गर्छु भनेर आउँदा कैयौं घेराबन्दी र प्रश्नको सामना गर्नुपरेको छ।'

नागरिक विधेयकको मुद्दालाई लिएर पनि आफ्नो पार्टीप्रति गलत भाष्य निर्माण गर्न खोजिएको उनको दाबी छ। राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा नागरिकता विधेयक प्रमाणीकरण गर्नु पनि गलत भएको उनको तर्क थियो।

लामिछानेले रास्वपाका २१ जना सांसद नै 'बाहुबली' भएको दाबी गरे। 'देशको पहरेदारको काम गर्न हामी २१ जना पर्याप्त छौं। हामी बाहुबली नै हौं,' उनले भने, 'कुनै पनि राष्ट्रघाती काम यो सदनमा हुन दिइनेछैन। नेतृत्वको हरेक तह र तप्कामा घन्टी बजेपछि मात्रै यो देशमा परिवर्तन सम्भव छ, नत्र सम्भव छैन।'

नक्कली शरणार्थी प्रकरणमा हाँगाबिँगा मात्रै पक्राउ परेको उनको भनाइ छ। 'हेर्दा पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्री समातिए भन्ने लागेको होला। तर, ती मानिस भ्रष्टाचारको जरा होइनन्, हाँगाबिँगा मात्र हुन्,' उनले भने, 'यसको जरा बाँकी नै छ।'

निर्वाचन प्रणाली व्यवस्थापनका लागि संविधान संशोधन आवश्यक : देउवा

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले निर्वाचन प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन आवश्यक भएको बताएका छन्। कांग्रेस भक्तपुर कार्यसमितिको सम्मेलनको शनिबार उद्घाटन गर्दै उनले समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन गर्नुपर्ने बताएका हुन्। 'समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधानमा रहेको व्यवस्था परिमार्जन गरेर जानुपर्छ। यसका लागि संविधान संशोधन गर्नुपर्छ। संविधान संशोधन गर्न संसद्मा दुईतिहाइ चाहिन्छ। त्यसमा सबै पार्टीमा सहमति भए गर्न नसकिने होइन, हामीले मात्रै केही गर्न सक्दैनौं,' उनले भने।

देउवाले कांग्रेस बलियो भए मात्रै प्रजातन्त्र बलियो हुने बताए। उनले नेता तथा कार्यकर्तालाई पार्टी बलियो बनाउन देशभर तल्लो तहसम्म अभियान लिएर जान निर्देशनसमेत दिए। देउवाले गठबन्धन गरेर निर्वाचनमा जाँदा कांग्रेस देशको पहिलो पार्टी बनेको दाबी गरे। ठूलो पार्टी कांग्रेस गठबन्धन सरकारमा भए पनि सबैलाई चित्त बुझाएर जानुपर्ने बाध्यता रहेको बताए।

नेता डा. शेखर कोइरालाले विगतबाट पाठ सिकेर अघि बढ्न सके कांग्रेस कमजोर नबन्ने बताए। उनले पार्टीको उदारचढावलाई लिएर नेता, कार्यकर्तालाई हीनभावना लिएर नबस्न पनि सचेत गराए।

टोखा-छहरे सुरुङमार्ग राजनीतिक नारा होइन : प्रचण्ड

नुवाकोट/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले टोखा-छहरे सुरुङमार्ग कुनै राजनीतिक विषय नभई बहुआयामिक हितको विषय भएको बताएका छन्। शनिबार पञ्चकन्या गाउँपालिकाको लाकुरीभञ्ज्याङमा पञ्चकन्या गाउँपालिकाका प्रशासकीय भवनको उद्घाटन गर्दै उनले सुरुङमार्गलाई राजनीतिक नारामा सीमित गर्न नहुने बताए।

'यो सुरुङमार्गको निर्माण बहुआयामिक हितका लागि हो। कुनै राजनीतिक आग्रहबाट नभई राष्ट्रको आवश्यकता हो,' उनले भने, 'राष्ट्रको आवश्यकताको हिस्सेदार आफू पनि हुन पाउँदा खुसी लागेको छ। बृहत् हितका लागि भएकाले यसमा राजनीतिक प्रतिबद्धता र एकता हुनुपर्छ। राजनीतिक नारा मात्र बनाउनु हुँदैन।' प्रचण्डले सरकारले राष्ट्रको आवश्यकता ठानेर नै सुरुङमार्गका लागि बजेट विनियोजन गरेको र सुरुङमार्गको निर्माणमा विदेशी लगानीसमेत भित्रिने अपेक्षा राखेको बताए। सरकारले आगामी आर्थिक वर्षको बजेटमा टोखा-छहरे सुरुङमार्गको लागि एक अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ। प्रधानमन्त्री प्रचण्डले नेपालको आर्थिक विकास हुने गरी भारतसँग सम्झौता गरेर आएको बताए।

अर्थमन्त्री डा. प्रकाशशरण महतले किसान र कृषिको विषयलाई प्राथमिकतामा राखेर बजेट बनाइएको बताए। 'जसले उत्पादन गर्छ, उसैलाई नगद दिने, बिचौलियालाई नभई किसानकै हातमा नगद दिने कार्यक्रम आएको छ,' महतले भने, 'यो कार्यक्रममा कृषिको उत्पादकत्व र रोजगारी वृद्धि हुनेछ। नयाँ तरिकाबाट खेती गर्ने, उत्पादन बढाउनेलाई अनुदान दिइनेछ। यसले अनुदानको दुरुपयोग रोकिने विश्वास लिएको छु।' उनले विगतको बजेटमा नुवाकोटमा थोरै मात्र बजेट आउने गरेकोमा यसपटक भने नुवाकोटको आवश्यकतालाई हेरेर बजेट परेको बताए। लाकुरीभञ्ज्याङमा निर्माण भएको गाउँपालिका भवनमा ६ करोड रुपैयाँ खर्च भएको गाउँपालिका अध्यक्ष तेजबहादुर तामाङले जानकारी दिए। २० रोपनी क्षेत्रफलमा बनेको भवनमा २७ कोठा छन्।

कालीगण्डकीमा नुहाउन गएका दुईजना बेपत्ता

नवलपरासी/ पूर्वीनवलपरासीको गैडाकोट नगरपालिका-३ केलादीस्थित कालीगण्डकी नदीमा नुहाउन गएका दुईजना युवा बेपत्ता भएका छन्। जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार शनिबार साँझ ५ बजेतिर नवलपुरको गैडाकोट-२ शिलान्यास चोक निवासी २५ वर्षीय रमेश चालिसे र चितवनको रत्ननगर नगरपालिका- २ टाँडी निवासी २४ वर्षीय सुरज सुवेदी बेपत्ता भएका हुन्। सँगै नुहाउन गएका तीनजनामध्ये बाग्लुङ गल्कोट नगरपालिका- ८ का २८ वर्षीय मुक्तिराम शर्मा भने सकुशल छन्। बेपत्ताको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ । बढ्दो गर्मीका कारण नदी, खोला तथा झरनामा गर्मी छल्न नुहाउन जाने क्रम बढेको छ।

VACANCY

Prabhu Life Insurance Ltd & Mahalaxmi Life insurance ltd. are going to merge and start joint operations soon. Both companies jointly invite applications from highly energetic, qualified, and result-oriented candidates for the following positions.

Branch & Sub-Branch Manager

Qualifications: At least Bachelor's degree in any discipline
Experience: At least 1 year of experience in the Marketing field
No. of Persons Required: Few
Salary/Position: Negotiable based on position, experience, and vision/target
Age: Below 35 Years
Location: Inside and Outside Valley Branches

Province	Location
1	Damak, Harinagara
2	Hariwon
3	Nuwakot, Manthali, Banepa, Hattigauda, Koteshwor, Thankot
4	Lekhnath, Walling, Baglung, Kushma
5	Bardaghat,Sandhikharka, Gulmi
6	Jumla
7	Tikapur, Mahendranagar, Belauri, Dadeldhura

The candidates applying for the above position must have good command over Computer. She/he must have good verbal and written communication skills in both English and Nepali. Likewise, she/he must have a valid driving license. Interested candidates are requested to send their Resume through email with a cover letter and recent photo at **career.pmlil@gmail.com** within the **31st of Ashadh, 2080.**

prabhu Life
विश्वास | सुरक्षा | सम्वृद्धि
प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड प्रधान कार्यालय: कमलादी गणेशस्थान, काठमाण्डौं, नेपाल।
फोन नं.: ०१-४३६२२२३, ४३२६०६४, ४३२६८४६, ४३२६४६८ । टोल फ्री नं.: १६६०० १०१९०१
ई-मेल: info@prabhulife.com | वेबसाइट: www.prabhulife.com

महालक्ष्मी लाईफ इन्स्योरेन्स लि.
Mahalaxmi Life Insurance Ltd.
प्रधान कार्यालय, कमलपोखरी, काठमाडौं । फोन: ९७७ १ ४४३९७७०/७७१/७७२
इमेल: info@mahalaxmilife.com । वेब: www.mahalaxmilife.com
twitter.com/MahalaxmiLife www.facebook.com/MahalaxmiLife

किलोको दुई रुपैयाँ पनि नपाएपछि गोलभेँडा खोलामा फाल्न विवश पाँचखालका किसान

काभ्रेमा **इन्द्रबहादुर थापा**

काभ्रे पाँचखाल नगरपालिका-६ का जयराम दनुवारलाई हिजोआज निद्रै लाग्दैन। खेतभरि लटरम्म फलेको गोलभेँडा पाकेर राताम्मे भएको खेतको चिन्ताले सताउँछ। खेतमा राताम्मे गोलभेँडा पाकेको छ, तर बिक्री हुँदैन। दनुवारले पाँचखाल नगरपालिका-६ मा ६-सात रोपनी जग्गा लिजमा लिएर गोलभेँडा खेती गरेका थिए। केजीको दुई रुपैयाँमा पनि बिक्री नभएपछि खोलामा लगेर फाल्नुपर्ने विवशतामा दनुवार छन्।

'केही हुन्छ कि भनेर अर्काको जग्गा लिजमा लिएर गोलभेँडा लगाएको थिएँ। गोलभेँडा पनि राम्रै फल्यो, तर बेच्ने वेलामा भाउ नै छैन,' उनले भने, 'दुःख गरेर गोलभेँडा फलायौं, तर बेच्ने वेलामा व्यापारीले लिनै मान्दैन। भाउ नै छैन भन्छ। क्रेटको ५० रुपैयाँदेखि दुई सयसम्म दिन्छ, त्यो पनि पाकेको जति लाँदैन।'

दनुवारले प्रतिरोपनी १५ देखि २० हजार वार्षिक जग्गा भाडा तिर्नुपर्ने हुन्छ। गोलभेँडाले भाउ नपाउँदा भाडा तिर्न नसक्ने अवस्था आएको उनले बताए। '६-सात रोपनी जग्गा लिजमा लिएर गोलभेँडा लगाएको छु। प्रतिरोपनी १५ देखि २० हजारसम्म वार्षिक भाडा तिर्नुपर्ने हुन्छ। वार्षिक करिब एक लाख २० हजारजति जग्गाभाडा तिर्नुपर्छ,' उनले भने, 'जग्गाको भाडा पनि तिर्न नसक्ने हो कि भन्ने चिन्ताले राति निद्रै लाग्दैन।'

जेनतेन गरेर फलाएको तरकारीले भाउ नपाएपछि मर्कामा परेको दनुवारले बताए। 'हामीले समयमै मल पाउँदैनौं, पाइहाले पनि एक हजारको मललाई दुई-तीन हजार तिर्नुपर्ने हुन्छ। अनुदानको मल पाउने त सम्भावना नै छैन। पाँच किलो मललाई दिनभर लाइन बस्नुपर्छ,' उनले भने, 'ती समस्या झेलेरै भए पनि उत्पादन गर्‍यौं, बिक्री गर्ने वेलामा भाउ नै आउँदैन। बिक्री नभएपछि फाल्नुपर्ने विवशता छ।'



शुक्रबार पाँचखाल नगरपालिका- ६ दुलालथोकबाट लगेको ९० क्रेट गोलभेँडा झिगुखोलामा फाल्दै व्यवसायी। तस्बिर : सामाजिक सञ्जाल

पाँचखाल नगरपालिका-६ का माइला दनुवार टन्टलापुर घाममा पसिना पुछ्दै खेतको गरामा गोलभेँडाको दाना सुमसुम्याउँदै थिए। राताम्य गोलभेँडाको दाना सुमसुम्याउँदै दनुवारले दुखेसो पोखे, 'जग्गा भाडामा लिएर गोलभेँडा खेती गरियो, तर बेच्ने वेलामा दुई रुपैयाँ किलो पनि बिक्री हुँदैन।' शुक्रबार मात्र छिमेकीको गोलभेँडा बिक्री नभएर खोलामा लगेर फालेको उनले बताए। खेतमै कुहाउँदा अम्लीयपन बढ्ने डरले खोलामा फालेको उनको भनाइ छ। तीन-चार दिनमा टिपिरहनुपर्ने गोलभेँडा बिक्री नभएका कारण सात-आठ दिनदेखि नटिपेको उनले बताए।

पाँचखाल नगरपालिका-३ का श्यामकुमार शाहको पीडा पनि जयराम र माइलाको भन्दा फरक छैन। अहिले बजारमा प्रतिक्रेट ५० रुपैयाँमा बिक्ने गरेको उनले बताए। 'गोलभेँडाको भाउ नै छैन, किलोको दुई रुपैयाँ पर्ने रहेछ,' शाहले भने, 'टिपेको ज्याला पनि आउँदैन। तर खेतमै कुहाउनुभन्दा दुई-चार सय भने पनि आउँछ। बच्चाहरूलाई कापीकलम किन्न भए पनि हुन्छ भनेर टिपेको, व्यापारीले लान्छन् कि लाँदैनन् ठेगान छैन।' पाँचखाल नगरपालिका-६ का चिरञ्जीवी तिमल्सिना, वडा नम्बर ४ का शिवराज दनुवार, वडा नम्बर ४ की सञ्जिता दनुवार, वडा नम्बर ६ का किरण दनुवार, राधिका दनुवारलगायतको हालत पनि उस्तै छ।

■ भारतीय गोलभेँडाका कारण नेपाली गोलभेँडाले भाउ पाएन

पाँचखाल नगरपालिका-६ का चिरञ्जीवी तिमल्सिनाले भारतीय गोलभेँडा नेपालमा भित्रिएकाले नेपाली गोलभेँडाले बजार नपाएको तर्क राखे। भारतीय गोलभेँडा रोकेमा आफूहरूको गोलभेँडाले बजार पाउने र मूल्य पनि पाउने उनको भनाइ छ। पाँचखाल नगर प्रमुख महेश खरेलले पनि सिमानामा चेकजाँचविनै तरकारी नेपाल भित्रिएका कारण नेपाली तरकारीले बजार नपाएको बताए। भारतीय तरकारी नरोकेसम्म नेपाली तरकारीले भाउ पाउने सम्भावना नै नरहेको उनको भनाइ छ। 'यो त पाँचखालको मात्र होइन, देशकै समस्या हो। भारतीय तरकारी नरोकेसम्म नेपाली तरकारीले भाउ पाउने सम्भावना छैन,' उनले भने, 'त्यसमा हामीले के गर्न सक्छौं र, संघीय सरकारले नै रोक्नुपर्छ।'

पाँचखाल नगरपालिकाले दीर्घकालीन समस्याको समाधानका लागि हरित महिला औद्योगिक ग्रामको परिकल्पना गरेको खरेलले बताए। बजेटको व्यवस्था गरेर एक सय रोपनी जग्गामा उद्योग सञ्चालनका लागि टेन्डरको प्रक्रियामा पुगिसकेको उनको भनाइ छ। त्यसमा ५० भन्दा बढी उद्योग सञ्चालन हुने र स्थानीय उत्पादनलाई उद्योगमार्फत प्याकेजिङ गरेर बजार पठाउने उनले बताए।



बागमतीमा संसदीय समिति गठनमा सत्तापक्ष उदासीन

सदनबाट बजेट पास गरेपछि मात्रै संसदीय समिति गठनको विषयमा छलफल गर्ने रणनीतिमा मुख्यमन्त्री जम्कट्टेल

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको साढे पाँच महिना पुग्न लागेको छ। तर, मिनी संसद्को रूपमा चिनिने संसदीय समिति गठन हुन सकेको छैन। समिति गठनमा सरकार र सत्तापक्ष नै उदासीन देखिएका छन्।

गत १४ पुसमा बागमती प्रदेश सभाका सदस्यले शपथ लिएपछि प्रदेश सभाको दोस्रो कार्यकालले आफ्नो काम थालेको थियो। तर, अहिलेसम्म प्रदेशमा बन्नुपर्ने पाँचवटा संसदीय समिति गठनको कुरा त परै जाओस्, सत्तापक्षकै दलहरूले समितिमा सदस्यको नामावलीसमेत नपठाएको बागमती प्रदेश सभा सचिवालयले जनाएको छ। प्रदेश सभा सचिवालयका प्रवक्ता मनोज गुप्ताका अनुसार प्रमुख प्रतिपक्षी दल एमालेले समितिमा रहने आफ्ना सांसदको नाम पठाए पनि कांग्रेस, राप्रपा र एकीकृत समाजवादीले सदस्यहरूको नामावली अहिलेसम्म पठाएका छैनन्। तीन सांसद रहेको नेमकिपा र दुईजना सदस्य रहेको हाम्रो नेपाली पार्टीले संसदीय समिति गठन भए कुनै पनि वेला नाम दिन सक्ने बताउँदै आएको प्रवक्ता गुप्ताले बताए।

मुख्यतः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको उदासीनता र दलहरूबीच सभापतिको भागबन्डा नमिल्दा समिति गठनमा ढिलाइ भइरहेको स्रोतको दाबी छ। मुख्यमन्त्री जम्कट्टेल आगामी आर्थिक वर्षको बजेट सदनबाट पास गरेपछि मात्रै समिति गठनको विषयमा छलफल गर्ने मुडमा छन्। उनलाई समिति गठनमा देखिएको विवादकै कारण पनि बजेट पास नहोला कि भन्ने डर छ। मुख्यमन्त्री जम्कट्टेललाई सत्ता साझेदार दलबीच पनि समितिको सभापतिको भागबन्डा मिलाउन समस्या छ। संसद्मै ठूलो र सत्ता सहयोगी दल कांग्रेस र एकीकृत समाजवादीले समितिको सभापतिमा गरिरहेको दाबीले पनि मुख्यमन्त्री जम्कट्टेल सकसमा परेका छन्। संसद्कै ठूलो दल भएकाले अधिकांश समितिको सभापति आफूले पाउनुपर्ने कांग्रेसको दाबी छ। एकीकृत समाजवादीले पनि दुइटा समितिको सभापति दाबी गर्दै आएको छ।

सार्वजनिक लेखा समितिको सभापति स्वतः प्रतिपक्षी दलले पाउने प्रचलन छ। तर, प्रमुख प्रतिपक्षी दल एमालेले सत्तापक्षले सरकार चलाउने भएपछि संसदीय समितिहरूको जिम्मेवारी आफूले पाउँनुपर्ने दाबी गर्दै आएको छ। यसअघि कांग्रेस प्रमुख प्रतिक्षी दल हुँदा पनि यही अडानका कारण तत्काल समिति गठन हुन सकेको थिएन। बागती प्रदेश सभामा प्रदेश मामिला, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति र उद्योग पर्यटन तथा वातावरण समिति गरी पाँचवटा समिति छन्।

प्रदेशमा संसदीय समिति गठन नहुँदा यसको अभाव कानुन निर्माण प्रक्रियामा प्रस्टै देखिएको छ। संसदीय समिति गठन नहुँदा पर्याप्त छलफल नै नगरी प्रतिनिधिसभाले पास गरी प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पठाएको एउटा विधेयक सुझाबसहित फिर्ता भएको छ। बागमती प्रदेशमा प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेश सभामा सुझाबसहित फिर्ता पठाएका हुन्। चिठ्ठा विधेयक गत १२ वैशाखमा प्रदेश सभाले पारित गरी प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाएको थियो।

प्रदेश सभाले दोस्रो कार्यकाल सुरु गरेयता चारवटा विधेयक पास गरेकोमा चिठ्ठा विधेयक फिर्ता भएको हो। संसदीय समिति गठन नहुँदा पछिल्लो समय पारित भएका विधेयकमा समेत यसको प्रत्यक्ष असर देखिएको प्रदेश सभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले बताए।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०/०२/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

गोलबजार शाखा, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.र.नं. २२८६ अन्तर्गत मिति २०६८/१२/०९ मा दर्ता कायम भएको **शिव गंगा वस्त्रालय एण्ड शशि रेडिमेड सेन्टर** फर्म दर्ता ठेगाना : चन्द्रलालपुर - १ (गोलबजार - ८), सिरहा स्थायी लेखा नं. ३०२९१२७३१, मिति २०६५/०५/०८ **प्रोप्राईटर : शशि कुमार सिंह** ना.प्र.नं. १९६५४०१०/१०७० जारी मिति २०६२/०५/२६, जि.प्र.का. सिराहा बाबुको नाम : रोहित महतो बाजेको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रलालपुर - ७, सिरहा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**रोहित महतो** ना.प्र.नं. ९५६/१०५९ जारी मिति २०४४/१२/२४ जि.प्र.का. सिराहा बाबुको नाम : गजाधर महतो बाजेको नाम : रामफल महतो स्थायी ठेगाना : चन्द्रोदयपुर - ५, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा

व्यक्तिगत जमानत दिनेको विवरण

सुनिता सिंह ना.प्र.नं. १५१०२२/११० जारी मिति २०६५/०७/०१ जि.प्र.का. सिराहा बाबुको नाम : सुकदेव महतो पतिको नाम : शशि कुमार सिंह ससुराको नाम : रोहित महतो स्थायी ठेगाना : धनगढी - २, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा	**मिना देवी महतो** ना.प्र.नं. ५९३ जारी मिति २०५४/०४/०८ जि.प्र.का. सिराहा बाबुको नाम : कुशेश्वर प्र. महतो पतिको नाम : रोहित महतो ससुराको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रोदयपुर - ५, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा

ऋणीको विवरण

२. मिना देवी महतो
ना.प्र.नं. ५९३ जारी मिति २०५४/०४/०८, जि.प्र.का. सिराहा
बाबुको नाम : कुशेश्वर प्र. महतो
पतिको नाम : रोहित महतो
ससुराको नाम : गजाधर महतो
स्थायी ठेगाना : चन्द्रोदयपुर - ५, सिराहा
हालको ठेगाना : गोलबजार - ८, सिराहा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

रोहित महतो ना.प्र.नं. ९५६/१०५९ जारी मिति २०४४/१२/२४, जि.प्र.का. सिराहा बाबुको नाम : गजाधर महतो बाजेको नाम : रामफल महतो स्थायी ठेगाना : चन्द्रोदयपुर - ५, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा	**शशि कुमार सिंह** ना.प्र.नं. १९६५४०१०/१०७० जारी मिति २०६२/०५/२६, जि.प्र.का. सिराहा बाबुको नाम : रोहित महतो बाजेको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रलालपुर - ७, सिरहा
सुनिता सिंह ना.प्र.नं. १५१०२२/११० जारी मिति २०६५/०७/०१, जि.प्र.का. सिराहा बाबुको नाम : सुकदेव महतो पतिको नाम : शशि कुमार सिंह ससुराको नाम : रोहित महतो स्थायी ठेगाना : धनगढी - २, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा	**आशा कुमारी महतो** ना.प्र.नं. १५३०६८/२७२ जारी मिति २०६३/११/०५, जि.प्र.का. सिराहा बाबुको नाम : भोला प्रसाद महतो पतिको नाम : संजय कुमार महतो ससुराको नाम : गजाधर महतो स्थायी ठेगाना : चन्द्रोदयपुर- ५, सिराहा हालको ठेगाना : गोलबजार - ८, सिराहा

धितोको विवरण

घर/जग्गाको विवरण

१) गजाधर महतोको नाती, रोहित महतोको छोरा, शशि कुमार सिंहको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेष्ता कायम रहेको
क) सिराहा जिल्ला, चन्द्रोदयपुर गा.वि.स./न.पा. वडा नं. ७ ख स्थित कित्ता नं. ३१२२, ३१२३ र ३१२६ को क्षेत्रफल क्रमशः ०-०-७, ०-०-५ र ०-७-५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. २३२ को क्षेत्रफल ०-१-०.२५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२) रामफल महतोको नाती, गजाधर महतोको छोरा, रोहित महतोको नाममा मालपोत कार्यालय, लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ६७० र ६७३ को क्षेत्रफल क्रमशः ०-०-१४.५० र ०-१-१५ विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३) गजाधर महतोको बुहारी, रोहित महतोको पत्नी, मिना देवी महतोको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेष्ता कायम रहेको
क) सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. २३३ र ३०५६ को क्षेत्रफल क्रमशः ०-१-०.२५ र ०-१-६ विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख) सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ३६०३, ३६०४ र ३६०५ को क्षेत्रफल क्रमशः ०-१-०-१०, ०-०-१८-१० र ०-०-६-१२ विगाहा को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चाराली शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
विर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विर्तामोड, झापा, १ नं. प्रदेशमा प्र.प.नं. १९६५ अन्तर्गत मिति २०७७/०६/१८ मा दर्ता कायम भएको **प्रश्ना कपडा पसल** फर्म दर्ता ठेगाना : विर्तामोड न.पा. वडा नं. ४, झापा स्थायी लेखा नं. ६१३८९६३७९, मिति २०७७/०६/१९ **प्रोप्राइटर तथा जमानतकर्ता : कमला विश्वकर्मा** ना.प्र.नं. ०४-०१-७१-०९७६१ जारी मिति २०७१/०९/०२, जि.प्र.का. झापा बाबुको नाम : खम्ब सिंह विश्वकर्मा पतिको नाम : चेत बहादुर विश्वकर्मा ससुराको नाम : विर बहादुर विश्वकर्मा स्थायी ठेगाना : मेचीनगर न.पा. वडा नं. १०, झापा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**चेत बहादुर विश्वकर्मा** ना.प्र.नं. ०४३००३/१८३७ जारी मिति २०६३/१२/०७ जि.प्र.का. झापा बाबुको नाम : विर बहादुर विश्वकर्मा बाजेको नाम : नर बहादुर विश्वकर्मा स्थायी ठेगाना : मेचीनगर न.पा. वडा नं. ०१, झापा

धितोको विवरण

जग्गाको विवरण

खम्ब सिंह विश्वकर्माको छोरी, विर बहादुर विश्वकर्माको बुहारी, चेत बहादुर विश्वकर्माको पत्नी, कमला विश्वकर्माको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला, धाइजन गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ६६२९ र ६६२५ को क्षेत्रफल क्रमशः ०-१-४.५-० र ०-०-१२.५-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

हेटौंडा बैंकरोड शाखा, मकवानपुर

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.नं. ३६५८/९४/२०६९/२०७० अन्तर्गत मिति २०६९/०५/१० मा दर्ता कायम भएको **माँ काली ट्रेडर्स** फर्म दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. १०, मकवानपुर स्थायी लेखा नं. ६००६१३८२८, मिति २०६९/०५/११ **प्रोप्राइटर : देवेन्द्र ढुंङ्गाना** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**२.** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.नं. ९३३८/६१६/२०७१/२०७२ अन्तर्गत मिति २०७२/०३/०९ मा दर्ता कायम भएको **डि.आर.डी. निर्माण सामग्री उद्योग** फर्म दर्ता ठेगाना : हाँडीखोला वडा नं. २, मकवानपुर स्थायी लेखा नं. ६०३२५१४२९, मिति २०७२/०३/१० **प्रोप्राइटर : रमा कुमारी खतिवडा** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

देवेन्द्र ढुंङ्गाना ना.प्र.नं. ३३८ जारी मिति २०५९/०५/२८, जि.प्र.का. मकवानपुर बाबुको नाम : बासुदेव ढुंङ्गाना बाजेको नाम : हरिलाल ढुंङ्गाना स्थायी ठेगाना : हेटौंडा - १०, मकवानपुर हालको ठेगाना : हेटौंडा - १०, मकवानपुर	**रमा कुमारी खतिवडा** ना.प्र.नं. ३७/२५३५० जारी मिति २०६२/०४/१०, जि.प्र.का. मकवानपुर बाबुको नाम : भिम प्रसाद खतिवडा पतिको नाम : देवेन्द्र ढुंङ्गाना ससुराको नाम : बासुदेव ढुंङ्गाना स्थायी ठेगाना : हेटौंडा ०५, मकवानपुर हालको ठेगाना : हेटौंडा ०५, मकवानपुर

धितोको विवरण

जग्गाको विवरण

हरिलाल ढुंङ्गानाको नाती, बासुदेव ढुंङ्गानाको छोरा, देवेन्द्र ढुंङ्गानाको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको
क) मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थित कित्ता नं. ५९२९ र ५९१३ को क्षेत्रफल क्रमशः ०-०-१० र ०-०-१४.२५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।
क) मकवानपुर जिल्ला, पदम पोखरी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ११५० र १२०७ को क्षेत्रफल क्रमशः ०-९-८ र ०-१४-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०३/१० गते (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०३/११ गते
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

■ प्रधानमन्त्रीसहित मन्त्रीहरूले गरे पशुपतिनाथको दर्शन



पशुपतिनाथ मन्दिरको शनिबार दर्शन गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत। प्रचण्डले भारतको उज्जैनस्थित ज्योतिर्लिंग महाकालेश्वरबाट ल्याएको जल पशुपतिनाथमा चढाएका थिए। तस्बिर : रासस

नेकपा ब्युँताउन माधव नेपालको प्रस्ताव



काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ब्युँताउने प्रस्ताव गरेका छन्। शनिबार एकीकृत समाजवादी भक्तपुरको पहिलो जिल्ला अधिवेशनमा उनले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीलाई तत्कालीन एमाले र माओवादीबीच एकीकरण भएर बनेको नेकपा ब्युँताउने प्रस्ताव गरेका हुन्। 'हाम्रो पार्टी अर्को कुनै पार्टीमा गएर विलय हुनेवाला छैन। हामी हुन्छ भने पुरानो पार्टी फेरि ब्युँताउँछौं, प्रचण्डजीलाई भन्छु म आउनुहोस्, हामी तयार हुन्छौं, केपीजी तयार हुन्छन् ? नेपाल कम्युनिस्ट पार्टी नेकपा फेरि ब्युँताऔं,' उनले भने।

नेपालले एमालेले ७० वर्षको उमेरहद हटाएकोमा पनि कटाक्ष गरे। 'सल्लाहकार भएर बसे हुँदैन, केटाहरूले राम्रो काम नगरे फेरि आएर जिम्मा लिए भइहाल्छ नि ! ७० वर्ष नाघेकालाई बोलाउने, हामी त भयो अब आराम गर्नुहोस्, सल्लाहकार भएर बस्नुस् भन्छौं, मेरो उमेर भए म पनि बस्छु,' उनले भने।

आधा जलेको शव प्रहरी नियन्त्रणमा

सर्लाही/ श्रीमान्को कुटपिटबाट सर्लाहीमा एक महिलाको मृत्यु भएको छ। शनिबार हरिपुर नगरपालिका-६ बस्ने इन्द्रकला देवीको मृत्यु भएको हो। इन्द्रकलाको शव आधा जलेको अवस्थामा प्रहरीले चिताबाट निकालेर नियन्त्रणमा लिएको छ। कुटपिटबाट मृत्यु भएकी महिलाको शव गुपचुप जलाउँदै गरेको खबर पाएपछि गएको प्रहरी टोलीले शव नियन्त्रणमा लिएर परीक्षणका लागि प्रदेशिक अस्पताल जनकपुरधाम पठाएको छ। शव जलाउँदै गरेका ६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

इन्द्रकलालाई २२ जेठमा उनका श्रीमान् राजाराम साहले मरणासन्न हुने गरी कुटपिट गरेका थिए। श्रीमान्को निर्घात कुटाइबाट गम्भीर घाइते भएकी उनलाई तत्काल नवलपुरस्थित अस्पताल पुऱ्याइएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि तत्काल वीरगन्ज लगिएको आफन्तको भनाइ छ। वीरगन्जबाट इन्द्रकलालाई २३ जेठमै घर ल्याई राखेको अवस्थामा स्वास्थ्य बिग्रिएपछि भोलिपल्ट जनकपुर पुऱ्याइएको थियो।

उपचारको क्रममा स्वास्थ्य अवस्था थप जटिल बनेपछि उपचार नगरी शनिबार बिहान जबर्जस्ती घर ल्याउने क्रममा उनको बाटोमै मृत्यु भएको हो। घटनाबारे कसैलाई जानकारी नदिई शव जलाउन खोजेको पाइएको इलाका प्रहरी कार्यालय हरिपुरले जनाएको छ। मृतकका श्रीमान् कुटपिट घटनालगत्तै फरार रहेको र उनको खोजी भइरहेको एसपी नरेन्द्रराज सुवेदीले जानकारी दिए।

कैलालीमा तापक्रम ४०.६ डिग्री, धमाधम विद्यालयमा बिदा दिइँदै

धनगढी/ कैलालीमा केही दिनयता बढेको गर्मीले जनजीवन प्रभावित बनेको छ। अत्यधिक गर्मीले तातो लु चल्न थालेपछि दिउँसोको समयमा मानिसलाई घरबाहिर निस्किन समस्या हुने गरेको छ। गर्मी बढेपछि धनगढी, अत्तरियालगायत बजारमा दिउँसो मानिसको चहलपहल घटेको छ।

गर्मी अत्यधिक बढ्दा मजदुरी गर्नेहरू बढी मारमा परेका छन्। महाकाली बेसिन फिल्ड कार्यालय अत्तरियाका अनुसार तीन दिनयता कैलालीमा अधिकतम तापक्रम ४० डिग्री र न्यूनतम तापक्रम २२ डिग्री सेल्सियसभन्दा माथि छ। शनिबार अधिकतम तापक्रम ४०.६ र न्यूनतम तापक्रम २३.६ डिग्री सेल्सियस मापन भएको छ। यो यस वर्षको हालसम्मकै उच्च तापक्रम हो।


शुक्रबार अधिकतम ४०.५ र न्यूनतम २२.७ डिग्री तथा बिहीबार अधिकतम ४०.५ र न्यूनतम २२.६ डिग्री सेल्सियस मापन भएको कार्यालयका मौसम विज्ञान सहायक सिंगल चौधरीले जानकारी दिए। चौधरीका अनुसार यस वर्ष सबैभन्दा बढी अधिकतम तापक्रम ४०.६ डिग्री सेल्सियस मापन भएको छ। मनसुन सुरु नभएसम्म गर्मी कायम रहने सम्भावना रहेको उनले बताए।

मजदुरी गरेर दैनिकी चलाउनेहरू गर्मीका कारण काम गर्न नसक्दा बढी मारमा परेका छन्। धनगढीमा अटोरिक्सा चलाउँदै आएका बलराम चौधरीले गर्मीले काम गर्न सक्ने अवस्था नरहेको बताए। 'तातो हावा चल्न थालेको छ। यस्तो गर्मीमा दिउँसो रिक्सा चलाउन निकै गाह्रो हुन्छ,' उनले भने, 'गर्मीले यात्रु पनि कमै पाइन्छन्। पहिलेभन्दा कमाइ घटेको छ।'

जनजीवन प्रभावित हुने गरी गर्मी बढेपछि स्थानीय तहहरूले विद्यालयमा बिदा दिन थालेका छन्। धनगढी उपमहानगरपालिका र टीकापुर नगरपालिकाले विद्यालयमा सार्वजनिक बिदा दिएका छन्। धनगढी उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले आइतबारबाट लागू

११ अगस्टमा गदर २

सन्नी देओल र अमिषा पटेलको मुख्य भूमिका रहेको फिल्म 'गदर २' ११ अगस्टदेखि प्रदर्शनमा आउने भएको छ। यस फिल्ममा सिमरत कौर, लव सिन्हा, मनीष बाधवालगायत कलाकारको मुख्य भूमिका छ। यो फिल्म २२ वर्षअघि प्रदर्शनमा आएको गदरको सिक्वेल हो।





निर्देशक आग्री सम्मानित

फिल्म तथा म्युजिक भिडियो निर्देशक जिबी आग्रीलाई सुदूरपश्चिमाञ्चल कला प्रतिष्ठानले 'सुपक राष्ट्रिय सम्मान २०८०' बाट सम्मान गरेको छ। कञ्चनपुरको पुनर्वासका स्थायी बासिन्दा आग्री दुई दशकदेखि काठमाडौंमा चलचित्र निर्माता तथा निर्देशकका रूपमा सक्रिय छन्।

पिसाबको संक्रमणबाट जोगिन



बालबच्चाको ख्याल गरौं

पिसाबको संक्रमणबाट बालबालिकालाई जोगाउनका लागि केही कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ। कम उमेरका बच्चालाई डाइपर समयमै फेरिदिनुपर्छ। बच्चामा पिसाब फेर्न जाँदा पूरै पिसाब नफेर्ने बानी हुन सक्छ, उनीहरूको पिसाब क्लियर भए-नभएको विषयमा अभिभावकले सोध्नुपर्छ। पिसाब क्लियर हुने गरी फेर्ने बानीको विकास गराउनुपर्छ। बालिकालाई पिसाब फेरिसकेपछि मूत्रप्रणालीको बाहिरी अंग सफा गर्न सिकाउनुपर्छ। कतिपय बच्चाहरू पिसाब रोकेर बस्छन्। मूत्रथैलीमा पिसाब थिग्रेर बस्दा त्यहाँ ब्याक्टेरिया फैलने खतरा हुन्छ। त्यसैले पिसाब रोकेर बस्नुहुँदैन भनेर सिकाउनुपर्छ। बच्चामा संक्रमणका कुनै लक्षण देखिएमा तत्कालै युरोलोजिस्टसँग सम्पर्क राख्नुपर्छ।



डा. दीपक रौनियार
युरोलोजिस्ट
लाइफ इन्टरनेसनल क्लिनिक

मिर्गौंलाबाट मूत्रथैली हुँदै मूत्रनलीबाट बाहिर निस्कने जुनसुकै ठाउँमा हुने कीटाणुको संक्रमण नै पिसाबको संक्रमण हो। यौनांगको सरसफाइ नगर्दा पिसाबको संक्रमण हुने जोखिम रहन्छ। शरीरको कुनै भागमा भएको संक्रमण पिसाब नलीमा पुग्यो भने पनि संक्रमण हुने गर्छ। लामो समयसम्म पिसाबको संक्रमण भइरह्यो भने मिर्गौंलामा पिप जम्नेलगायत समस्या हुन्छ र थप जटिलता आउँछ।

जोखिम समूह

पिसाबको संक्रमण सबै उमेरसमूहका मानिसलाई हुन सक्छ। पुरुषमा पिसाब थैलीबाट पिसाब फर्केर माथि जान्छ, पिसाब राम्ररी निख्रेको छैन वा पिसाब नली साँघुरो छ भने संक्रमण हुने जोखिम धेरै हुन्छ।

पुरुषलाई भन्दा महिलालाई पिसाबको संक्रमण बढी हुने गर्छ। महिलाको पिसाब नली सानो हुन्छ भने पुरुषको नली लामो हुने भएकाले बाहिरी संक्रमण पुरुषलाई कम हुने हुन्छ। महिलामा नली सानो हुने, महिनावारी हुने नली र दिसा गर्ने नली सँगसँगै हुने भएकाले बाहिरी संक्रमण छिटो हुने सम्भावना हुन्छ।

महिलालाई बाहिरी संक्रमण बढी हुनुको कारण कुनै एक नलीमा भएको इन्फेक्सन अर्कोमा सजिलै सर्नु पनि हो। महिलालाई एकपटक संक्रमण भएपछि प्रायः दोहोरिरहन्छ। औषधि खाँदा ती गन्थ्रीमा कीटाणु सुषुप्त अवस्थामा बस्छन् र बिस्तारै औषधिको काम कम हुन थालेपछि ती कीटाणु फेरि सक्रिय हुन थाल्छन् र संक्रमण दोहोरिरहन्छ।

संक्रमण भएको कसरी थाहा पाउने ?

- पिसाब पोल्ने
- छिनछिनमा पिसाब लाग्ने
- पिसाब चुहिने
- कम पिसाब हुने
- पिसाब गर्दा रगत जाने
- पिसाब गरेपछि पनि तल्लो पेट भारी हुने, दुख्ने
- कोखा दुख्ने, कामज्वरोसहित उच्च ज्वरो आउने आदि।

संक्रमणबाट कसरी बच्ने ?

- सरसफाइमा ध्यान दिने
- शौचालय सधैं सफा राख्ने
- महिनावारीको समयमा प्याड समय-समयमा परिवर्तन गरिरहने
- तीन-तीन महिनामा पिसाबको जाँच गर्ने
- प्रशस्त पानी पिउने
- पिसाबसम्बन्धी कुनै पनि समस्या देखिएमा स्वास्थ्य संस्थामा गई चिकित्सकको सल्लाहबमोजिम उपचार गर्ने।

सोक्लामा रक क्लाइम्बिङको मज्जा

पछिल्लो समय दोलखाको भीमेश्वर नगरपालिका- २, सोक्ला भिर 'रक क्लाइम्बिङ'का पारखीहरूको रोजाइमा पर्न थालेको छ। यात्रासँगै साहसिक खेलको मज्जा लिन चाहनेका लागि यो एक राम्रो गन्तव्य हुन सक्छ। यहाँबाट गौरीशंकर हिमशृंखलाको मनोरम दृश्य अवलोकन गर्न पाइन्छ। तामाकोसी नदी, अर्गानिक लोकल खाना, मनोरम दृश्य, झरना र स्थानीय संस्कृतिले यात्रालाई अविस्मरणीय बनाउँछ।



कसरी पुग्ने ?

पहिलो दिन : काठमाडौंबाट झन्डै पाँच घन्टामा चरिकोट पुगिन्छ। कालोपत्रे बाटो रहेकाले आफ्नै बाइक वा निजी सवारीमा जान सकिन्छ। चरिकोटमा प्रशस्त होटेलहरू पाइन्छन्।



सञ्जीव गुरुङ
पथप्रदर्शक
ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन

दोस्रो दिन : बिहानै उठेर दोलखा भीमसेन दर्शन गर्ने अनि खाना खाएपछि एक घन्टा ३० मिनेट ओरालो पैदल यात्रा गरेर सोक्ला रक स्पट पुगिन्छ। दिनभर क्लाइम्बिङमा रमाएर बेलुकी होम स्टेमा वास बस्न सकिन्छ।

तेस्रो दिन : बिहानको नास्तापछि दुई घन्टा उकालो पैदल यात्रापश्चात् दोलखा बजार आइपुगिन्छ। खानापछि बस चढेर वा निजी सवारीमा काठमाडौं फर्कन सकिन्छ।

साहसिक खेल

चट्टान आरोहण गर्ने कला नै 'रक क्लाइम्बिङ' हो। यसले रोमाञ्चकारी साहसिक अनुभव दिलाउँछ। नयाँ उत्सुकता जगाउँछ र मानसिक रूपमा फ्रेस राख्छ। निष्क्रिय युवाहरूलाई पनि सक्रिय जीवन जिउनका लागि प्रेरित गर्छ। डरको सामना गर्न सिकाउँछ। मानिसको मस्तिष्कमा विजयी भाव सञ्चार गराउँछ।

रक र वाल क्लाइम्बिङलाई साहसिक पर्यटन तथा ओलम्पिक खेलमा समेत समावेश गरिएको छ। खासगरी युरोप, अमेरिका, क्यानडाजस्ता देशहरूमा रक र वाल क्लाइम्बिङ चर्चित छ। नेपालमा हिमाल आरोहण, पर्वतीय पथप्रदर्शक, आर्मी र स्काउटमा पनि रक क्लाइम्बिङ गतिविधि समावेश गरिने गरिएको छ। काठमाडौंको बालाजु, ललितपुको हात्तीवन, मुस्ताङको जोमसोमलगायत ठाउँहरूमा रक क्लाइम्बिङको प्रशिक्षण तथा गतिविधि हुने गरेका छन्।

यसरी बनाउनुस् बर्गर



विजय सुवेदी
सिनियर सेफ
कान्तिपुर होटेल ट्रेनिङ सेन्टर

निकै स्वादिलो हुने गरेका कारण युवापुस्तामाझ बर्गर लोकप्रिय छ। बर्गर बनाउन पनि सहज छ। केही सामग्रीको जोहो गरेर घरमै छोटो समयमा स्वादिलो बर्गर बनाउन सकिन्छ।

चिकेन बर्गर

चिकेन बर्गर बनाउनका लागि पहिले बर्गर पेटिस बनाउनुपर्छ। त्यसका लागि किमा गरेको चिकेन आवश्यक पर्छ। त्यस्तै, चप गरेको प्याज, अदुवा-लसुन, नुन, मरिच र थोरै मात्रामा मैदाको पिठो चाहिन्छ। यी सबै सामग्री राम्रोसँग मिक्स गर्नुपर्छ। त्यसपछि बर्गरको ब्रेडको साइज बनाएर हाल्ने र तावामा थोरै तेल हालेर पकाउने। यसका लागि धेरै तेल हाल्नुहुँदैन। आधा मात्रै डुब्ने गरी तेल हाल्नुपर्छ। पेटिस पाकेपछि आलु टिक्की, टमाटरको स्लाइस, मसिनो गरी काटिएको प्याज, गाँजर, सलाद पात, टोम्याटो सस, मसला, चिजको स्लाइस, काँक्रालगायतलाई त्यसमा मिसाउनुपर्छ। बर्गर तयार हुन्छ।


भेज बर्गर

भेज बर्गर बनाउनका लागि पहिले भेज पेटिस तयार गर्नुपर्छ। त्यसका लागि चप गरिएको मिक्स भेजिटेबल आवश्यक पर्छ। त्यसमा चप गरिएको प्याज, अदुवा-लसुन, नुन, मरिच र थोरै मात्रमा मैदाको पिठो मिसाउनुपर्छ। यी सबै सामग्रीलाई मिक्स गरेर बर्गरको ब्रेडको साइज बनाएर तावामा हाल्ने र पकाउने। यसका लागि धेरै तेल हाल्नुहुँदैन। आधा मात्रै डुब्ने गरी तेल हाल्नुपर्छ। पेटिस पाकेपछि आलु टिक्की, टमाटरको स्लाइस, मसिनो गरी काटिएको प्याज, गाँजर, सलाद पात, टोम्याटो सस, मसला, चिजको स्लाइस, काँक्रालगायतलाई मिसाएर भेज बर्गर बनाउन सकिन्छ।

वर-पीपल किन रोप्ने ?

चौतारीमा वर-पीपल सँगै रोप्दा पर्यावरण राम्रो हुन्छ। चराचुरुंगीका लागि वासस्थान र बटुवाका लागि शीतल छहारी मिल्छ। चौतारीमा मानिसहरू भेला भएर भलाकुसारी गर्नसमेत सहज हुन्छ। वायु शुद्ध गर्न विशेष भूमिका खेल्ने भएकाले वर-पीपललाई देवतासरह मानिएको छ। वर-पीपललाई विभिन्न रोगको अचुक औषधिका रूपमा आयुर्वेदमा उल्लेख गरिएको छ।

- श्वासप्रश्वाससम्बन्धी समस्याका लागि पीपल एकदमै उपयोगी हुन्छ। पीपलको बोक्राको चूर्ण बनाएर वायसको पातलाई दूधमा मिसाएर नियमित सेवन गर्दा श्वासप्रश्वास र दमका बिरामीलाई फाइदा पुग्छ।
- पीपलको काँचो पातको रस बिहान-बेलुका एक-एक चम्चा खाएमा पेटमा ग्यास जम्मा हुने र कब्जियत निको हुन्छ।
- पीपलको पात र बोक्राको चूर्ण दन्तमन्जनमा मिसाएर प्रयोग गर्न सकिन्छ। यसले दाँत बलियो हुनुका साथै दाँतसम्बन्धी रोग निको हुन्छ।
- विषालु जनावरले टोकेमा तुरुन्त पीपलको पातको रस घाउमा लगाउनुपर्छ। यसले शरीरमा विषको मात्रा कम हुन्छ। साथै, छालामा आउने दाद, सुक्खापनका लागि पीपल लाभदायी छ।
- शरीरमा आउने विभिन्न घाउखटिराका लागि वर-पीपलको पात उपयोगी हुन्छ।
- पीपलको पातमा भरपूर मात्रामा एन्टिअक्सिडेन्ट तत्त्व पाइन्छ। यसर्थ, नरम पात खाँदा तनाव कम गर्न सहयोग पुऱ्याउँछ।
- वर-पीपलको जरा पानीमा भिजाएर छालामा लगाएमा चम्किलो हुनुका साथै विभिन्न समस्याबाट राहत मिल्छ।



काठमाडौं विश्वविद्यालयको २८ औं दीक्षान्त समारोह (दोस्रो चरण) आज २०८० जेठ २८ गते आइतबार बिहान ११:३० बजेबाट काठमाडौं विश्वविद्यालयको केन्द्रीय परिसर धुलिखेलमा हुने भएको छ। सम्माननीय प्रधानमन्त्री तथा कुलपति श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको अध्यक्षता, मुम्बई विश्वविद्यालय लगायत विभिन्न विश्वविद्यालयका पूर्व उपकुलपति र हाल ATLAS SkillTech University, Mumbai का उपकुलपति प्रा. डा. राजन वेलुकर को प्रमुख आतिथ्य र माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति श्री अशोक कुमार राई ज्यू र माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री प्रमिला कुमारी ज्यूको समेत उपस्थितिमा हुने उक्त कार्यक्रममा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा. डा. भोला थापाज्यूले स्वागत भाषण गर्नुहुनेछ।

सो समारोहमा काठमाडौं विश्वविद्यालयबाट स्कुल अफ आर्ट्स, एजुकेसन, इन्जिनियरिङ, ल, म्यानेजमेन्ट, मेडिकल साइन्सेज र साइन्स विधाका पीएचडी ९ जना, एमफिल ४१ जना, स्नातकोत्तर तहका ९८ र स्नातक तहका १ हजार ९२ जना सहित जम्मा १ हजार २ सय ४० जना विद्यार्थी दीक्षित हुनेछन्। तीमध्ये आर्टस्का ३५ जना, एजुकेसनका ५७ जना, इन्जिनियरिङका ३६५ जना, लका १ जना, मेनेजमेन्टका ५० जना, मेडिकल साइन्सेजका ५६५ जना र साइन्सका १६७ जना रहनेछन्। दीक्षित हुने विद्यार्थीहरूमध्ये पुरुषको प्रतिशत ४९.३५ (६ सय १२ जना) र महिलाको प्रतिशत ५०.६५ (६ सय २८ जना) रहनेछ। दीक्षित हुनेमध्ये बेनिन, भारत, श्रीलङ्का र संयुक्त राज्य अमेरिका गरी ४ देशका ७३ जना अर्थात ५.८९ प्रतिशत रहेका विदेशी विद्यार्थी रहनेछन्। काठमाडौं विश्वविद्यालयको इतिहासमा पहिलोपटक स्कुल अफ इन्जिनियरिङ अन्तर्गत Bachelor of Architecture मा २९ जनालाई उपाधि प्रदान गरिनेछ।

प्राज्ञिक गतिविधिहरूको अन्तर्राष्ट्रियकरण

४० देशका २५५ भन्दा बढी साझेदार शिक्षा र अनुसन्धानमा सम्बद्ध संस्थाहरू र यस विश्वविद्यालयबाट दीक्षित भएका ५५ देशका ५ हजार एक सय बाह्र विद्यार्थीहरू



अष्टेलियाका सहायक विदेशमन्त्री माननीय टिम वाट्स र राजदुत महामहिम केलिसिटी भोल्क काठमाडौं विश्वविद्यालयमा अर्न्तक्रिया पश्चात

सहित हरेक वर्ष हुने विद्यार्थी तथा प्राध्यापक आदानप्रदान र अन्य कूटनीतिक सम्पर्क काठमाडौं विश्वविद्यालयका अन्तर्राष्ट्रियकरणका माध्यमहरू हुन्। विदेशी विद्यार्थीहरूको सङ्ख्या र कक्षाकोठामा आएर पढाउने विदेशी प्राध्यापकको अनुपात पनि बढाउँदै लैजाने नीति हाल आएर अङ्गीकार भएको छ। यस वर्षदेखि संसारका विभिन्न सहरमा पनि यस विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने तयारी अघि बढाइएको छ। यस वर्ष मात्र पनि कोभिडका कारण तन्दुरुस्त नभइसकेको विश्व शैक्षिक मञ्चमा हाम्रा दर्जनौं विद्यार्थीले विदेशका विश्वविद्या(लयमा गएर सिकेर आउने मौका पाए भने विभिन्न स्कुल तथा केन्द्रमा कार्यरत शिक्षक तथा कर्मचारीको विदेश भ्रमण सङ्ख्या १२२ रहेको छ, जसमा कार्यशाला गोष्ठी, गोष्ठी, सभा-सम्मेलन जस्ता कार्यक्रममा भएको सहभागिताको सङ्ख्या ७२ रहेको छ। जसमा कार्यशाला गोष्ठी, गोष्ठी, सभा-सम्मेलन जस्ता कार्यक्रममा भएको सहभागिताको सङ्ख्या ७२ रहेको छ। विभिन्न मोबिलिटी प्रोग्राममा रहेको भ्रमण सङ्ख्या ८ रहेको छ, जसमा टिचिङतर्फको भ्रमण सङ्ख्या ६ रहेको छ भने रिसर्चतर्फ २ रहेको छ। त्यस्तै, कार्यपत्र प्रस्तुती अन्तर्गतको भ्रमण सङ्ख्या १५ र अफिसियल भिजिटको सङ्ख्या २७ रहेको छ।

यस विश्वविद्यालयका कार्यक्रममा विदेशी विद्यार्थीको बढ्दो आकर्षणलाई ध्यानमा राखेर विदेशबाट पनि विदेशमै रहेर पढ्न पाउने कार्यक्रमहरूको माग हुन थालेकाले भारत, अस्ट्रिया, अस्ट्रेलिया, दुबइ, दक्षिण पूर्व एसियाका देशमा काठमाडौं विश्वविद्यालयको पाठ्यक्रममा आधारित अध्यापन गराउने सम्भाव्यता माथि अध्ययन भइरहेको छ।

ग्रुणस्तरीय शिक्षा र छात्रवृत्ति

विश्वका प्रायः सबै विश्वविद्यालयसँग क्रेडिट ट्रान्सफरको सुविधा भएको, सेमेस्टर सिस्टममा अङ्ग्रेजी माध्यममा पढाइने यस विश्वविद्यालयको शुल्क कार्यक्रमको स्वरूप अनुसार प्रतिमहिना रु. १० हजार ४ सयदेखि १६ हजार ७ सयको बीचमा छ, जुन नेपालका कतिपय विद्यालयले माध्यमिक र निम्नमाध्यमिक कक्षाका विद्यार्थीसँग लिने शुल्कभन्दा कम हो।



प्रत्येक वर्ष करिब ४ हजार विद्यार्थी भर्ना गर्ने यस विश्वविद्यालयले बर्सेनी ५०० भन्दा बढी विद्यार्थीलाई विभिन्न प्रकारका आर्थिक सहायता र छात्रवृत्ति प्रदान गर्दै आएको छ। करिब ३९ करोड ७४ लाखका विभिन्न ४९ अक्षयकोषमार्फत विश्वविद्यालयसँग जोडिने व्यक्ति र संघ-संस्थाहरू तथा विश्वविद्यालय अनुदान आयोगको यी छात्रवृत्ति सञ्चालनमा योगदान रहेको छ।

आगामी शैक्षिक सत्रका लागि शैक्षिक कार्यक्रम तथा विद्यार्थी सङ्ख्या

शैक्षिक सत्र २०८०/०८१ का लागि सातवटा स्कुलहरूमा १२९ वटा कार्यक्रमहरूमा निम्न तालिका अनुसार ६१८६ जना विद्यार्थी सङ्ख्या निर्धारण भएको छ।

स्कुल	स्नातक	पोस्ट ग्रेजुएट डिप्लोमा	मास्टर (एक वर्ष)	मास्टर (दुई वर्ष)	एम फिल	विद्यावारिधि	कुल सङ्ख्या
आर्टस	३५४	-	-	११४	-	१५	४८३
एजुकेसन	१०५	१०५	१६५	१५०	१२५	१८	६६८
इन्जिनियरिङ	४८०	-	-	१३०	-	१०	६२०
ल	१३२	-	-	२०	-	२	१५४
म्यानेजमेन्ट मेडिकल	५९०	-	-	१९०	२५	६	८११
साइन्सेस	२३९०	-	-	५०१	-	६४	२९५५
साइन्स	३२५	-	-	१३५	१०	२५	४९५
कुल सङ्ख्या	४३७६	१०५	१६५	१२४०	१६०	१४०	६१८६

www.ku.edu.np

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आलिताल, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/२/२८

यस कार्यालयबाट मिति २०८०/१/११ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये मूल्याङ्कन समितिको निर्णयानुसार तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनौट हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं. र नाम	छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक रु (मु.अ.कर बाहेक)
1	ALTRM/NCB/GOODS/01/2079/80 (Procurement, Supply and delivery of IT Eqipment)	Gadtola Suppliers, Attariya, kailali	58,18,500.00

प्रमुख प्रशासकीय अधिकृत

बिरामी अर्थतन्त्र र सहमतीय अराजकता

संसद्को सहमतिद्वारा सरकार बनाउन सकिन्छ, संविधान संशोधन गर्न सकिन्छ, तर संविधान तोड्न सकिन्न, त्यसैले सहमतिको नाममा विधि र पद्धति मिच्न पाइन्न



● अर्जुननरसिंह केसी

अग्रलेख

देशमा हाल छाएको मन्दी, अन्तर्राष्ट्रिय परिवेशको प्रतिकूलता र विश्वव्यापी आर्थिक परिस्थितिको पृष्ठभूमिमा सरकारले आगामी आर्थिक वर्षका लागि संसद्मा वार्षिक बजेट पेस गरेको छ। बजेटमा सरकारका धेरैवटा प्राथमिकता र प्रतिबद्धता उल्लिखित छन्। भ्रष्टाचार नियन्त्रण र सुशासनका प्रतिबद्धता पनि छन्। वितरणमुखी र प्रियतावादी (पपुलिस्ट) नबन्न खोज्दाखोज्दै पनि बजेटमा त्यसैको निरन्तरता र धड्धडी कायमै छ। रुग्ण अर्थतन्त्रको अवस्थामा बजेटको आकार अझ घटाउन आवश्यक हुन्थ्यो। विश्वास, प्रतिबद्धता र चरित्रको संकटले मुलुकलाई ग्रस्त बनाइरहेको अवस्थामा बजेटका प्राथमिकता र प्रतिबद्धता कसरी पूरा हुनेछन्, सरकारलाई चुनौती र अवसर दुवै छ। संकटले जोखिम, चुनौती र अवसर एकसाथ ल्याउँछ।

मलाई अर्थशास्त्रको ज्ञान छैन। तर, मुलुकको आर्थिक परिस्थिति र सरकारका निर्णयबारे जानकारी छ। भ्रष्टाचारको जालो तोडेर भ्रष्टाचारविहीन समाज र विधिको शासनविना सुशासन कायम हुन सक्दैन। नीतिगत निर्णयका नाममा हुँदै आएको भ्रष्टाचारलाई यो बजेट कार्यान्वयनको सिलसिलामा कसरी रोकिएला, यो निकै कुतूहलपूर्ण र संवेदनशील सवाल छ। वितरणमुखी होइन, परिणाममुखी र भविष्यमुखी भएमा बजेट अलोकप्रिय भए पनि मुलुकप्रिय र सर्वजनहितायु हुन सक्थ्यो। राम्रो कुरा मात्र ल्याउनु महत्त्वपूर्ण होइन, कार्यान्वयन मुख्य हो। जनताले बजेटलाई बढेर सुनाउने आश्वासनको पुलिन्दा मात्र होइन, गरेर देखाउने प्रतिबद्धताको दस्ताबेजको रूपमा हेर्न चाहेका छन्। एउटा उदाहरण हेरौं- विगत १८ वर्षदेखि बजेटको एउटा भाषा 'हुम्ला सदरमुकाम सिमिकोटलाई राष्ट्रिय सडक सञ्जालसँग जोडिनेछ' भनेर निरन्तर सुनाइँदै आयो। तर, १८ वर्षसम्म काम किन भएन ? नुवाकोटको सुरुङमार्ग र पासाङल्हामु राजमार्ग त्यस्तो नहोस्।

कार्यान्वयन पक्ष परम्परागत सोच र कार्यशैलीमा आमूल परिवर्तन नभएसम्म बजेट केवल औपचारिक, परम्परागत वा सनातनी बन्न पुग्छ। बजेटले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न, धेरैवटा चुनौतीको सामना गर्नु जरुरी छ। त्यसका लागि दृढ इच्छाशक्ति नै चाहिन्छ, केवल सुखद कल्पनाले हुँदैन। बजेट र आर्थिक परिस्थितिबारे चर्चा गर्दा बीचमा म नेपालको संवैधानिक सर्वोच्चतालाई लत्याउँदै विधिनिर्माणको सर्वोच्च थलोमै विधिविहीनताको प्रवेश र संसदीय अराजकताबारे केही उल्लेख गर्न चाहन्छु।

भियतनाम युद्धको समयमा अमेरिकी नागरिक अधिकार अभियन्ता मार्टिन लुथर किङको कालजयी वाणी सम्झिन्छु- जब मौनता धोकापूर्ण बन्छ, अनि एउटा बेला आउँछ... । यसको अर्थ हो- 'मौनम् सम्मति लक्षणम्' को विपरीत मौनता धोकापूर्ण हुन थाल्यो भने कसैले न कसैले मौनता भंग गरी सत्य बोल्नुपर्ने वेला आउँछ। सहमतिको नाममा विधि र पद्धति मिच्ने जुन काम भएको छ, त्यसविरुद्ध बोल्ने अवस्था आएको छ।

संसद्को सहमतिद्वारा सरकार बनाउन सकिन्छ, संविधान संशोधन गर्न सकिन्छ, तर संविधान तोड्न सकिन्न। ०४८ सालको आमनिर्वाचनपछि गठित प्रतिनिधिसभा नियमावली तर्जुमा समितिको संयोजक भएर तत्कालीन संसद्का महासचिव जीवनलाल सत्याल र पंक्तिकारले सँगै काम गरेको र त्यस्तै कतिपय अवसरमा सहभागी भएर अनुभव हासिल गर्ने मौका पाएको यहाँ स्मरणीय छ। त्यसकारण मलाई नियमावलीको २१ खमा उल्लिखित प्रावधान र त्यसको मर्मबारे राम्रै ज्ञान छ।

संसद्को नेता प्रधानमन्त्री हो। सभामुख निष्पक्ष संरक्षक हो। प्रमुख प्रतिपक्षी नेताको आफ्नै सम्मानित स्थान छ। प्रतिनिधिसभा नियमावली २२२ अन्तर्गत प्रधानमन्त्रीले सर्वाजनिक वक्तव्य दिएपछि प्रतिपक्षी नेताले बोल्ने होइन। त्यसमा चित्त नबुझे नियमावलीको दफा ७०, ७१, ७२, ७४ अनुसार स्थगन प्रस्ताव, ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गर्न सकिन्छ। तर, संसदीय विधि र मर्यादा मिच्ने काम कसरी भयो, मैले बुझ्न सकिनँ।

संविधानको धारा १०३ मा व्यवस्थित सांसदको विशेष अधिकारलाई धारा १०५ ले मात्र बन्देज गर्न सक्छ। कहीँ कतै सहमति भयो भनिएका आधारमा संसद्मा बोलेको कुरा रेकर्डबाट मेटाउने काम कुन नियमावलीअन्तर्गत भयो ? मैले बुझ्न सकेको छैन।

अब के संसद्मा भ्रष्टाचार र अनियमिततामाथि बोल्न बन्देज लगाएर निरंकुशताको मार्गमा हिँड्न थालिएको हो ? संसदीय नियमावलीको दफा २०, २१, र २१९ मा मैले कतै देखिनँ। राष्ट्रका मर्यादित संस्थालाई विवादित बनाउने, स्वतन्त्र न्यायपालिकाको फैसलाको पूर्णपाठ आउन नपाई फौजदारी मुद्दामा पूर्ण माफी र उन्मुक्ति दिने कार्य कति विधिसम्मत हो ? विचारणीय छ।

म पुनः बजेटको प्रसंगमा फर्किन्छु। प्रमुख प्रतिपक्षी दलका नेताले एक घन्टा ५८ मिनेट लामो अभिव्यक्तिमा धेरै कुराको उजागर गर्नुभयो। तर, पर्दा उघारेर आलोचना गर्दा आफैंपट्टि हेर्नु उचित हुनेछ। त्यसमध्ये उहाँले भनेको 'राम्रो-नराम्रो छुट्याइँदैन...' साह्रै चित्त बुझेको छ।

> विश्वास, प्रतिबद्धता र चरित्रको संकटले मुलुकलाई ग्रस्त बनाइरहेको अवस्थामा बजेटका प्राथमिकता र प्रतिबद्धता कसरी पूरा हुनेछन्, सरकारलाई चुनौती र अवसर दुवै छ। संकटले जोखिम, चुनौती र अवसर एकसाथ ल्याउँछ।

सन् २०१८ देखि २०२१ का बीचमा देशको सार्वजनिक ऋण ८ खर्ब रुपैयाँबाट प्रायः दोब्बर प्रतिशत बढेर १५ खर्ब ८९ अर्ब पुग्यो। प्रतिव्यक्ति ऋण २८ हजारबाट ५२ हजार रुपैयाँ पुग्यो। त्यो कालमा स्विस बैंकको पछिल्लो प्रतिवेदनले स्विस बैंकमा रकम जम्मा गर्नेमा नेपाल दक्षिण एसियामै चौथो ठूलो मुलुक बन्यो। सोअनुसार नेपालबाट २०१९ मा २२ अर्ब रुपैयाँ जम्मा गरिएको स्रोत नखुलेको धनराशी २०२० मा दोब्बरभन्दा ज्यादा १०५ प्रतिशतले बढेर ४७ अर्ब रुपैयाँ पुग्यो। ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनअनुसार यस अवधिमा नेपालमा नीतिगत र संगठित भ्रष्टाचार ज्यादै बढेको उल्लेख भएको सम्झौं। बजेटको ४४५ नम्बर बुँदामा व्यवस्था गरिएको, संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम विवादित भएको छ। यसमा विनियोजित रकममध्ये सम्पूर्ण वा ६० प्रतिशतभन्दा बढी ७५३ पालिकालाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम, जस्तै- जनता बचत कोष वा नागरिक सुरक्षा कोषका रूपमा व्यवस्था गरौं।

नीतिगत निर्णयका नाममा अर्बौंको भ्रष्टाचार संविधान, कानुन, नियमावलीमा स्पष्ट नभएको जनता र राष्ट्रहितका नाममा गर्नैपर्ने कार्य मात्र नीतिगत निर्णय हुन्छ। ठेक्कापट्टाका नाममा हुने नीतिगत निर्णय नीतिगत भ्रष्टाचारको खतरनाक रूप हो।

बजेटमा केही प्रशासनिक तथा नीतिगत सुधारका कुरा भए पनि मूल दिशा विगतकै निरन्तरता देखिन्छ। सामाजिक सुरक्षा क्षेत्रमा बजेट सजग देखिएको छ, 'कोखदेखि शोकसम्म' राज्यको जिम्मेवारी र दायित्व बजेटमा समेटिनु सकारात्मक छ।

नयाँ गाडी नकिन्ने, २० वटा दोबडा (डुप्लिकेसन्स) संस्थाको खारेजी वा मूल संस्थामा सम्मिश्रण, विपन्न नागरिकलाई मुटुरोग, मिर्गौला रोग, क्यान्सरलगायत गम्भीर रोगमा अनुदान, पहिलोपटक कर्णाली प्रदेशलाई अन्य प्रदेशको भन्दा संघीय अनुदानमा वृद्धि निश्चित रूपमा राम्रा पक्ष हुन्। तर, स्वास्थ्य क्षेत्रमा बजेटको न्यूनता छ। स्वास्थ्य बिमा हालसम्म २२ प्रतिशत जनसंख्यामा सीमित हुनु, कोरोना बिमाका एक लाख १२ बिमितले अझै भुक्तानी नपाउनु, दूध र उखु किसानले आफ्नो उत्पादनको मूल्य पाउन संघर्ष गर्नुपर्ने तथा मिटरब्याजपीडित जनता भोकै-प्यासै पैदल हिँडेर न्याय खोज्दै राजधानी आउनुपर्ने विवशता हाम्रो अर्थतन्त्रका सबल पक्ष किमार्थ होइनन्, सच्याउनुपर्ने अनिवार्य मामिला हुन्।

अर्थतन्त्रलाई समन्यायिक बनाउने कसरी ? चालू आर्थिक वर्षमा बजेट पूरा खर्च गर्न नसकेकाले १२ खर्बमा झारियो। यो जेठको अन्त्यसम्ममा पुँजीगत (विकास) खर्च ३५ प्रतिशत मात्र भएको छ। तर, असारभित्रमा पुँजीगत खर्च किन ८०-९० प्रतिशत पुग्छ र त्यस्तो विकास मुलुक र जनताको हितमा कायम हुन सक्छ ? के हरेक वर्ष खर्च गर्ने क्षमतामा यसैगरी ह्रास आउँदै जाने र संस्थागत क्षमता विकासभन्दा बजेट मात्र बढाउँदै जाने निर्णयले आर्थिक चुनौतीको सामना गर्न सकिन्छ ? ७५३ स्थानीय तहलाई आर्थिक विकासको मूल प्रवाहका महत्त्वपूर्ण एकाइ बनाउने कसरी ? आर्थिक वृद्धिदर ६ प्रतिशतमा लैजाने र मूल्यवृद्धि ६.५ प्रतिशतमा सीमित गर्ने बजेटले लिएको लक्ष्य हासिल हुन अहिलेकै संस्थागत क्षमतालेसम्भव देखिन्न।

विगत पाँच वर्षमा कृषिजन्य आयात ५७ प्रतिशतले बढेर करिब पाँच खर्ब पुगेको छ। अर्कातिर कृषकले तरकारीको उचित मूल्य नपाएर सडकमा फाल्नुपर्ने वा खेतमै छाड्नुपर्ने अवस्थाको अन्त्य कसरी गर्ने ? प्रत्येक वर्ष हुने मलको हाहाकारलाई यस बजेटले अन्त्य गर्न सक्छ ? हरेक दिन करिब दुई हजारदेखि २५ सयसम्मको दरमा रोजगारीका लागि बिदेसिने र हरेक दिन हाम्रा होनहार युवाका लास बाकसमा फर्किरहने अवस्था अन्त्य गरेर स्वदेशमै रोजगारीको आकर्षणले टिकाउने कसरी ? विगतमा असफल देखिएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउने कसरी ? बजेट प्रस्तुतिको पूर्वसन्ध्यामा कर बढ्ने अत्यन्त गोप्य सूचना चुहाइँदिँदा बजेटअधि भित्रिसकेका ११ सय विद्युतीय गाडीका कारण १३ दिनमा ९० करोडको ठाडो घाटा, यसअघि यसैगरी भित्रिएका दुई हजार ९५५ वटा गाडीका कारण त्यस्तै घाटा बोक्नुपरेको अवस्था मुलुकमाथिको गम्भीर अपराध हो।

बजेट वितरण केही जिल्लाकेन्द्रित भएको गुनासो आएको छ। जिल्ला होइन, क्षेत्र र एउटै गाउँपालिकाका वडासम्म विभेदको कुरा सुनिएको छ। गरिबीको महासागरमा समृद्धिका एकाध टापुजस्ता जिल्ला, क्षेत्र वा सहरहरूको विकासले निरपेक्ष गरिबीमा बाँचेका जनतालाई आय र न्यायको प्रत्याभूति नदिएसम्म त्यस्तो समृद्धिको अर्थ रहन्न। बजेट पारित होला, तर जनस्तरबाट सांसद मित्र सञ्जय गौतमको अनशन आन्दोलन दोहोऱ्याउने अवस्था नआओस्। बजेट भनेर सुनाउने खोक्रा आश्वासनको पुलिन्दा होइन, जनताबीच कार्यान्वयन गरी पुष्टि हुने राष्ट्रिय संकल्प हुनुपर्छ।

(कांग्रेस केन्द्रीय सदस्य केसी प्रतिनिधिसभा सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **प्राडा लोकराज बरालला**ई



पछिल्लो समय संसद् सञ्चालन प्रभावकारी हुन नसकेको आवाज उठिरहेको छ नि ?

संसद्मा पछिल्लो समय गहन विषयमा छलफल हुन सकेको देखिँदैन। प्रधानमन्त्रीको भारत भ्रमणपछिको अवस्थालाई हेर्ने हो भने उहाँको बेइज्जत हुनेगरी संसद्मा बोलियो। सांसदमा संयम र धैर्य देखिन्न। संयम भएर पनि प्रश्न गर्न सकिन्छ भन्ने सोच उनीहरूमा देखिएन। सांसदहरू यो व्यवस्थामा प्रधानमन्त्री त केही पनि होइन भनेजसरी प्रस्तुत भइरहेका छन्। तर, त्यस्तो तरिकाले संसदीय प्रणाली चल्दैन। यो संसदीय व्यवस्थामाथिकै चुनौती हो।

संसद्मा यस्तो अवस्था आउनुको जिम्मेवार को हो ?

संसद्को गरिमा जोगाउनु सबैको जिम्मेवारी हो। मर्यादा कायम गराउने कार्यमा सभामुखको भूमिका पनि कमजोर देखिन्छ। उहाँले संसद् राम्ररी चलाउन सक्नुभएको छैन। सांसद्हरू पनि स्वस्थ आलोचना र प्रश्न गर्नीतिर भन्दा पनि होहल्लामै बढी रमाइरहेका देखिन्छन्। विशेषगरी नयाँ सांसदमा यो समस्या बढी नै देखिन्छ।

प्रमुख प्रतिपक्षी दल र सांसद कति तार्किक बन्न सकेका छन् ?

पछिल्लो उदाहरण नै हेरौं न, भारत भ्रमणका क्रममा प्रधानमन्त्रीले कसैलाई उद्धृत गरेर सीमा समस्याको समाधान खोज्न 'बंगलादेश मोडल'को विकल्पको कुरा गर्नुभएको थियो। तर, त्यसलाई उहाँकै भनाइ भनेर 'ट्विस्ट' गराइयो। त्यसलाई लिएर संसद्मा निकै होहल्ला गरियो। वास्तविकता नबुझी प्रधानमन्त्री आफैंले भनेका हुन् भनेर प्रमुख प्रतिपक्षी एमालेका अध्यक्ष केपी शर्मा ओलीसमेत लागेको देखियो। समग्रमा सांसद्ले निभाउनुपर्ने भूमिका निभाएको देखिएन।

प्रेरक प्रसंग

लिंकनको मानवता

त्यतिवेला अमेरिकामा भयंकर गृहयुद्ध चलिरहेको थियो। सरकारी सेना र विद्रोही पक्षबीच निरन्तर भिडन्त भइरहन्थ्यो। दुवै पक्षका धेरैको ज्यान पनि गइरहेको थियो। कैयौं घाइते भएका थिए। तीमध्ये गम्भीर प्रकृतिका घाइतेको अस्पतालमा भर्ना गरेरै उपचार भइरहेको थियो भने सामान्य प्रकृतिका घाइतेचाहिँ अस्पतालबाट प्राथमिक उपचार गराएपछि घर फर्किसकेका थिए।

त्यतिखेर अमेरिकामा अब्राहम लिंकन राष्ट्रपति थिए। उनी त्यो समस्यालाई हरसम्भव सुल्झाउन सक्दो प्रयत्न पनि गरिरहेका थिए। त्यस्तैमा उनी एकपटक घाइते सैनिकको उपचार भइरहेको सरकारी अस्पतालमा पुगे। उनले सो गृहयुद्धमा घाइते भएका सिपाहीहरूसित भलाकुसारी गरे। उनीहरूको उपचार व्यवस्था र अन्य समस्याबारे सोधपुछ गरे। उनीहरूका समस्या समाधानको व्यवस्थाका लागि आफ्ना सहयोगीलाई आवश्यक निर्देशन दिएर उनी त्यहाँबाट फर्किए। फर्किंदा-फर्किंदै उनी सो गृहयुद्धमा विद्रोहीका तर्फबाट लडेर घाइते भएका लडाकुलाई पनि भेट्न गए, जसको उपचार पनि सोही अस्पतालमा भइरहेको थियो। ती विद्रोहीसितको भेटमा पनि उनले राष्ट्रका लागि लड्ने बहादुर सिपाहीसित जस्तै बडो प्रसन्नतापूर्वक भलाकुसारी गरे। उनीहरूका समस्याबारे सोधपुछ गरे। उनीहरूको उपचारमा कुनै कसर बाँकी नछाड्न अस्पताल प्रशासन र आफ्ना सहयोगीलाई निर्देशन दिए। त्यसपछि उनी खुसीसाथ अस्पतालबाट बाहिरिए। बाहिरिँदा बाहिरिँदै एक महिलाले उनलाई रोकेर सोधिन्, 'राष्ट्रपति महोदय, तपाईंले त्यसरी विद्रोहीहरूसित किन भेटघाट गर्नुभयो ? तिनीहरू त राष्ट्रका शत्रु हुन्। तिनलाई त गोली ठोकेर मारिदिनुपर्छ। तिनको उपचार गर्नु बेकार हो।'

ती महिलाको प्रश्न सुनिसकेपछि लिंकन मुसुक्क मुस्कुराए र भने, 'महोदया, तपाईंले भनेको एकदमै सही हो। विद्रोहीलाई गोली ठोकेरै मारिदिनुपर्ने हो। तर, मैले पनि तपाईंले भनेजस्तै गरेँ भने तिनीहरू हाम्रा मित्र कहिल्यै बन्ने थिएनन्, शत्रुका शत्रु नै रहने थिए। त्यसैले, मैले यति भेटघाट गरेर एकछिन भलाकुसारी गरिदिँदा उनीहरू हाम्रा मित्र बन्छन् भने उनीहरू भेटघाट गर्नुमा के नै आपत्ति छ र ? आखिर मायाले गर्न नसकिने के नै छ र ?'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अधिकार हनन नगर

लामो समयसम्म राजनीतिक दलमा आबद्ध भई विभिन्न पदमा रहेर काम गर्दै आएका नेताहरूको उमेरहदको विषयमा अहिले चर्को बहस चलिरहेको देखिन्छ। तर, स्वास्थ्य अवस्था ठिक रहेका नेतालाई पनि निश्चित उमेरको हदबन्दी लगाएर हटाउनु भनेको ज्येष्ठ नागरिकको अधिकार हनन गर्नु हो। यसतर्फ सम्बन्धित सबैको ध्यान जाओस्। राजनीतिमा लाग्ने नेताहरूको अन्य कुनै पेसा वा व्यवसाय नहुने भएकाले उनीहरूको स्वास्थ्यले साथ दिएसम्म काम गर्न दिनु नै ठिक हुन्छ। उनीहरूको योग्यता, क्षमता र अनुभवको कदर गर्नु राजनीतिक दल र नागरिकको दायित्व हो।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

बगरमा बस्नेका पीडा बुझ

'आठ वर्षदेखि बगरमा वास, भूकम्पपीडितहरू आठ वर्षमा एक सय २७ पटक सिंहदरबार धाए, तर पीडा कसैले सुनेनन्' शीर्षकको रिपोर्ट पढ्दा दुःख लाग्यो। ०७२ सालको भूकम्पबाट विस्थापित रसुवाली जनतालाई अझै पनि सरकारले स्थायी बसोवास गराउन सकेको रहेनछ। अन्यत्रका अधिकांश पीडितलाई पुनर्स्थापित गराइसकेको सरकारले रसुवाका भूकम्पपीडितलाई चाहिँ किन बेवास्ता गरिरहेको छ ? बगरमा बस्ने पीडितको पीडा बुझेर सहयोग गर।

● **गणेश तामाङ**
विदुर, नुवाकोट

निर्वाचन कार्यालय खारेज नगर

सरकारले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमार्फत जिल्ला निर्वाचन कार्यालय खारेज गरी सो कार्यालयले गर्दै आएको काम जिल्ला प्रशासन कार्यालयमार्फत सम्पादन गर्ने भनी गरेको घोषणा कुनै हालतमा स्वीकार्य छैन। उसै त निष्पक्ष र स्वतन्त्र निर्वाचन नहुने हाम्रो जस्तो देशमा झन् निर्वाचन कार्यालय नै खारेज गरियो भने के मात्रै नहोला ? निर्वाचनको स्वच्छता कायम राख्न जिल्ला निर्वाचन कार्यालय खारेज नगर।

● **अमन्दा विक**
सामाखुसी, काठमाडौं

सर्वसाधारणका लागि पनि सोचौं

काठमाडौं महानगरपालिका (कामपा) का मेयर बालेन साह यतिखेर दुई महत्त्वपूर्ण समस्या शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार गर्न कटिबद्ध भएर लागेका छन्। पहिलो, संस्थागत विद्यालयले दिने छात्रवृत्ति कोटा वास्तविक गरिब, दलित, सीमान्तकृत वर्गका सन्तानले पाउने हो भने कामपाका झन्डै १५ हजार यस्ता विद्यार्थीले छात्रवृत्तिमा पढ्न पाउनेछन्। यसबाट उनीहरूको भविष्य उज्ज्वल हुने निश्चित छ। दोस्रो, बढी जनघनत्व भएका वडामा कामपाले औषधि पसल (फार्मेसी) खोलेर सर्वसाधारणलाई सहुलियत र सस्तो मूल्यमा औषधि उपलब्ध गराउने पनि निर्णय भएको सुनिएको छ।

मेयर साहका दुवै कार्य प्रशंसायोग्य छन्। तर, मेयर साहले बुझ्नुपर्ने अर्को महत्त्वपूर्ण कुरा के हो भने कामपाको जनसंख्या २० लाखजति होला। तर, यहाँ देशभरका ५० लाखभन्दा बढी मानिस बस्छन्। झन् काठमाडौं उपत्यकाको कुरा गर्ने हो भने यहाँ करिब ७० लाख जनसंख्या रहेको बताइन्छ। र, यो जनसंख्यामध्ये ९० प्रतिशतजति करिब ६३-६५ लाख देशभरबाट आएका मजदुर, निम्नवर्ग, गरिब, मध्यम वर्गलगायत काम, शिक्षादीक्षा र अन्य सुविधा तथा अवसरको खोजीमा आएका छन्। यस्ता वर्गको परिवारमा कोही बिरामी परेमा उपचारका लागि १० वटा पनि सरकारी अस्पताल छैनन्। दैनिक ६५ लाखमध्ये पाँच प्रतिशत मात्र बिरामी भए भने पनि ३० हजारभन्दा बढी हुन्छ। दैनिक यतिका बिरामीलाई उपचार गर्न सरकारी अस्पतालले कसरी भ्याउने ? फेरि अस्पतालमा भएका शय्या र उपचारमा हुनेखाने र पहुँचवालाको हालीमुहाली हुने भएकाले सर्वसाधारणले आर्थिक अभावका कारण अस्पताल जानुभन्दा पनि मृत्यु कुर्नुपर्ने बाध्यता छ। यसतर्फ पनि मेयर साहको उचित ध्यान जाओस्।

● **अनिलकुमार घिमिरे**, भक्तपुर
agnisaptahik@gmail.com

भारतीय रेल दुर्घटनातर्फ जाँदै छ !

दुर्घटनास्थलमा प्रधानमन्त्रीका लागि टेन्ट लगाइनु र त्यसमा कुलरको समेत व्यवस्था गरिनुभन्दा अश्लील दृश्य अर्को के नै हुन सक्ला र ?



देश / विदेश

● अपूर्वानन्द

रातको दुई बज्दै छ
टाढा कतै जंगलमा ब्वाँसाहरूको ह्वाँ-ह्वाँ
नजिक-नजिक आउँदै कुनै
रेलगाडीको चक्काको आवाज
कुनै अनपेक्षित असम्भव घटनाको भयानक सन्देह
अचेतन प्रतीक्षा

कहीं-कतै कुनै रेलगाडी दुर्घटनामा नपरोस्।


मुक्तिबोधको यो कविता अनायासै झल्यास्स भयो, जब उडिसाको बालासोर र भद्रक ट्रेन २ जुनको राति ठोक्किएको समाचार पढियो। मुक्तिबोधको 'अँध्यारोमा' शीर्षकको कविताले यो दुर्घटनाको भविष्यवाणी गरेको थिएन। तर, यी पंक्तिले अन्य कुनै रेल दुर्घटनातर्फ गइरहेको भने स्पष्ट संकेत गरिरहेका छन्।

यो स्तब्धकारी त्रासदी हो। झन्डै तीन सय मानिस मारिएको र सयौं घाइते भएको समाचार आइरहेको छ। मृत्युको संख्या उकालो लागिरहेकै छ। मारिनेहरू सबैभन्दा धेरै भारतका सर्वसाधारण नागरिक हुन्। उनीहरू कोरोमण्डल रेलगाडीमा मात्रै यात्रा गर्न सक्छन्। त्यसमा यात्रा गर्नेहरू मात्रै होइन, हावडानिवासी पिनाकी राज मण्डलजस्ता मानिस, जो चिया बेचेर आफ्नो गुजारा चलाउँथे, उनीहरू पनि दुर्घटनामा परेका छन्। उनीसँगै झालमुरी बेच्ने सुजय जानाले टेलिग्राफ पत्रिकासँग आफ्नो साथी पिनाकी राजबारे भने- सधैंजसो बालासोरमा चिया बेचेर आउने ऊ त्यसदिन थप कमाइ गर्ने भनेर बालासोरदेखि भद्रक जान ट्रेनमा त चढ्यो तर त्यहाँसम्म पुग्न सकेन।

यस्ता समाचार र तथ्यांकले तपाईंलाई द्रवित मात्रै तुल्यायो भने यिनको कुनै महत्त्व छैन। दुर्घटनापछि सतहमा जस्ता प्रतिक्रिया आए, ती साँचो अर्थमा चिन्तित गराउने खालका छन्। किनभने त्यसले त्यस्तो रेल दुर्घटनातर्फ संकेत गर्छ, जुन मुक्तिबोधको कवितामा व्यक्त गरिएको छ। छुट्टाछुट्टै दिशाबाट आइरहेका रेल एक-आपसमा ठोक्किनु असाधारण घटना हो। किन यस्तो भयो होला ? दुर्घटनाको जिम्मेवार को हो ? यो प्रश्न गरिनुपर्छ कि पर्दैन ? कैयौं मानिस यति वेला यस्ता प्रश्न सोधिनु हुँदैन भन्दै छन्। यो राष्ट्रिय त्रासदी हो र यतिवेला कसैले पनि विभाजनकारी प्रश्न सोध्नु हुँदैन।

जनतालाई सरकारले नयाँ रेल ल्याउँदै छ भन्ने मात्रै थाहा छ। उनीहरूलाई राज्यका संस्थामाथि निगरानी गर्ने भारतको महालेखाले रेलवे बजेट र खर्चको छानबिन गरेर कैयौं वर्ष र मूलतः पछिल्ला चार वर्षदेखि रेलवको सुरक्षासँग सम्बन्धित काममा निकै न्यून काम र खर्च गरिएको छ। रेल विभागमा न्यून कर्मचारी हुनु पनि यसको एउटा कारण हो। गत वर्षदेखि यी प्रश्न बारम्बार उठी नै रहेका छन्। तर, सरकार यात्रीको सुरक्षाप्रति निकै बेपर्वाह छ।

खासमा सरकार 'बन्दे भारत' रेल चढाएर रेलवेका यात्रुलाई भ्रममा राखिराख्न चाहन्छ, जबकि भारत रेल क्रान्तिको मुखमा उभिएको छ। शनिबारका दिन प्रधानमन्त्री नरेन्द्र मोदीले अझै 'वन्दे भारत' भन्ने थप रेलको उद्घाटन गरे र 'हाम्रो सोच दुर्घटना जोगाउनेमा हुनुपर्छ' भने। ठूलो मिडियाको चिन्ता भने बेग्लै छ। उनीहरू सरकार र प्रधानमन्त्रीको छवि धुमिल हुने हो कि भन्ने चिन्ताले ग्रस्त छन्। स्वयं प्रधानमन्त्रीलाई यसको चिन्ता त छँदै छ। त्यसैले, प्रधानमन्त्रीको



तस्बिर : एएफपी

प्रचार विभागले तत्कालै उनको गम्भीर, चिन्तित मुद्रामा अधिकारीसँग सोधपुछ गर्दै गरेको तस्बिर सार्वजनिक गऱ्यो। त्यसलगत्तै लुगा फेरेर दुर्घटना स्थल पुगेको फोटो सार्वजनिक गरियो। एउटा खम्बा समाएर मोबाइलमा कुरा गर्दै गरेको फुटेज पटक-पटक देखाइयो। घटनास्थल पुगेका प्रधानमन्त्रीले फोनमा कोसँग के कुरा गरे भनेर केसैले सोधेनन्। टेलिभिजन च्यानलहरू प्रधानमन्त्रीले धेरै घाम सहनुपऱ्यो भनेर चिन्तित थिए। सबैभन्दा अश्लील दृश्य के थियो भने दुर्घटनास्थलमा प्रधानमन्त्रीका लागि भनेर टेन्ट लागइएको थियो र त्यसमा कुलरको व्यवस्था गरिएको थियो। अर्कातर्फ ट्याक्कै त्यसको छेउमा लास ढाक्नका लागि कात्रोसमेतको व्यवस्था थिएन। को दोषी हो ? को जिम्मेवार हो ? भन्ने रिपोर्टमा स्पष्ट छ। रिपोर्टमा सुरक्षाका लागि गर्नुपर्ने काम नगरिएको र अत्यावश्यक संसाधनको प्रयोग नगरिएको उल्लेख छ।

कुशल शासनका लागि डबल इन्जिनको सरकार हुनुपर्छ भनेर पटक-पटक नारा लगाउने प्रधानमन्त्री नै यसका दोषी होइनन् र ? सधैंजसो आफ्नो सेखी प्रदर्शन जुन उनको कमजोरी ढाक्नका लागि प्रयोग हुने गरेको छ, के त्यो नै यसका लागि जिम्मेवार छैन र ? रेलमन्त्री, जो कहिल्यै कहीं देखिँदैनन् भने जिम्मेवार को हो ? के त्यो मिडिया जिम्मेवार होइन, जसले सरकारसँग कुनै जवाफदेहिता माग्दैन ? बरु उनीहरू त जनताको जीवनसँग खेलबाड गर्न लागिपरेका छन्। रेल दुर्घटनाका जिम्मेवार को हुन् भन्दै गर्दा हामी पिनाकी राजको कथामा फर्किनुपर्ने हुन्छ। उनी २०१७ मा राजस्थानमा काम गर्थे। नोटबन्दीपछि कारोबार ठप्प भयो र उनी घर फर्किनुपऱ्यो। उनले पछि रेलमा चिया बेच्न थालेका थिए। नोटबन्दी र रेल दुर्घटनाबीच के सम्बन्ध हुन सक्छ ?

के पिनाकीको मृत्युका लागि भारतको कर्पोरेट संसार, हाम्रा बुद्धिजीवी जिम्मेवार छैनन्, जसले नरेन्द्र मोदीलाई एक कुशल प्रशासक, भारतका लागि अनिवार्य व्यक्ति भन्दै जनताको बुद्धि भुटेका थिए ? यो, रेलका यात्रीलाई रेलको चालक बनाइदिएजस्तै हो। त्यसो भयो भने रेल दुर्घटनामा पर्नु निश्चित छ। यसलाई कसरी जोगाउने त ?

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी पढाउँछन्)
सत्य हिन्दीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सामूहिक बलात्कारको त्रासदीबाट पीडित भारतीय महिला

प्रत्येक बलात्कारले समाजको संवेदनालाई भुत्ते बनाउँदै अर्को बलात्कार स्विकार्न तयार पार्छ र यस्तो कुकर्म सामान्य हुँदै जान्छ



● विद्या कृष्णन

मुम्बईको खचाखच भरिएको सिनेमा हलमा मेरी भतिजीले मेरी भाउजूसँग पहिलोपटक सामूहिक बलात्कारबारे सोध्दै गर्दा ऊ चार वर्षकी मात्र थिई। हामी उक्त हलमा भिजिलान्ते न्याय, राष्ट्रवादको राप र सामूहिक बलात्कार वरिपरि बनेको नयाँ बलिउड ब्लकबस्टर हेरिरहेका थियौँ। फिल्ममा चारजना पुरुष पात्रले नायककी बहिनीलाई समातेर घिसार्दै लग्छन्। 'उनीहरूले 'दिदी'लाई कहाँ लगेको ?', मेरी सानी भतिजीले 'दिदी'लाई हिन्दीमा उच्चारण गर्दै सोध्छिन्। हलमा अँध्यारो छाएको थियो, तर पनि म उसको सानो टिकुले निधार चिन्ताले खुम्चिएको सहजै देख्न सक्थें।

'दिदी'को सामूहिक बलात्कार अफ स्क्रिन थियो, बलात्कार भएको बुझाउन सिन देखाउनै नपर्ने भएकाले। मृगको नवजात पाठोले स्यालबाट उत्पन्न हुने घातक खतरालाई सहजै महसुस गरेझैँ भारतका स-साना केटीलाई पुरुषहरू के गर्न समर्थ छन् भन्ने सहज एहसास छ।

तपाईंलाई उदेक लाग्न सक्छ 'एउटी चार वर्षकी बच्चीलाई किन त्यस्तो चलचित्र देखाउन लगेको' भनेर। तर, भारतको बलात्कार संस्कृतिबाट उम्किने कुनै उपाय छैन। भारतमा यौन आतंकवादलाई आदर्शको रूपमा लिइन्छ। समाज र सरकारी संस्थाहरूले अक्सर पुरुषका यौनहिंसाजन्य कर्ततुमा तिनलाई जोगाउने र माफ गर्ने भूमिका निर्वाह गर्छन्। यौनहिंसाका लागि उल्टै पीडित महिलालाई नै दोषी करार गरिन्छ र व्यक्तिगत सुरक्षाको बदलामा तिनका स्वतन्त्रता र अवसरको बन्धकी मागिन्छ। यस्तो संस्कृतिले सार्वजनिक जीवनलाई नष्ट भ्रष्ट पार्छ। तब फिल्म तथा टेलिभिजन र बेडरुममा यौनमा महिलाको सहमति अज्ञात(अनुपस्थित) हुन्छ। चरम पुरुषप्रधान समाजबाट कलिला केटाहरूले बलात्कारकै भाषा सिक्ने हुन्। स्त्रीको सहमतिविना नै ऊसँग यौन सम्बन्ध राख्नु नै भारतीय नियति भएको छ।

म के जान्दछु भने सामूहिक बलात्कारको त्रासदी भारतीय महिलामा सबैभन्दा भारी छ। तपाईंले महिलामाथिका सामूहिक बलात्कार, बलात्कारपछि अंगभंग एवं हत्या गरेर छोडिएका थुप्रै बीभत्स घटना सुनेकै हुनुपर्छ। जब कुनै घटनाले राष्ट्रिय ध्यान खिच्छ, तब आक्रोशको पारो उम्लिन्छ, कहिलेकाहीं महिला विरोध प्रदर्शनमा उत्रिन्छन् पनि, तर सबै कुरा चाँडै सेलाएर जान्छन्। सम्पूर्ण भारतीय महिला पीडित छन् यसबाट। प्रत्येक महिला आहत छन्, हरेक महिला क्रोधित छन्, हरेकले आफू लुटिएको महसुस गर्छन् र प्रत्येक महिला आजित छन्। हामीमध्ये धेरैजना सामूहिक बलात्कारबारे अनुमानभन्दा बढी चिन्तित हुने गर्छौं।

सन् २०११ मा भारतमा हरेक २० मिनेटमा एक महिला बलात्कृत भएको सरकारी तथ्यांकले देखाएको छ। सन् २०२१ मा आइपुग्दा बलात्कारको गति बढेर हरेक १६ मिनेटमा एक महिला बलात्कृत भए। सन् २०२१ मा ३१ हजारभन्दा बढी बलात्कारका घटना दर्ज भएका थिए, जुन सन् २०२० को तुलनामा २० प्रतिशतले बढी हो। सन् २०२१ मा सामूहिक बलात्कारका मात्रै दुई हजार दुई सय घटना दर्ज भए।

यो अत्यासलाग्दो आँकडाले पनि कथाको केही अंश मात्र बताउँछ। एक अध्ययनअनुसार शारीरिक वा यौनहिंसाको अनुभव गरेका ७७ प्रतिशत भारतीय महिला घटनाबारे कहिल्यै कसैलाई बताउँदैनन्। उजुरी भए पनि अभियोजन बिरलै हुन्छ। भारतमा भ्रष्ट शक्तिलाई चुनौती दिने खालका पुरुष, मुसलमान, दलित वा जातीय अल्पसंख्यक हो भने मात्रै उक्त पुरुषले अभियोजनको सामना गर्नुपर्ने हुन सक्छ।

जबकि भारतीय महिला, महिला भएकैले पीडित छन्। अनुसन्धाताका अनुसार भारतमा महिलाविरुद्ध हिंसाका घटना दशकौंदेखि निरन्तर बढेकाबढ्दै छन्, केही अनुसन्धाताले भने पीडितको उजुरी गर्ने प्रवृत्तिमा वृद्धि भएको पनि उद्धृत गरेका छन्। प्रत्येक बलात्कारले समाजको संवेदनालाई भुत्ते बनाउँदै अर्को बलात्कार स्विकार्न तयार पार्छ र यस्तो कुकर्म सामान्य हुँदै जान्छ।

सामूहिक बलात्कारलाई हतियारको रूपमा प्रयोग गरिन्छ, विशेषगरी तल्लो जात र मुसलमानविरुद्ध। मेरो उमेरका महिलाले सबैभन्दा पहिले सम्झने दृष्टान्त सन् १९८० को हो। जब दलित किशोरी फुलन देवीलाई उच्च जातका आक्रमणकारीको समूहले अपहरण गरी पटक-पटक बलात्कार गरेको थियो। पछि फुलन आफ्नो समूहसहित गइन् र उनको समूहले २२ जना उच्च जातिका पुरुषको हत्या गऱ्यो। हिंस्रक बन्न बाध्य एक महिलाले बदला लिएको यो दुर्लभ उदाहरण थियो। यदि त्यो रक्तपातपूर्ण प्रतिशोध हुँदैन थियो भने सायदै उनको बलात्कारको घटना समाचार शीर्षक बन्ने थियो।

फुलनले जातीय रंगभेदलाई उजागर गरिन्। मेरी पुस्ताकी सामूहिक बलात्कारपीडित बिल्किस बानोमाथिको अत्याचारले हिन्दू राष्ट्रवादी प्रधानमन्त्री नरेन्द्र मोदीको छत्रछायाका भारतीय संस्थामा मुस्लिम महिलाप्रति रहेको घृणालाई उजागर गरेको छ। सन् २००२ मा गुजरात राज्यमा भड्किएको हिन्दू-मुसलमानबीच भएको हिंसाले उग्ररूप लियो। १९ वर्षीया गर्भवती बानोलाई आक्रोशित हिन्दू युवाको भिडले सामूहिक बलात्कार गरेको थियो, जसमा उनकी तीन वर्षीया छोरीसहित उनका १४ जना नातेदारसमेतको हत्या भयो। आलोचकहरूले गुजरातका तत्कालीन मुख्यमन्त्री मोदीले यो दंगाप्रति आँखा चिम्लेको आरोप लगाएका छन्। स्मरणर होस्, त्यस दंगायता उनले कुनै चुनाव हारेका छैनन्।

बानोको जीवनले अर्कै बाटो लियो। यस आक्रमणपछि भेटेपछि आफू सही बाटोमा रहेको विश्वासका साथ खोजीलाई निरन्तरता दिएको थियो। वायुसेनाले दश हजारभन्दा बढी पर्चा स्पेनिस र बालबालिकाको आफ्नै आदिवासी भाषामा छापेर जंगलमा फ्याँकेको थियो, जसमा उनीहरूलाई कतै नजान अनुरोध गरिएको थियो। ती पर्चामा सो घना जंगलमा कसरी बाँच्ने भन्नेबारे सुझाब पनि समेटिएका थिए भने खानाका थैला र पानीका बोतल पनि खसालिएका थिए। साथै उद्धारकर्ताले बालबालिकाकी हजुरआमाले रेकर्ड गरेको सन्देश पनि 'लाउड स्पिकर'बाट बजाउँदै उनीहरूलाई कतै नजान आग्रह गरेका थिए।

अन्ततः ती बालबालिका दुर्घटनास्थलबाट करिब पाँच किलोमिटर पश्चिममा फेला परेका थिए। बेपत्ता ती बालबालिकामध्ये केही सिकार गर्न र माछा मार्न अभ्यस्त रहेका तिनका हजुरबुबा फिडेन्सियो भ्यालेन्सियाले एएफपीलाई बताएका थिए। साथै उनीहरू जंगलसँग राम्ररी परिचित पनि थिए।

राष्ट्रपति गुस्ताभो पेट्रोले उनीहरूको जीवितै उद्धार गरिएको घोषणा गर्दै भने, 'आज हामीले एउटा चमत्कारपूर्ण दिन बिताएका छौं।' हेलिकोप्टरबाट उनीहरूको उद्धार गरिएको हो। बालबालिकाको स्वास्थ्यस्थिति नाजुक भएकाले तत्काल अस्पताल पुऱ्याइएको छ। राष्ट्रपतिले ट्विटरमा सार्वजनिक गरेको तस्बिरमा सैन्य पोसाकमा रहेका केही मानिसका माझमा उद्धार गरिएका कमजोर बच्चा देखिन्छन् भने एकजना उद्धारकर्ताले सबैभन्दा सानो बच्चालाई काखमा राखेर उसको मुखमा दूधको बोतल राखेको देखिन्छ।



कला : ओसिन शिव

> सन् २०११ मा भारतमा हरेक २० मिनेटमा एक महिला बलात्कृत भएको सरकारी तथ्यांकले देखाएको छ। सन् २०२१ मा आइपुग्दा बलात्कारको गति बढेर हरेक १६ मिनेटमा एक महिला बलात्कृत भए। सन् २०२१ मा ३१ हजारभन्दा बढी बलात्कारका घटना दर्ज भएका थिए, जुन सन् २०२० को तुलनामा २० प्रतिशतले बढी हो।

परिवारको सुरक्षाका लागि उनले पटक-पटक घर सरिरहिन्। गत अगस्टमा बलात्कार आरोपमा आजीवन कारावासको सजाय पाएका ११ अपराधी मोदीको सत्तारुढ दलका सदस्य सम्मिलित पुनरावलोकन समितिको सिफारिसमा रिहा भए, जसलाई जेलबाट बाहिरिएपछि हिन्दू दक्षिणपन्थीहरूले फूलमालाले स्वागत गरेका थिए।

उनीहरूको रिहाईको समय शंकास्पद थियो। गुजरातमा केही महिनापछि महत्त्वपूर्ण चुनाव हुँदै थियो र मोदीको पार्टीलाई भोट चाहिएको थियो। उनको पार्टीका एक सदस्यले यस प्रकरणलाई लिएर उच्च जातका ब्राह्मणका रूपमा आरोपितहरूको चालचलन असल रहेकाले उनीहरू जेलमा राखिराख्नुपर्ने खालका नभएको तर्क गरे। यी नियम पुरुषलाई थाहा छ। यी कानुन उनीहरूले नै लेखका हुन्। सबैभन्दा डरलाग्दोचाहिँ के छ भने बलात्कारीलाई रिहा गर्नु भनेको भोट बटुल्नु भएको छ।

बानोपछि सन् २०१२ मा फिजियोथेरापीकी एक छात्रालाई गुडिरहेको बसमा बलात्कार गरियो र फलामे रडले घोचेर उनको योनीलाई क्षतविक्षत् पारियो। पीडिताको नाङ्गो शरीरलाई नयाँदिल्लीको व्यस्त सडकमा फ्याँकियो। निर्घात चोटका कारण उनको मृत्यु भयो। महिलाहरूले धेरै दिनसम्म विरोध प्रदर्शन जारी राखे। पुरुषहरू पनि पानीको फोहोरा र अश्रुग्यासको सामना गर्दै प्रदर्शनमा सहभागी भए। बलात्कारविरुद्ध नयाँ कानुन ल्याइयो। समय फरक थियो, त्यसैले हामीले सहजै विश्वास गर्‍यौं। तर, सन् २०१८ मा एक आठ वर्षीया मुस्लिम बालिकालाई नशालु पदार्थ खुवाई हिन्दू मन्दिरमा लगेर कैयौं दिन सामूहिक बलात्कार गरी हत्या गरियो। सन् २०२० मा एक १९ वर्षीया दलित किशोरीमाथि सामूहिक बलात्कार भयो, उनको मेरुदण्ड भाँचिएको थियो। घाउचोटकै कारण पछि उनको मृत्यु भयो।

> समाज र सरकारी संस्थाहरूले अक्सर पुरुषका यौनहिंसाजन्य कर्तुतमा तिनलाई जोगाउने र माफ गर्ने भूमिका निर्वाह गर्छन्। यौनहिंसाका लागि उल्टै पीडित महिलालाई नै दोषी करार गरिन्छ

सामूहिक बलात्कारको भयले हामीलाई कहिल्यै पनि छोडेन। हामी समूहमा बाहिर जान्छौं, आफूलाई ढाकेर हिँड्छौं, खुर्सानीको स्प्रे बोक्छौं, जिपिएस ट्र्याकिङ उपकरण बोक्छौं, सूर्यास्तपछि सार्वजनिक स्थानबाट टाढा रहन्छौं र पनि आक्रमण भइहाले गुहार होइन, आगो-आगो भनेर चिच्याउन आफैंलाई सम्झाउँछौं। तर, हामीलाई थाहा छ यस्ता कुनै पनि सावधानीले हाम्रो सुरक्षाको ग्यारेन्टी गर्दैन।

मैले सामूहिक बलात्कारलाई बुझ्न सकेको छैन। के यो दमन एवं अपमानित गर्ने मध्ययुगीन इच्छा हो ? मलाई केचाहिँ थाहा छ भने यो दोष अन्य पुरुषलाई पनि जान्छ। किनकि अनगिन्ती दाजुभाइ, बुबा, छोरा, साथी, छिमेकी र सहकर्मी पुरुषले सामूहिक रूपमा नै महिलाहरूको शोषण प्रणाली खडा गरेका हुन् र यसलाई कायम राखेका छन्। यदि महिलाहरू डराउँछन् भने यी पुरुषकै कारण डराउँछन्। यो भयानक 'संरक्षण च्याकेट' हो।

म केवल समानता मागिरहेको छैन। म क्षतिपूर्ति चाहन्छु, हर्जाना चाहन्छु। म कलिला केटीहरूलाई बानो र फुलन देवीका बारेमा पढाइयोस् भन्ने चाहन्छु। म उनीहरूका स्मारक बनाउन चाहन्छु। तर, पुरुषहरू हामीलाई सबै कुरा बिर्साउन चाहन्छन्। बानोका बलात्कारीको रिहाई हामीलाई पुगेको आघातको पुरुष इन्कारी थियो।

त्यसैले हामी शब्द र सम्झनाहरूको स्मारक निर्माण गर्छौं। हामी सामूहिक बलात्कारलाई आफ्नो जीवनको केन्द्रमा राख्दै यसबारे आपसमा कुरा गर्छौं। हामी हाम्रो सबैभन्दा सानी सदस्यलाई यसबारे बताउने र उनीहरूलाई जोगाउने यत्न गर्छौं। यसरी नै पराजितहरूको इतिहास अभिलिखित हुन्छ। यसको मूल कुरा बिर्सिने (प्रताडक) र सम्झिने (पीडित)बीचको लडाइँ हो।

(कृष्णन स्वास्थ्य बिटमा विज्ञता हासिल गरेकी भारतीय पत्रकार हुन्। उनको पुस्तक 'द फ्यान्टम प्लेग : हाउ ट्युबरक्लोसिस सेप्ड हिस्ट्री' प्रकाशित छ।)

न्युयोर्क टाइम्स

विमान दुर्घटनाको ४० दिनपछि चार बालबालिकाको जीवितै उद्धार

ओटाबा/ विमान दुर्घटनाको ४० दिनपछि चारजना बालबालिकाको जीवितै उद्धार भएको छ। कोलम्बियामा यस्तो चामत्कारिक घटना भएको हो। देशको राष्ट्रिय सेनाले चालीस दिनअघि सेस्ना २०६ विमान दुर्घटनामा परेका हुइटोटो आदिवासी समूहका चारजना बालबालिकाको जीवितै उद्धार गरेको हो। कोलम्बियाली अधिकारीका अनुसारसेनाले देशको अमेजन जंगलबाट तेह्र, नौ, चार र एक वर्षका बालबालिकालाई उद्धार गरेको हो।

सान होसे डेल ग्वाभियर सहरतर्फ उडिरहेको सानो सेस्ना २०६ विमान अराकुरा जंगलमा दुर्घटना हुँदा विमानका चालक, ती बालबालिकाकी आमा र एक स्थानीय आदिवासी नेताको मृत्यु भएको थियो। घटनास्थलमा अन्यको शव फेला परे पनि विमानमा सवार बालबालिका भने हराइरहेका थिए। विमान जंगलमा वृक्षभै ठडिएको अवस्थामा भेटिएको थियो। दुर्घटनापछि हराएका बालबालिकाको खोजी गर्न कोलम्बिया सरकारले एक सय ६० जना सिपाही र जंगल क्षेत्रको सम्पूर्ण जानकारी भएका ७० जना आदिवासी जनजाति सम्मिलित एक विशाल टोली परिचालन गरी खोजी कार्य सुरु गरेको थियो। उक्त दुर्घटनाले विश्व समुदायको समेत ध्यानाकर्षण गरेको थियो।

हिंस्रक जंगली जनावर, विषालु सर्प र सशस्त्र लागुऔषध तस्कर समूहको आधार इलाकामा उनीहरूको खोजी गर्नु चानचुने काम थिएन। तर, खोजी टोलीले खुट्टाको छाप, एउटा डाइपर, आधा खाएको फल

इतिहासमा आज

जुन ११



२०१० : अफ्रिकाद्वारा पहिलोपटक फिफा विश्वकप आयोजना। दक्षिण अफ्रिकाको जोहानेसबर्गमा १९औँ एसोसिएसन विश्वकप फुटबलको उद्घाटन भएको थियो। यस ऐतिहासिक संस्करणको विजेता स्पेन थियो।

सन् १९५५ : ले मान्स कार रेस दुर्घटनामा ८० भन्दा बढी व्यक्तिको मृत्यु। यो फ्रान्सको इतिहासमा सबैभन्दा खराब कार रेसिङ दुर्घटनामध्ये एक थियो। पियरे लेवेघको मर्सिडिज दर्शकहरूको भिडमा दुर्घटनाग्रस्त हुँदा आगो लागेको थियो।

सन् २००१ : ओक्लाहोमा सिटीका आक्रमणकारीलाई मृत्युदण्ड दिइएको दिन। सन् १९९५ को अप्रिल १९ मा ओक्लाहोमा सहरको एक संघीय भवनमा बम विस्फोटमा दोषी ठहरिए टिमोथी म्याक भेगलाई आजकै दिन मृत्युदण्ड दिइएको थियो। उनी संलग्न रहेको विस्फोटमा १६८ जना मानिसको मृत्यु भएको थियो। उक्त हमला अमेरिकामा भएका खराब अतिवादी हमलामध्ये एक थियो।

सन् १९८७ : बेलायतमा मार्गरेट थ्याचर लगातार तेस्रो कार्यकाल प्रधानमन्त्री बनेकी थिइन्। कन्जर्भेटिभ नेतृ थ्याचरले सन् १९७९ देखि १९९० सम्म प्रधानमन्त्री र सन् १९७५देखि १९९० सम्म कन्जर्भेटिभ पार्टीको नेताको रूपमा सेवा गरिन्।

३५ दिने धितो लिलाम सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०२/२८)

उपरोक्त सम्बन्धमा यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, हर्जना व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मैखिक सूचना ताकेता गर्दा पनि ऋण कर्जा चुक्ता भूक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो ३५दिने धितो लिलामको सार्वजनिक सूचना प्रकासित गरिएको हो।

यो सूचना प्रकाशित भएको मिति भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा नेपाल सरकारको प्रचलितत कानून बमोजिम संस्था आफैले धितो लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबड गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकासित भएको मितिले ३६ औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

तपसिलः

सि. नं.	ऋणीको विवरण	फोटो	जमानतकर्ताको विवरण	फोटो
१	**आभा कर्ण** ना.प्र.नं. १५१०१९ /६६२ जारी मिति : २०६६।०१।३१ बाबुको नाम : लक्ष्मीनारायण दत्त ससुराको नाम : सरुप नारायण लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा-वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।		**१) अजितकुमार कर्ण** ना.प्र.नं. ६१९/१८५४ जारीमिति : २०४३।०४।२९ बाबुको नाम : सरुप नारायण लाल दास बाजेकोनाम : नथ्थु लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा - वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार। **२) ब्रजेश कर्ण** ना.प्र.नं. २०१९/१६०१६ जारी मिति : २०७१।०३।१८ बाबुको नाम : अजितकुमार कर्ण बाजेको नाम : सरुप नारायण लाल दास ठेगाना : सिराहाजिल्ला, इनर्वा - वडा नं. ०१ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।	 
	धितोको विवरण : सरुप नारायण लाल दासको बुहारी, लक्ष्मीनारायण दत्तको छोरी आभा कर्णको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला गोलढुंगा गा.वि.स वडा नं. ४ख कित्ता नं. २३९ को क्षेत्रफल ५ आना(१५८.९८ वर्ग मि) भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।			
२	**तिलकबहादुर भण्डारी** ना.प्र.नं. १९७६/९४१ जारी मिति : २०४४।१०।२४ बाबुको नाम : दिलबहादुर भण्डारी बाजेको नाम : विरवत भण्डारी ठेगाना: रुकुमजिल्ला, विजयश्वरी वडा नं. ३ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।		**जमुना भण्डारी** ना.प्र.नं. १९९८/८२७ जारी मिति : २०४४।१०।२४ बाबुको नाम : शशे बुढाथोकी ससुराको नाम : दिलबहादुर भण्डारी ठेगाना : रुकुमजिल्ला, विजयश्वरी- वडा नं. ३ हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।	
	धितोको विवरण : दिल बहादुर भण्डारीको बुहारी, शशे बुढाथोकीको छोरी जमुना भण्डारीको नाममा मालपोत कार्यालय चार्वाहिलमा दर्ता श्रेष्ता कायम भएको काठमाडौं जिल्ला मुलपानी गा.वि.स वडा नं. ८ग कित्ता नं. ३०५ को क्षेत्रफल २ आना(६३.५९ वर्ग मि) भएको जग्गा घर र सो जग्गाले चर्चेको लिगलगापात समेत।			

कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ५, थलि, काठमाडौं

फोन नं: ०१(४४५०१२६, ०१(४४५०७४३

काठ दाउरा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मिति : २०८०/०२/२८

यस सामुदायिक वन क्षेत्रबाट चालु आ.व. २०७९/०८० मा पुनरुत्पादन कटान तथा ढलापडा रुखहरु संकलन गरी घाटगद्दीमा राखेको साल तथा अन्य जातको गोलिया काठ थान ७८५ को १०४५७.८६ क्यु.फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम गर्नुपर्ने भएकोले यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ।यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष

श्री लालमटिया सामुदायिक वन उपभोक्ता समूह

वाणगंगा न.पा.-२, कप्टैया, कपिलवस्तु

हकदावीको सूचना

बागमती प्रदेश चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.२७ बस्ने श्री राम बहादुर थापाको नातीनी, श्री एक बहादुर थापाको छोरी, श्री कौशिला देवी थापाको मिति वि.सं.२०७९/०६/२० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. २६२०५०८००११५३२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको माइलो छोरा खुम बहादुर थापाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
मेघौली, चितवन
फोन नं:- ९८५४०१०९३५,
९८२९१४५०१७

यसरी हुन्छ बजेट कार्यान्वयन

कानुन, मापदण्ड र मार्गदर्शन पूर्णतः पालना गर्नुपर्छ, यस्ता कामले पनि बजेट कार्यान्वयनमा सहयोग पुग्छ



अर्थ संवाद

• डा. दिलनाथ दंगाल

आर्थिक वर्ष ०८०/८१ का लागि अर्थमन्त्री डा. प्रकाशशरण महतले जेठ १५ गते संसद् मार्फत १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गर्नुभयो । बजेट प्रस्तुत भएपछि सबैभन्दा धेरै चर्चा पाएको विषय भनेको बजेटमा धेरै कुरा समेटिएका छन्, तर कार्यान्वयन सम्भव छैन वा कार्यान्वयन कसरी हुन्छ हेर्ने बाँकी छ भन्ने नै हो । आजसम्मका बजेट कार्यान्वयनको अनुभवलाई हेर्ने हो भने यो खालको टिप्पणी स्वाभाविक पनि देखिन्छ । तर, हामीले सधैँभरि पुराना ढाँचाबाट बजेट तयार पार्दा र कार्यान्वयनमा नवीनता नल्याउँदासम्म यो समस्या आई नै रहन्छ । हामीकहाँ विनियोजन भएको बजेट समयमा बाँडफाँट हुन नसक्दा बजेट कार्यान्वयनमा समस्या आउने गरेको देखिन्छ । तसर्थ, बजेट कार्यान्वयनका लागि समयमा यसको बाँडफाँट गर्नुपर्ने पहिलो सर्त हुन आउँछ ।

तीनै तहका सरकारले बजेट तयार पार्ने समयमा सरोकारवाला सबै पक्षले आफ्नो पक्षमा बजेट पार्न धेरै कसरत गरेको देखिन्छ । बजेट वक्तव्यमार्फत बजेट ल्याउँदा योजनाविद्, अर्थमन्त्री, जनताका प्रतिनिधि एवं आमनागरिक सबै पक्ष बजेट सफल भएको ठान्छन् । तर, कार्यान्वयनमा लैजाँदाको अवस्थामा जति कसरत गर्नुपर्ने हो, सो गरेको पाइँदैन ।

कतिपय अवस्थामा मन्त्रालय र विभागले अपनत्व नलिँदा तथा बजेट कार्यान्वयनमा सरकारबाटै उदासीनता देखाउँदा पनि समयमा बजेट कार्यान्वयन हुन समस्या देखिएको छ । तसर्थ, तीनै तहका सरकार र अन्तरमन्त्रालय तथा विभागबीच सहकार्य र अनुभव आदानप्रदान गरी बजेट कार्यान्वयनको समयमा पनि सबै पक्षबाट बढी कसरत गर्न सकियो भने बजेट सहज ढंगबाट कार्यान्वयन हुन्छ ।

कहिलेकाहीं बजेटमा विनायोजना र दबाबका भरमा कार्यक्रम आउने गर्छन् । यदि यस्ता कार्यक्रम बजेटमा परेका भए ती कार्यक्रम खारेज गर्ने र प्रतिपक्षका कुरा सुनेर न्यूनतम साझा सहमतिका आधारमा अगाडि बढ्ने गर्नुपर्छ । यसका साथै सार्वजनिक खरिद ऐन समयानुकूल परिमार्जन गर्ने, बजेट खर्च गर्ने मन्त्रालयहरूमा समयमा नै कार्यविधि तयार पारी कार्यान्वयनमा लैजाने, काम समयमा सम्पन्न नगर्ने ठेकेदारलाई कारबाही र समयमा काम सम्पन्न गर्नेलाई पुरस्कारको व्यवस्था गर्न सकियो भने बजेट समयमा नै कार्यान्वयन हुन्छ ।

त्यसैगरी, परियोजना सम्पन्न नहुँदासम्म त्यहाँ कार्यरत कर्मचारी परिवर्तन गर्नुहुँदैन । किनकि, बजेटमा उल्लेख भएका कार्यक्रम ठेक्का प्रक्रिया पूरा गरेर अगाडि बढे पनि कतिपय अवस्थामा ठेक्काप्राप्त व्यक्तिलाई सरकारी कर्मचारीले सहजीकरण गर्नुपर्ने र चाँडो भुक्तानी दिनुपर्ने पनि हुन सक्छ । यदि यसो गरिएन भने काम बिग्रिएपछि ती ठेकेदार अप्ठेरोमा परी सधैँ बजेट अलपत्र पर्ने सम्भावना हुन जान्छ । तसर्थ, यी विषयमा पनि सम्बन्धित निकायहरूको ध्यान गयो भने बजेट सजिलै कार्यान्वयनको दिशातर्फ अगाडि बढ्छ ।

ठेकेदार कम्पनीले गरिरहेका कामको अनुगमन गरी प्रगति विवरण संकलन गर्नुपर्ने र यो क्रममा केही कमी-कमजोरी भए सम्बन्धित निकायले समयमा नै उनीहरूलाई सचेत गराउनुपर्छ । त्यसैगरी, कर्मचारीको इमानदारिता र सक्रिय सहभागिता बढाउने, तीन-तीन महिनामा बजेट र मार्गदर्शनहरूको पूर्णतः कार्यान्वयन पनि गर्नुपर्छ । यस्ता कामले पनि बजेट कार्यान्वयनमा सहयोग पुग्छ ।

त्यसैगरी, बजेट कार्यान्वयन सहज गर्ने अर्को पाटो भनेको सरकारले राखेको लक्ष्यअनुसारको राजस्व संकलन पनि हो । यो बजेटमा सरकारले १२ खर्ब ४८ अर्बको राजस्व संकलन गर्ने लक्ष्य राखेको छ । यो आर्थिक वर्षमा ५५ वर्षयताकै बजार चलायमान हुन नसक्दा राजस्व उठेन कि ? करछली र चुहावट बढी भयो कि वा भन्सार विभाग, आन्तरिक राजस्व विभाग, महालेखा आदिले बाँकी बक्यौता उठाउनुपर्ने देखाएको सन्दर्भमा यस्तो बाँकी बक्यौता उठ्न बाँकी नै छ कि ? बेरुजुका कारणले पो समस्या ल्यायो कि ? तथा, व्यवस्थापकीय समस्याका कारणले कर उठेन कि ? जस्ता विषयको खोजी गरी यसको समाधानतिर लाग्नुपर्छ ।



> सार्वजनिक खरिद ऐन समयानुकूल परिमार्जन गर्ने, कार्यविधि कार्यान्वयनमा लैजाने, तोकिएको समयमा काम सम्पन्न गर्ने ठेकेदारलाई पुरस्कारको व्यवस्था र नगर्नेलाई कारबाही गर्दा पनि बजेट कार्यान्वयन हुन्छ

> अनौपचारिक अर्थतन्त्रलाई औपचारिकमा लैजान तथा मूल्य अभिवृद्धि कर, भन्सार शुल्क, अन्तःशुल्कको छली र नाकाबाट हुने चोरी निकासीलाई रोक्न सकेमा पनि राजस्व कम भई राजस्व संकलनमा सकारात्मक प्रभाव पर्छ

कार्यान्वयनसम्बन्धी मूल्यांकन बैठक गरी सोहीअनुसार अगाडि बढ्ने, काम सम्पन्न हुनासाथ भुक्तानी दिने गर्नुपर्छ । यस्तै, औचित्यका आधारमा रकमान्तर र कार्यक्रम संशोधन प्रस्ताव गर्ने, वैदेशिक स्रोतका कार्यक्रम र आयोजना कार्यान्वयनमा तीव्रता ल्याउने, कानुन, मापदण्ड

सबैभन्दा कम राजस्व संकलन भएको अवस्थामा आगामी वर्षका लागि सरकारले राखेको लक्ष्य पूरा हुनेमा शंका गरिएको छ । यसबाट छुटकारा पाउनका लागि सरकारले चालू वर्षमा १० वटा वस्तुमा लगाइएको प्रतिबन्धका कारणले राजस्व कम भयो कि ? समयमा बजेट खर्च हुन नसकेर

चालू आर्थिक वर्षको अनुभव हेर्दा के देखियो भने भन्सारमा आधारित हाम्रो राजस्वमा वस्तु आयातमा रोक लगाउँदा यसको सकारात्मक नतिजा आएन । यसको असर सीधै राजस्व संकलनमा त पऱ्यो नै, दुई देशका बीचमा खुला सिमाना भएकाले चोरीनाकाबाट रोक लगाएका वस्तु आउन बन्द नहुँदा विदेशी मुद्राको सञ्चितिमा जुन सकारात्मक परिणाम आउँछ भन्ने अपेक्षा गरिएको थियो, सो हुन सकेन ।

यस्तै, अनौपचारिक अर्थतन्त्रलाई औपचारिकमा लैजान तथा मूल्य अभिवृद्धिकर, भन्सार शुल्क, अन्तःशुल्कको छली र नाकाबाट हुने चोरी निकासीलाई रोक्न सकेमा पनि राजस्व चुहावटलगायतलाई कम गरी राजस्व संकलनमा सकारात्मक प्रभाव पर्न सक्छ । यो कार्यलाई सहज बनाउन गृह मन्त्रालयको पनि सहयोग आवश्यक पर्ने देखिन्छ । सम्बन्धित निकायले बक्यौता उठाउने विषय औंल्याएको सन्दर्भमा यसमा पनि सरकारले ध्यान दियो भने आगामी वर्षमा राजस्व संकलनमा सहजता होला ।

हाम्रो जस्तो कर्मचारीतन्त्र भएको देशमा व्यवस्थापकीय सुधारका माध्यमबाट पनि राजस्व संकलनमा सुधार ल्याउन सकिन्छ । यसका लागि राजस्वमा खटाइएका कर्मचारीहरूको मनोबल बढाउन उच्च कर संकलन गर्ने कर्मचारीलाई विभिन्न खाले प्रोत्साहन गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कर्मचारी अपुग भएको खण्डमा त्यसको पूर्ति गर्ने आदि कार्य गर्न सकिन्छ भने राम्रो काम नगर्ने कर्मचारीलाई अन्यत्र सरुवा गरी कामकाजीलाई मात्र उक्त ठाउँमा ल्याउनुपर्छ ।

गत वर्ष देशको आर्थिक गतिविधिमा सुस्तता आएकाले राजस्व संकलनमा कमी आयो । अतः यो कठिन अवस्थामा हाम्रो अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै व्यावसायिक गतिविधि पनि बढाउनुपर्छ ।

यसले पनि राजस्व संकलनमा सकारात्मक परिणाम ल्याउँछ । साथै, पुँजीगत खर्च कम हुनासाथ स्वतः राजस्व संकलनमा कमी आउने हुनाले आगामी वर्षमा पुँजीगत खर्च वृद्धि गर्न सकियो भने राजस्व संकलन बढेर जान्छ । यी विषयमा ध्यान दिन सकेमा आगामी आर्थिक वर्षमा राजस्व संकलन र बजेट कार्यान्वयनलाई सहज बनाउन सकिन्छ ।

(डा. दंगाल त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक हुन्)

अंक र अर्थ

चालू आर्थिक वर्षको २० वैशाखसम्म दर्ता उद्योग

आर्थिक मन्दीकै बीच साढे नौ महिनामा नेपालमा स्वदेशी तथा विदेशी लगानीका दुई सय ३५ उद्योग दर्ता भएका छन् । चालू आर्थिक वर्षको २० वैशाखसम्म दर्ता भएका यी उद्योगमार्फत एक खर्ब ८९ अर्ब १९ करोड रुपैयाँ लगानी गर्ने प्रतिबद्धता जनाइएको छ । तर, यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा लगानी प्रतिबद्धता करिब ३५ प्रतिशतले कमी हो । उद्योग विभागका अनुसार गत वर्षको सोही अवधिमा दुई खर्ब ९० अर्ब ५२ करोड लगानी प्रतिबद्धताका दुई सय ५५ उद्योग-परियोजना दर्ता भएका थिए ।

उद्योग-परियोजना	०७८/७९	०७९/८०
कृषि तथा वन पैदावार	५ अर्ब ९ करोड	९१ करोड
ऊर्जामूलक	१ खर्ब ३९ अर्ब ४८ करोड	१ ख र्ब १ अर्ब १७ करोड
सूचना प्रविधिमा आधारित	१ अर्ब ८५ करोड	६१ करोड
पूर्वाधार	२ अर्ब २८ करोड	१३ करोड
उत्पादनमूलक	७४ अर्ब ४ करोड	३६ अर्ब ८३ करोड
खनिज	११ करोड	७६ करोड
सेवामूलक	४३ अर्ब ७६ करोड	२९ अर्ब १४ करोड
पर्यटन	२३ अर्ब ९१ करोड	१९ अर्ब ६४ करोड
कुल	**२ खर्ब ९० अर्ब ५२ करोड**	**१ खर्ब ८९ अर्ब १९ करोड**

अर्थ ज्ञान

के हो बौद्धिक सम्पत्ति ?

बौद्धिक सम्पत्ति भन्नाले वस्तु तथा पदार्थको अविष्कार, कुनै वस्तुको निश्चित छाँट वा रूप, वस्तु वा सेवाको पहिचान दिने गरी बनाइएको शब्द, चिह्न वा चित्र आदि भन्ने बुझिन्छ । औद्योगिक बौद्धिक सम्पत्तिअन्तर्गत पेटेन्ट, डिजाइन र ट्रेडमार्क पर्दछन् । पेटेन्ट भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरिका तथा नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी आविष्कार सम्झनुपर्ने ऐनमा उल्लेख छ । त्यस्तै, 'डिजाइन' भन्नाले कुनै प्रकारले तयार गरी बनाइएको वस्तुको छाँट, रूप वा आकार सम्झनुपर्छ । 'ट्रेडमार्क' भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिह्न वा चित्र वा शब्द, चिह्न र चित्र तीनै कुराको संयोग हुने ऐनमा उल्लेख छ । विश्व बजारमा बौद्धिक सम्पत्ति संरक्षण तथा अधिकारबारे निकै चासो राखिन्छ ।

अहिले 'पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२' अनुसार बौद्धिक संरक्षणसम्बन्धी नियमन गरिँदै आएको छ । उक्त कानुनअनुसार कुनै पेटेन्ट वा ट्रेडमार्कउपर अधिकार प्राप्त गर्न चाहने व्यक्तिले सो पेटेन्ट वा ट्रेडमार्क यस ऐनबमोजिम आफ्नो नाममा दर्ता गराउनुपर्छ । विद्यमान कानुनले नेपालमा जुनसुकै बौद्धिक सम्पत्तिमाथिको अधिकार सबैभन्दा पहिले जसले दर्ता गराउँछ, त्यसकै हुने व्यवस्था गरेको छ । नेपालमा दर्ता नगरी हक नलाग्ने कानुनी व्यवस्था छ । औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षणमा कमजोर रहेको भन्दै अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आलोचना हुने गरेको छ । खासगरी अमेरिका र युरोपका विभिन्न मुलुकले दुईपक्षीय वार्तामा नेपालसँग बौद्धिक सम्पत्ति संरक्षणको प्रत्याभूति माग्ने गरेका छन् । यद्यपि, पछिल्लो समयमा नेपालमा पनि बौद्धिक सम्पत्तिको संरक्षणबारे चेतना बढ्दै गएको छ ।

अर्थ विश्व

तेल उत्पादन कटौतीको प्रभाव

कच्चा तेल (क्रुड आयल)मा आएको गिरावटले ओपेक समूह देशको चिन्ता बढेको छ । यसैबीच, साउदी अरबले जुलाईदेखि प्रतिदिन १० लाख ब्यारेल तेल उत्पादन कटौती गर्ने बताएको छ । यसको कारण ओपेक समूहले मूल्यमा गिरावट आएसँगै उत्पादन कटौती गर्न चाहेको बुझिएको छ । यसअघि पनि ओपेकले दुईपटक तेल उत्पादनमा कटौती गरिसकेको छ ।

तेल उत्पादन कटौतीमा ओपेकको समर्थन

ओपेक समूहका देशबीच भएको यो सम्झौताअनुसार अन्य कच्चा तेल उत्पादक देश पनि सन् २०२४ को अन्त्यसम्म पहिलेको उत्पादनको तुलनमा कटौती गर्न सहमत भएका छन् । साउदीद्वारा तेल उत्पादन कटौतीको निर्णयबारे साउदीका ऊर्जामन्त्री प्रिन्स अब्दुला अजिज बिन सलमानले ओपेकबाहेकका देशसँगको सम्झौतामा सहमति जुटेको बताएका छन् ।

अझै बढ्ने हुन सक्छ कटौती

ऊर्जामन्त्री सलमानका अनुसार नयाँ उत्पादन लक्ष्य पहिलेभन्दा बढी पारदर्शी र न्युट्रल हुनेछ भने आगामी दिन तेल उत्पादन कटौती अझै बढ्न सक्छ । यस्तै, साउदीको ऊर्जा मन्त्रालयले देशको उत्पादन जुलाईमा घटेर प्रतिदिन



९० लाख ब्यारेल पुग्ने बताएको छ । यस्तो उत्पादनमा मे महिनामा एक करोड ब्यारेल प्रतिदिन थियो । पछिल्ला केही वर्षको तुलनामा यो कटौती अहिलेसम्मकै बढी हो ।

तेलमा कटौतीको प्रभाव के ?

ओपेक देशद्वारा कच्चा तेल उत्पादनमा कटौतीको असर विश्वमै पर्न सक्ने अनुमान गरिएको छ । कारण, ओपेकले विश्वको कुल तेलको ४० प्रतिशत उत्पादन गर्छ । यसरी उत्पादनमा कटौती हुँदा यसको असर कच्चा तेलको मूल्यमा पर्नेछ । भारतलगायत बाहिरबाट तेल आयात गर्ने देशमा कटौतीको प्रभाव देखिनेछ ।

ओपेक के हो ?

ओपेक (अर्गनाइजेसन अफ द पेट्रोलियम एक्पोर्टिङ कन्ट्रिज)को स्थापाना सन् १९६० मा भएको हो । यो पेट्रोलियम पदार्थ उत्पादक देशहरूको समूह हो ।

यसका सदस्यमा साउदी अरब, अल्जेरिया, इरान, इराक, कुवेत, संयुक्त अरब इमिरेट्स, नाइजेरिया, लिबिया, भेनेजुएला, अंगोला, गबोन, गिनी, इक्वेडर र कंगो छन् । यो समूहमा पहिले कतार पनि थियो । तर, सन् २०१८ मा निष्कासित गरिएको थियो ।

सिलिकन भ्यालीमा चर्चाको विषय बनेको हेडसेट

विज्ञका अनुसार हेडसेट अत्यधिक महँगो भएकाले यसले आमउपभोक्तालाई धेरै आकर्षित गर्नेछैन

एप्पलको भिजन प्रो अन्य हेडसेटभन्दा बिल्कुलै फरक खालको हेडसेट हो । हेर्दा भर्चुअल रियालिटी हेडसेटको तुलनामा स्किइङका गगल्सजस्तो देखिन्छ । कम्पनीले यो नयाँ डिभाइसमा 'अग्मेन्टेड रियालिटी' (संवर्द्धित वास्तविकता) टर्म प्रयोग गरेको बताएको छ ।

एप्पलले बहुप्रतीक्षित अग्मेन्टेड रियालिटी हेडसेट 'भिजन प्रो' लन्च गरेको छ । एप्पल कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) टिम कुकका अनुसार नयाँ हेडसेट भर्चुअल र वास्तविक संसारलाई सजिलैसँग मिलाउन सक्छ ।

टेक्नोलोजीको शीर्ष कम्पनी एप्पलले आइफोनका लागि नयाँ अपरेटिङ सिस्टम र म्याकबुक एयर ल्यापटपका लागि अपडेट पनि ल्याएको छ । सार्वजनिक भएको हेडसेट एकपटक चार्ज भएपछि दुई घन्टा चल्नेछ । यसको मूल्य ३४९९ डलर रहेको छ । उपभोक्ताका लागि आगामी वर्ष अमेरिकी बजारमा उपलब्ध हुने बताइएको छ ।

एप्पल हेडसेटको मूल्य बजारमा पाइने आमहेडसेटभन्दा कैयौँ गुणा महँगो हो । गत हप्ता मेटाले पनि क्वेस्ट हेडसेट लन्च गरेको थियो, जसको मूल्य ४९९ डलर थियो । यद्यपि, एप्पलले आर्टिफिसियल इन्टेलिजेन्सबारे धेरै केही बोलेको छैन । अहिले यो नयाँ प्रविधिको हेडसेट सिलिकन भ्यालीमा चर्चाको विषय बनेको छ ।

एप्पलको भिजन प्रो अन्य हेडसेटभन्दा बिल्कुलै फरक खालको हेडसेट हो । हेर्दा भर्चुअल रियालिटी हेडसेटको तुलनामा स्किइंगका गगल्सजस्तो देखिन्छ । कम्पनीले यो नयाँ डिभाइसमा 'अग्मेन्टेड रियालिटी' टर्म प्रयोग गरेको बताएको छ । अग्मेन्टेड रियालिटी (संवर्द्धित वास्तविकता)ले हाम्रो वरिपरि भर्चुअल जिचबिज राखिदिन्छ र एउटा स्क्रिनमार्फत मिल्दोजुल्दो वास्तविकता देखिन्छ । त्यसमा वास्तविक



चिजका साथै भर्चुअल चिज पनि हुने कम्पनीको भनाइ छ ।

प्रयोगकर्ताले भर्चुअल दुनियाँमा फिल्म हेर्न, एप प्रयोग गर्न वा दस्तावेज लेख्न पनि सक्छ । तर, अहिलेसम्म यस्तो खालको प्रविधिका लागि पर्याप्त बजारको सुनिश्चितता छैन । यस्तो अवस्थामा नयाँ हेडसेटले प्रयोगकर्तालाई कत्तिको आकर्षित गर्छ, त्यो हेर्न बाँकी नै छ ।

विशेषज्ञका अनुसार हेडसेटले आमउपभोक्तालाई त्यति धेरै आकर्षित गर्नेछैन । कारण, यो अत्यधिक महँगो छ । अर्को कुरा, यो फर्स्ट जेनेरेसन डिभाइस भएकाले यसमा केही कमी पनि हुन सक्छन् । म्याकरुमर्जका सिनियर एडिटर हार्टले सार्ल्टसनको भनाइमा एप्पलले आफ्ना डिभाइसमाथि गरिने हरेक शंकालाई गलत साबित गर्दै आएको छ । उसको इतिहास आममानिसलाई आफ्ना उत्पादनमा आकर्षित गरेको पाइन्छ । विगतको प्रदर्शन हेरेर पनि उपभोक्ताले हेडसेटमा पैसा लगाउन हिचकिचाउँदैनन् ।

भिजन प्रो डिभाइसबारे सिइओ कुकले हेडसेटले प्रयोगकर्तालाई वास्तविक संसारभन्दै गरी डिजिटल कन्टेन्ट हेर्ने, सुन्ने र संवाद गर्ने अवसर दिन्छ । साथै, डिभाइसलाई हात, आँखा र आवाजमार्फत नियन्त्रण गर्न सकिन्छ । यस्तै, औंलाले छुँदा या हल्लिँदा कन्टेन्ट स्क्रोल गर्न सकिन्छ ।

मेटा र लेनेभोले भर्चुअल रियालिटी हेडसेटको नयाँ स्वरूप जारी गरेको हप्तादिनपछि एप्पलले यस्तो घोषणा गरेको हो । मेटा र लेनेभोका हेडसेटले वास्तविक संसारको दृश्यमा कुनै भर्चुअल अब्जेक्ट मिश्रण गर्दैनन् । मेटाले पनि मिश्रित वास्तविकताको क्षेत्रमा लगानी गरेको छ । तर, यतिबेला यो सेक्टरले संघर्ष गरिरहेको छ ।

शोधकर्ता थोमस ह्युसनका अनुसार नयाँ डिभाइसले आफ्नो बजार खोज्न केही समय लाग्छ । ह्युसन भन्छन्, 'यदि १०-१५ वर्षअगाडि उपभोक्ताले फोनमा करिब दुई हजार डलर खर्च गर्न सक्छन् भनेको भए सायदै खर्च गर्थे होलान् । तर, अब स्थिति अर्कै भएको छ । उपभोक्ता गुणस्तरीय चिज चिन्न सक्षम भएका छन् ।'

आइएसओ-१७ : भिजन प्रोको घोषणासँगसँगै एप्पलले नयाँ अपरेटिङ सिस्टम आइओएस-१७ पनि जारी गरेको छ । यो आइफोन पछिल्लो अपरेटिङ सिस्टम भएको बताइएको छ । यसको अपडेटमा कन्टेक्टर पोस्टर पनि छ । यसमार्फत प्रयोगकर्ताले कसैलाई फोन गर्दा दोस्रो व्यक्तिको स्क्रिनमा फोन गर्ने व्यक्तिको अनुहार देखिन्छ । यसबाहेक लाइभ भ्वाइसमेल पनि उपलब्ध छ । जसअन्तर्गत म्यासेज रियल टाइममा ट्रान्सक्रिप्ट पनि हुनेछ । एप्पल मेसेजअन्तर्गत पठाइने अडियो मेसेजमा यो सुविधा उपलब्ध हुने कम्पनीको भनाइ छ ।

यसैगरी, एप्पलले चेक-इन नामक नयाँ सिस्टम पनि ल्याउने तयारी गरेको छ । यो सिस्टममार्फत आफू कुनै ठाउँ पुग्दा आफ्ना साथीभाइ तथा परिवारलाई सम्बन्धित ठाउँमा पुगेको सन्देश पुग्नेछ ।

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २८ जेठ ०८०

नश्ल सुधारको सात दशक : उपलब्धि आंशिक मात्रै

उन्नत जातका पशु ५१ प्रतिशत पुगे, दूधमा आत्मनिर्भर बन्न अझै सकस

भोजराज भण्डारी/नयाँ पत्रिका

नश्ल सुधार गरी नेपालको कृषि उत्पादन बढाएर आत्मनिर्भर बनाउने प्रयास सात दशकदेखि भइरहेको छ। तर, सोचेअनुसार उत्पादन हुन सकेको छैन। विसं २००८ मा तत्कालीन सरकारले बेलायतबाट छोटो सिङ भएका साँढे, जर्सी र ब्राउनस्विस जातका गाई र साँढे ल्याएको पशु विभागको अभिलेखमा उल्लेख छ। सोही समयमा पाकिस्तानबाट पनि रेड सिन्धी जातका साँढे ल्याई स्थानीय गाईहरूमा प्रयोग गरी वर्णशंकर बाच्छाबाच्छीहरू उत्पादन गर्ने र उत्पादकत्व बढाउने लक्ष्य लिएको देखिन्छ।

विभागको अभिलेखअनुसार ०२६ मा कृत्रिम गर्भाधान आयोजना त्रिपुरेश्वरबाट जर्सी ब्राउनस्विस, आयरसायर तथा होलिस्टिन साँढेको वीर्य संकलन गर्न थालिएको थियो। साथै, तरल वीर्यबाट कृत्रिम गर्भाधान गराउने कार्यको सुरुवात भएको थियो। यसलाई निरन्तरता दिँदै सरकारले विभिन्न कालखण्डमा नश्ल सुधार गरी विभिन्न देशबाट उन्नत जातका गाई, साँढे, सिमोन (वीर्य) ल्याइरहेको छ। यसभन्दा अघि आनुवंशिक अनुसन्धान केन्द्रका वैज्ञानिकहरूका अनुसार विसं १९१७ मा श्री ३ जंगबहादुर राणाको प्रयासमा बेलायतबाट जर्सी गाईहरू ल्याएर पशुमा नश्ल सुधारको थालनी गरिएको पनि भनिन्छ।

वार्षिक आठ लाख गर्भाधान पुग्ने वीर्य उत्पादन

सरकारले नश्ल सुधार गरी दूध उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य लिएको सात दशक भए पनि अझै पर्याप्त उत्पादन नभएको पशु विभागका सूचना अधिकारी डा. चन्द्र ढकाल बताउँछन्। उनले भने, 'अहिले हामी जति मात्रामा उन्नत जातमा फोकस हुनुपर्थ्यो, त्यति गम्भीर भएर यो क्षेत्रलाई हेरिएको छैन, सरकारले मात्र नभई निजी क्षेत्रले यसलाई व्यवसायका रूपमा लिने हो भने तीव्र गतिमा अघि बढ्छ र आत्मनिर्भर बन्न समय लाग्दैन।'

पशु विभागका अनुसार वार्षिक आठ लाख गर्भाधान हुने सिमोन उत्पादन हुँदै आएको छ। पोखरा, नेपालगन्ज र लाहान पशु प्रजनन कार्यालयमा १८ वटा मुर्रा जातका राँगा, २१ वटा जर्सी साँढे, होलिस्टिन जातका २२ वटा साँढे, जैसवाल र गिर एक-एकवटा रहेका छन्।

पोखरामा मुर्रा जातका आठवटा राँगा, १२ वटा उन्नत जातका जर्सी, १३ वटा होलिस्टिन जातका साँढेबाट सिमोन उत्पादन गरिन्छ। लहानमा दुईवटा मुर्रा राँगो छन् भने एउटाबाट सिमोन उत्पादन भइरहेको र अर्को हुकिँदै छ। त्यस्तै, सातवटा होलिस्टिन जात छन् भने जर्सी ६ वटा, जैसवाल एक र गिर

■ भैँसीको मोलका सानेन बाख्रा

बाख्रा अनुसन्धान कार्यक्रम बन्दीपुरमा एउटै सानेन जातको बाख्राको मूल्य दुई लाख रुपैयाँभन्दा बढी पर्ने कार्यक्रमका संयोजक कँडेलले बताए। उनका उनका अनुसार विशेष गरी यो जाताको ब्राखा मासु खानभन्दा पनि दूध उत्पादनका लागि किन्ने गरिन्छ। अमेरिकाबाट ०७१ सालमा खरिद गरिएको बाख्रा खाद्य सुरक्षा आयोजना (विश्व खाद्य संगठन)अन्तर्गत आएको हो। कँडेल भन्छन्, 'सानेनले एकपटकमा पाँच लिटरसम्म दूध दिन्छ, क्रस भएमा तीन लिटरसम्म दिन्छ।' विशेष गरी बच्चालाई खुवाउन उपयुक्त पोसिलो हुने उनको भनाइ छ। उनका अनुसार हाल दूध दिने २२ वटा रहेका छन्। पिओर बोर दुई सय २२ वटा रहेका छन्। अहिले ५९ वटा सानेन जातका बाख्रा रहेका छन्।

जात	संख्या	स्थान	वर्ष
उन्नत जातको साँढे	७	अमेरिका	२०७८
बोयर	करिब १००	अस्ट्रेलिया/अफ्रिका	२०७१
सानेन	२५	अमेरिका	२०७१
होलिस्टिन फ्रिजनका, साँढे/गाई	६३	दक्षिण कोरिया	७९
होलिस्टिन फ्रिजनका, साँढे/गाई	२२	दक्षिण कोरिया	आउने क्रममा
मुर्रा राँगा	१५	भारत	आउने क्रममा



जातको साँढे एक रहेका छन्। त्यस्तै, नेपालगन्जमा तीनवटा र दुई होलिस्टिन जातका साँढे र आठवटा मुर्रा राँगा छन्। त्यस्तै, नौवटा बोयर बोका छन्। कृषि मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा तीन लाख ६१ हजारलाई कृत्रिम गर्भाधान गराइएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय र राष्ट्रिय तथ्यांक कार्यालयको संयुक्त आयोजनामा गरिएको एकीकृत सर्वेक्षण, ०७८/७९ को प्रतिवेदनअनुसार नेपालमा स्थानीयभन्दा उन्नत जातका पशु व्यवसायको संख्या बढेको देखिन्छ। अहिले औसतमा ५१ प्रतिशत उन्नत जातका गाई-गोरु, भैँसी रहेका छन्।

पोखरा पशु प्रजनन कार्यालय प्रमुख दिननाथ पाण्डेका अनुसार वार्षिक पाँच लाख डोज सिमोनले माग धान्छ। माग आएकामध्ये पनि उत्कृष्ट गाई-भैँसीलाई कृत्रिम गर्भाधान गराउने उनको भनाइ छ। उनले भने, 'बाहिरी मुलुकबाट पनि निःशुल्क सिमोन प्राप्त हुन्छ, विशेष कार्यक्रम गरेर केही वर्षको अन्तरालमा सिमोन, भ्रूण ल्याउने चलन छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेपालमा अहिले ४४ हजार आठ सय ७३ वटा गाई-गोरुहरू व्यावसायिक रूपमा पालिएको तथ्यांक छ। जसमध्ये उन्नत जातका गाई-गोरुहरूको संख्या ७५ प्रतिशत छ। थिनीहरूमध्ये दूध दिने र नदिने गाईहरूको संख्या क्रमशः ६३ प्रतिशत र ३७ प्रतिशत छ।

जातअनुसार मुर्रा जातको भैँसीबाट सबैभन्दा बढी दूध उत्पादन हुने गरेको पाइएको छ। दूध दिने अवधिसम्ममा एक करोड २२ लाख लिटर दिने गरेको पाइन्छ भने मुर्रा जातको क्रसबाट एक बेतमा ६५ लाख ८४ हजार लिटर दिने गर्छ।

त्यस्तै, एक लाख ५० हजारवटा बाख्राहरू व्यावसायिक रूपमा पालिएको मन्त्रालयको तथ्यांक छ। जसमध्ये उन्नत जातका बाख्राहरूको संख्या ६७ हजार ६७ अर्थात् ४५ प्रतिशत रहेको छ। यी उन्नत जातका बाख्राहरूमध्ये बोर जातका बाख्रा सबैभन्दा बढी अर्थात् ३१ हजार ६ सय ३७ संख्यामा रहेको छ भने त्यसपछि जमुनापारी जातका छन्, जसको संख्या २३ हजार ६ सय ६३ रहेको छ। सबैभन्दा बढी अर्थात् २२ प्रतिशत बाख्रा कोसीमा र सबैभन्दा कम अर्थात् ४ प्रतिशत मधेस प्रदेशमा रहेको छ।

> अहिले औसतमा ५१ प्रतिशत उन्नत जातका गाई-गोरु, भैँसी छन्

दूध उत्पादन बढ्यो, तर आत्मनिर्भर हुन सकेन

नश्ल सुधार कार्यक्रमले दूधको उत्पादन बढेको मन्त्रालयको तथ्यांक छ। आव ०७४/७५ मा वार्षिक दूध उत्पादन २० लाख ९२ हजार टन थियो। आव ०७८/७९ मा आइपुग्दा २५ लाख ६६ हजार टन भएको छ। वार्षिक करिब एक लाख टन दूध उत्पादन थप भइरहेको छ। दूध उत्पादन बढे पनि आत्मनिर्भर भने अझै हुन सकेको छैन। हरेक वर्ष भारतबाट दूध आयात भइरहेको छ। यस वर्ष दूध उद्योगहरूले दुग्ध विकास बोर्डमार्फत थप २० लाख लिटर दूध आयात गर्न मन्त्रालयमा प्रस्ताव बुझाएका छन्। अघिल्लो आवमा पनि २० लाख लिटर दूध आयात गरिएको थियो। त्यस्तै, मासुमा भने नेपाल आत्मनिर्भर बनेको छ। आव ०७४/७५ मा तीन लाख ४६ हजार टन रहेको मासु उत्पादन आव ०७८/७९ मा पाँच लाख १२ हजार टन पुगेको छ। मन्त्रालयका अनुसार औसतमा वार्षिक प्रतिव्यक्ति मासु न्यूनतम १४ किलोको माग भए पनि अहिले प्रतिव्यक्ति २१ किलो उत्पादन भइरहेको छ। तर, दूधमा प्रतिव्यक्ति वार्षिक ९१ लिटर आवश्यक रहेकोमा ८८ लिटर उपलब्ध भइरहेको छ।

कुन देशबाट कस्ता पशु आयात ?

सरकारले अमेरिकाबाट ०७८ फागुनमा ल्याएका सातवटा साँढे पोखरा पशु प्रजनन कार्यालयमा राखिएको छ। प्रतिसाँढेको १८ लाख खर्चेर ल्याएको साँढेले वीर्य उत्पादन गर्न थालेको मन्त्रालयले जनाएको छ। त्यस्तै, खाद्य सुरक्षा कार्यक्रमअन्तर्गत ०७१ मा अस्ट्रेलिया र अफ्रिकाबाट सयवटा बोयर बोका ल्याइएको थियो। त्यसबाट क्रसब्रिड गराउने, लोकल बाख्रालाई पनि लगाउने गरिँदै आएको ब्राखा अनुसन्धान कार्यक्रमका बन्दीपुरका प्रमुख राजु कँडेलले जानकारी दिए। उनले भने, 'यसको मासु अन्य लोकल मासुको तुलनामा झन्डै २० किलोसम्म बढी हुन्छ र किसानहरू यसमा बढी आकर्षित छन्।' त्यस्तै, हेफर नेपालको सहयोगमा दक्षिण कोरियाबाट होलिस्टिन फ्रिजनका, साँढे-गाई गरी ६३ वटा गत वर्ष पुसमा प्राप्त भएको छ। जसमा ६ वटा साँढे ५७ वटा बाच्छी रहेका छन्। थप २२ वटा बाच्छी आउनेक्रममा रहेको पशु आनुवंशिक केन्द्रले जनाएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका क्रममा नेपाललाई उन्नत जातका १५ वटा मुर्रा राँगो दिने भएको छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा ०७५ सालमै नेपाल-भारत संयुक्त कृषि प्राविधिक कार्य समूहको बैठकमा ३० वटा उन्नत जातका मुर्रा राँगो नेपाल सरकारबाट माग भएको थियो। सोहीअनुसार उच्च प्रजनन क्षमता भएका बिउ राँगो आपूर्तिका लागि औपचारिक प्रस्ताव गरेको भए पनि निर्धारण गरेको प्राविधिक मापदण्डबमोजिमका १५ वटा उपलब्ध गराउने भएको हो। मन्त्रालयका अनुसार उक्त राँगाहरूलाई राष्ट्रिय पशु प्रजनन कार्यालयहरू पोखरा, नेपालगन्ज र लाहानमा उच्च गुणस्तरको जमेको वीर्य उत्पादन गरी कृत्रिम गर्भाधान कार्यका लागि उपलब्ध गराइनेछ।

मन्त्रीपिच्छे परिवर्तन हुँदै स्वास्थ्य बिमा कार्यक्रम

मुना कुँवर/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटमा अर्थमन्त्री प्रकाशशरण महतले स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरिने बताएका छन्। बजेटमा स्वास्थ्य बिमा दोहोरोपना नहुने गरी यही वर्षभित्र कार्यविधि तर्जुमा गरिने तथा सरकारी, सामुदायिक तथा सहकारी अस्पतालमार्फत स्वास्थ्य बिमाको व्यवस्था गरिने बताइएको छ। सामाजिक सुरक्षाको कार्यक्रमलाई स्वास्थ्य बिमाको दायरामा ल्याइने भएको छ।

चालू आर्थिक वर्षको बजेटले भने स्वास्थ्य बिमा कार्यक्रम निजी बिमा कम्पनीमार्फत सञ्चालन गरिने बताइएको थियो। आव ०७९/८० को बजेट प्रस्तुत गर्दै तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले स्वास्थ्य बिमा कार्यक्रम दिगो बनाउन बिमा कम्पनीमार्फत सञ्चालन गरिने बताएका थिए। सरकार आफैँले सामाजिक सुरक्षाअन्तर्गत स्वास्थ्य बिमा बोर्ड स्थापना गरी बिमा कार्यक्रम सञ्चालन गरेको थियो। तर, बोर्डले उत्साहजनक कार्य नगरेको भन्दै सरकारले निजी कम्पनीमार्फत सञ्चालन गर्ने योजना बनाएको हो।

स्वास्थ्य बिमाप्रति सरकारको आफ्नो कुनै धारणा नरहेको बिमाविज्ञ डा. स्वीन्द्र घिमिरे बताउँछन्। सरकारैपिच्छे स्वास्थ्य बिमाप्रतिको सोच परिवर्तन हुने गरेको उनको भनाइ छ। सरकारले बजेटमा गरेको व्यवस्था कार्यान्वयन गर्ने हो भने स्वास्थ्य बिमा असफल हुने बिमाविज्ञ डा. घिमिरे बताउँछन्।

स्वास्थ्य बिमामा निजी कम्पनीको नजर

सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमाप्रति निजी कम्पनीहरूको नजर परेको छ। सरकारले अनिवार्य गरेको स्वास्थ्य बिमाबाट सहजै आम्दानी हुने भएपछि कम्पनीहरू आकर्षित भएका हुन्। सोही कारण कम्पनीहरूले बिमा प्राधिकरण र अर्थ मन्त्रालयमा लबिङ गर्दै आएका छन्। बिमा समितिका वर्तमान अध्यक्ष सूर्यप्रसाद सिलवाल र पूर्वअध्यक्ष चिरञ्जीवी चापागाईंसमेत निजी बिमा कम्पनीको प्रभावमा परी स्वास्थ्य बिमा कार्यक्रमलाई बिमा प्राधिकरणअन्तर्गत नियमन गरिनुपर्ने भन्दै आएका छन्।

■ करिब ६८ लाख नागरिक स्वास्थ्य बिमामा आबद्ध

स्वास्थ्य बिमा कार्यक्रममा हालसम्म करिब ६८ लाख नागरिक आबद्ध भएका छन्। बोर्डले कार्यक्रमलाई नेपालभर सञ्चालन गरेको छ। बोर्डले पाँचजनाको परिवारलाई एउटा इकाइ मानेको छ। एउटा परिवारबराबर वार्षिक ३५ सय प्रिमियम संकलन गर्छ। जसबापत बिमित परिवारले वर्षभरि एक लाखबराबर स्वास्थ्य उपचार सुविधा पाउँछ। बोर्डले अल्पसंख्यकलाई बिमा सुविधा निःशुल्क गरेको छ भने ज्येष्ठ नागरिकलाई पनि बिमा निःशुल्क गरेको छ।

बोर्डको तथ्यांकअनुसार बिमा कोषमा साढे सात अर्ब रुपैयाँ संकलन भएको छ। यो रकम बोर्डले बिमा सुविधा प्रदान गरेबापत बिमितहरूसँग संकलन गरेको रकम हो। बोर्डको तथ्यांकअनुसार गत आवसम्ममा १० अर्ब ९१ करोड रुपैयाँ प्रिमियम रकम संकलन गरेको छ। सरकारले २९ अर्ब नौ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। कुल खर्च २६ अर्ब २२ करोड रुपैयाँ छ। जसमध्ये २१ अर्ब ६ करोड रुपैयाँ सेवाप्रदायक अस्पताललाई भुक्तानी भएको छ। सुरुवातको समयमा बोर्डले खर्च गर्न नसकेको रकम सरकारको कोषमा नै फिर्ता गरिन्थ्यो। संकलन भएको प्रिमियम रकम कोलेनिकामा जम्मा गर्नुपर्थ्यो। बोर्डले प्रयोग गर्न पाउँदैनथ्यो। तर, अघिल्लो वर्षदेखि बोर्डले बिमा कोष ऐन जारी गरी कोष खडा गरेको छ। प्रिमियमबापत संकलन भएको रकम कोषमा जम्मा गर्ने र खर्च गर्ने अधिकार पाएको छ। बोर्डले हाल ७७ वटै जिल्लामा कार्यक्रम सञ्चालन गरेको छ।

तर, निजी कम्पनीमार्फत स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनु आत्मघाती हुने बिमा अभियन्ता पद्म अवस्थीको भनाइ छ। बिमाको क्षेत्रमा अनुसन्धान गर्दै आएका अवस्थी निजी कम्पनीहरूले सरकारले नागरिकलाई दिएको अनुदानसमेतमा आँखा गाडेको बताउँछन्।

बोर्डको सुझावमा अर्थमन्त्रीको बेवास्ता

स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन स्वास्थ्य बिमा बोर्डले अर्थमन्त्री प्रकाशशरण महतलाई भेटेरै सुझाव दिएको थियो। तर, बोर्डको सुझावलाई अर्थमन्त्रीले बेवास्ता गरेको बोर्डका कार्यकारी निर्देशक दामोदर बसौलाले गुनासो गरे।

नेपालमा बोर्डले मात्रै होइन, अन्य निकायले पनि बिमा र स्वास्थ्य बिमाजस्ता कार्यक्रम सञ्चालन गरेका छन्। जस्तै, सहकारी, लघुवित्त, सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा र गैरसरकारी संस्थाहरूले पनि नागरिकलाई स्वास्थ्य बिमा सेवा उपलब्ध गराउँदै आएका छन्। बिमा ऐनले नेपाल बिमा प्राधिकरणबाट अनुमति नलिएका निकायले बिमासम्बन्धी कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था गरे पनि यस्ता निकायले निष्क्रिय रूपमा बिमा कार्यक्रम सञ्चालन गरेका छन्।

तर, सामाजिक सुरक्षाअन्तर्गत सरकार आफैँले सञ्चालन गरेको स्वास्थ्य बिमालाई भने दोहोरोपना र प्रभावकारी नभएको भन्दै बजेटपिच्छे स्वास्थ्य बिमा सुधार गर्नभन्दा पनि विघटन गर्नतर्फ उद्धत भएको बोर्डका कार्यकारी निर्देशक बसौलाले बताए।

बोर्डलाई बलियो बनाउन सरकारी कर्मचारीलाई अनिवार्य बिमामा आबद्ध गराउनुपर्ने व्यवस्था गर्न बोर्डले अर्थमन्त्रीलाई सुझाव दिएको थियो। यसका लागि कर्मचारीको पारिश्रमिकबाट १ प्रतिशत रकम स्वास्थ्य बिमाका लागि छुट्याउनसमेत बोर्डले सरकारसमक्ष आग्रह गरेको थियो। त्यस्तै, बोर्डलाई अधिकार प्रदान गर्न पनि आग्रह गरिएको थियो। बोर्डमा अहिले पनि स्वास्थ्य मन्त्रालय वा विभागबाट कर्मचारी काजमा खटाइन्छ। जसका कारण बोर्डमा आउने कर्मचारीले बिमालाई अपनत्व गर्न सकेका छैनन्। त्यसैले बोर्ड आफैँले कर्मचारी नियुक्त गर्न पाउने अधिकार प्रदान गर्नसमेत बोर्डले अनुरोध गरेको थियो। त्यस्तै, स्वास्थ्य बिमा प्याकेजमा पनि परिमार्जन गर्न आग्रह गरेको थियो। तर, मन्त्रालयले भने बोर्डलाई सधैँ बजेट विनियोजन गरेर कार्यक्रम सञ्चालन गर्न नसकिने धारणा व्यक्त गरेको बोर्डका कार्यकारी निर्देशक बसौलाले गुनासो गरे।

■ एसियाली बिमा सम्मेलन, २०२३

जलवायु परिवर्तनको असर घटाउन बिमाको दायरा बढाउनुपर्ने

नयाँ पत्रिका

जलवायु परिवर्तनका कारण बिमा क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्न बिमाको दायरा बढाउनुपर्नेलगायतका निष्कर्ष गर्दै एसियाली बिमा सम्मेलन सम्पन्न भएको छ। पछिल्लो समय जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपका घटना बढ्दा बिमा क्षेत्रको आर्थिक दायित्व बढ्दै गएको छ। त्यसलाई सन्तुलन गर्न बिमाको दायरा बढाउनुपर्ने प्रारम्भिक निष्कर्ष सम्मेलनले गरेको हो।

नेपाल बिमा प्राधिकरणको आयोजनामा बिहीबारदेखि काठमाडौँमा सुरु भएको सम्मेलन शनिबार सम्पन्न भएको छ। सम्मेलनमा जलवायु परिवर्तनबाट परेको असरबारे व्यापक रूपमा छलफल भएको थियो। नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले बिमाको दायरा बढाउन एकदमै आवश्यक रहेको बताए। 'जलवायु परिवर्तनबाट पर्ने असरलाई रोक्न सकिँदैन। यसबाट हुने क्षतिलाई आर्थिक रूपमा न्यूनीकरण गर्ने मात्रै हो,' उनले भने। जलवायु परिवर्तनबाट हुने असरलाई न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय अभ्यासहरूलाई पनि अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालिएको छ।

यस्तै, बिमा कम्पनीहरू जोखिममा आधारित पुँजीमा जानुपर्ने, सेवालाई राम्रो बनाउन प्रविधिको प्रयोग बढाउनुपर्नेलगायतका निष्कर्ष सम्मेलनले गरेको छ।

सम्मेलनमा बिमा नेपाललगायत भारत, बंगलादेश, श्रीलंका, भुटान, कम्बोडिया, इन्डोनेसिया, माल्दिभ्स, थाइल्यान्ड, मकाओ, जोर्डन, मलेसिया, फिलिपिन्स, सिंगापुर, जापानलगायत २० देशका बिमा क्षेत्रका बिमा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सहभागिता थियो।

प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले सम्मेलन नेपाली बिमा क्षेत्रको प्रवर्द्धनमा निकै महत्त्वपूर्ण भएको बताए। उनले भने, 'यसले नेपाली बिमा क्षेत्रको प्रवर्द्धन र विकासमा ठूलो सहयोग पुग्ने विश्वास छ।' समापन समारोहमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले जलवायु परिवर्तनका कारण बिमा क्षेत्रमा अवसरसमेत आएको बताए। 'जलवायु परिवर्तनका कारण चुनौती मात्र आउने नभई यसबाट बिमा क्षेत्रमा अवसरसमेत सिर्जना हुने भएको छ। तसर्थ, यस अवसरबाट लाभ लिनका लागि सम्बद्ध सबैले सामूहिक रूपमा कार्य गर्नुपर्ने आवश्यकता छ,' उनले बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौँ वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा अनुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६९३६५/०७८/०७९ अन्तर्गत मिति २०७८/०५/०९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको ललितपुर जिल्ला गोदावारी न.पा वडा नं ११, चापागाँउ स्थित **प्रबि कृषि तथा पशुपंछी फार्म प्रा. लि** **संचालक तथा जमानीकर्ता: सुजन देसार** स्थायी ठेगाना : ललितपुर जिल्ला, बज्रबाराही न.पा. वडा नं. ९ हालको ठेगाना : ललितपुर जिल्ला, चापागाँउ गा.वि.स वडा नं. २ बाबु : घनश्याम देसार बाजे : जगत बहादुर देसार	**२) सुजन देसार** स्थायी ठेगाना : ललितपुर जिल्ला, बज्रबाराही न.पा. वडा नं. ९ हालको ठेगाना : ललितपुर जिल्ला, चापागाँउ गा.वि.स वडा नं. २ बाबु : घनश्याम देसार बाजे : जगत बहादुर देसार
	धितोको विवरण	
	१) राम देसारको नाति, जगत बहादुर देसारको छोरा, ललितपुर जिल्ला, गोदावारी न.पा. वडा नं. ११ बस्ने घनश्याम देसारको नाममा मालपोत कार्यालय ल्यानखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाँउ गा.वि.स. वडा नं. ४ क स्थित किता नं. २३१ को क्षेत्रफल ०-७-०-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) प्रबि कृषि तथा पशुपंछी प्रा.लि को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताहरुको विवरण	
	१) सुदिप देशार ठेगाना: ललितपुर जिल्ला, चापागाँउ गा.वि.स वडा नं. २ बाबु : घनश्याम देसार बाजे : जगत बहादुर देसार	**२) सुनिल देशार** ठेगाना : ललितपुर जिल्ला, चापागाँउ गा.वि.स वडा नं. २ बाबु : घनश्याम देसार बाजे : जगत बहादुर देसार
	३) घनश्याम देसार ठेगाना : ललितपुर जिल्ला, गोदावारी न.पा. वडा नं. ११ बाबु : जगत बहादुर देसार बाजे : राम देसार	
	४) मुनु महर्जन स्थायी ठेगाना : ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. २ हालको ठेगाना : ललितपुर जिल्ला, चापागाँउ गा.वि.स वडा नं. २ बाबु : आशा महर्जन ससुरा : घनश्याम देसार पति : सुदिप देसार	**५) गोमा कार्की देशार** ठेगाना : ललितपुर जिल्ला गोदावारी न.पा वडा नं. ११ बाबु : राम चन्द्र कार्की ससुरा : जगत बहादुर देसार पति : घनश्याम देसार
	ऋणीको विवरण	
२)	**१) सदन उप्रेती** स्थायी ठेगाना : दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. ५ हालको ठेगाना : दोलखा जिल्ला, मेलुङ्ग गा.पा. वडा नं. १ बाबु : हिरा बहादुर उप्रेती बाजे : पदम बहादुर उप्रेती	
	जमानीकर्ताहरुको विवरण	
	१) हिरा बहादुर उप्रेती स्थायी ठेगाना : दोलखा जिल्ला, पवटी गाउँ पञ्चायत वडा नं. ५ हालको ठेगाना : दोलखा जिल्ला, मेलुङ्ग गा.पा. वडा नं. १ बाबु : पदम बहादुर उप्रेती बाजे : भक्त बहादुर उप्रेती	**२) सरिता उप्रेती** स्थायी ठेगाना : दोलखा जिल्ला, पवटी गा.वि.स. वडा नं. ५ हालको ठेगाना : दोलखा जिल्ला, मेलुङ्ग गा.पा. वडा नं. १ बाबु : महेश्वर रिमाल ससुरा : हिरा बहादुर उप्रेती पति : सदन उप्रेती

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कोल्ड चेन प्रदर्शनी, आज अन्तिम दिन

चिस्यान भण्डार उपकरण प्रमुख आकर्षण

काठमाडौं/ ओलम्पिया एक्जिबेसन प्रालि र सेन्थेसिस एक्जिबेसन एन्ड इभेन्टको संयुक्त आयोजनामा भृकुटीमण्डपमा जारी कोल्ड चेन प्रदर्शनीमा चिस्यान गरी भण्डारण गर्न सकिने उपकरणमा आकर्षण देखिएको छ। शुक्रबारदेखि सञ्चालन भएको मेलामा भारतीय तथा नेपाली उत्पादनहरूका ४० वटा स्टल राखिएका छन्। मेलाको उद्घाटन कृषि विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मा र डा. दीपककुमार खराललेसंयुक्त रूपमा गरेका थिए। कृषि बजार, दुग्ध उत्पादन, खाद्यान्न, माछामासु, हरिया तरकारी लामो समयसम्मका लागि चिस्यान गरी भण्डारण गर्न सकिने उपकरणहरू मेला राखिएको भारतीय आयोजक प्रमुख एसके त्रिपाठीले बताए। नेपाली व्यवसायलाई बढावा दिने



उद्देश्यले सञ्चालन गरिएको प्रदर्शनीमा गान्धी अटोमेसन, केन्स टेक्नोलोजी, मनकामना एग्रो, लुंगी इन्डस्ट्रिज, रुचि फुडलाइन, क्रिलोस्कर, सौरभ एभरेस्टलगायत कम्पनीहरूका उत्पादनहरू छन्। तीन दिनसम्म चल्ने प्रदर्शनीमा उल्लेखनीय सहभागी रहेको नेपाली आयोजक राकेश महतोले बताए।

प्रभु र लाइफ इन्स्योरेन्स मर्जर पारित

नयाँ पत्रिका

प्रभु लाइफ इन्स्योरेन्स र महालक्ष्मी लाइफ इन्स्योरेन्सबीच मर्जर हुने भएको छ। दुवै कम्पनीहरूबीच १:१ सेयर अनुपातमा हुने मर्जर प्रक्रियालाई प्रभु इन्स्योरेन्स र महालक्ष्मी लाइफ इन्स्योरेन्सको साधारणसभाले स्वीकृति प्रदान गरेको छ। मर्जरपछि बन्ने कम्पनीको नाम प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड राखिने भएको छ। २८ मंसिर ०७४ देखि कारोबार सञ्चालन गर्दै आएको प्रभु लाइफ इन्स्योरेन्स लि टेडले पाँचौं वार्षिक साधारणसभा गरेको हो। साधारणसभाले संस्थापक समूहका सेयरधनीका तर्फबाट शिक्षा भट्टचन, मिजास भट्टचन, श्यामकृष्ण श्रेष्ठ र सुसन शेरचनलाई सञ्चालक समिति सदस्यमा निर्विरोध निर्वाचित गरेको छ। साधारणसभाले ९.८० प्रतिशत सेयर लाभांश र ०.५१ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि) गरी जम्मा १०.३१ प्रतिशत लाभांश प्रस्ताव पारित गरेको छ।



महालक्ष्मी लाइफ इन्स्योरेन्सको पाँचौं वार्षिक साधारणसभा सम्पन्न

महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ। अध्यक्ष मनोरञ्जनरमण शर्माको अध्यक्षतामा सञ्चालन भएको सभामा बिमा प्राधिकरणको निर्देशनअनुसार असार मसान्तभित्र दुवै कम्पनी मर्ज भई एकीकृत कारोबार सम्पन्न हुने जानकारी गराइएको थियो।

सभाले दुवै कम्पनीको सेयर अनुपात १:१ कायम गरी गाभ्ने-गाभिने, दुवै कम्पनी एक-आपसमा गाभ्दा-गाभिँदा भएको अन्तिम सम्झौतापत्रलगायत अन्य सहमति अनुमोदन गर्ने, सम्पत्ति दायित्वको मूल्यांकन गर्न नियुक्त लेखापरीक्षक र निजको पारिश्रमिक अनुमोदन गर्नेलगायतका प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ।

उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

प्युखा, न्युरोड, काठमाडौं फोन नं. ०१-४१५७५४५, ४१५७५४६
Email : ugrachandi.saving@gmail.com

कर्जा नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०२।२८)

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक तरताकेता गर्दा समेत नतिरि नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखि यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता गर्न हुन सुचीत गरिन्छ। अन्यथा ऋणी तथा जमानतकर्ताको घर घरानाको चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिलिनुका साथै सहकारी ऐन, सहकारी नियमावली, बैक तथा वित्तिय संस्था सम्बन्धि ऐन तथा यस संस्थाको कर्जा असुलि निती बमोजिम ऋणी तथा जमानतकर्ता समेत सबैलाई कालो सूचीमा राख्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा ऋणी तथा जमानतकर्ता सबैलाई जानकारी गराइन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना
जय बहादुर राईकी बुहारी चतुर बहादुर राईकी पत्नी उदयपुर जिल्ला पंचावती गा.बि.स. वडा नं. ५ (परिवर्तित उदयपुरगढी गाउँपालिका वडा नं. ५) ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट बस्ने ना.प्र.नं. १४१०२२/११०८५१ मिति २०६८।०१।०९ जि.प्र.का. उदयपुर, बर्ष ४० की शोभा राई

पुनश्चः यस संस्थाबाट कर्जा उपभोग गरि समयमै सावाँ तथा ब्याज भुक्तानी नगर्ने ऋणीहरुले समेत यसै सूचनालाई आधार मानेर यथासिघ्र कर्जा चुक्ता गर्नुहुन अनुरोध गरिन्छ।

हार्दिक श्रद्धाञ्जली



जन्म: २०३३/०८/२२

स्वर्गारोहण: २०८०/०२/१६

(स्व. देवराज पौडेल)

यस बैंकको पोखरा(न्युरोड) शाखामा कार्यरत हाम्रा सहकर्मी मित्र **जीवन पौडेलको** २०८० साल जेठ १६ गते मंगलवार असामयिक निधन भएको खबरले हामीलाई मर्माहत बनाएको छ। स्व. देवराज पौडेल प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं। साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

ग्लोबल आइएमई बैंक परिवार

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बेगनासका डुंगा व्यवसायीलाई लाइफ ज्याकेट सहयोग



कास्की/ ग्लोबल आइएमई बैंकले पोखराको लेखनाथस्थित बेगनास ताल डुंगा व्यवसायी समितिलाई लाइफ ज्याकेट सहयोग गरेको छ। बैंकको बेगनास शाखाले समितिलाई ४० थान ज्याकेट सहयोग गरेको हो।

बेगनासस्थित मन्धरेपार्कमा आयोजित कार्यक्रम पोखरा-३१ का वडाध्यक्ष ढकनाथ कँडेल, बैंकका गण्डकी प्रदेश प्रमुख ईश्वरीप्रसाद जोशी, बैंकका बेगनास शाखा प्रमुख दिनेश अधिकारीलले समितिका अध्यक्ष रविराज कँडेललाई सहयोग गरिएका ज्याकेटहरू हस्तान्तरण गरेका थिए।

सहयोग हस्तान्तरणपछि वडाध्यक्ष कँडेलले वडामा रहेका संघ-संस्थाको आपसी सहयोग र एकताले मात्र यस क्षेत्रको विकास हुने भएकाले वडा सबैसँग हातेमालो गर्दै अगाडि बढ्ने बताएका थिए।

बैंकका प्रदेश प्रमुख जोशीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले विभिन्न काममा सहयोग गर्दै आएको र सोही क्रममा समितिलाई सहयोग गरेको जानकारी दिएका थिए। डुंगा समितिका अध्यक्ष कँडेलले प्राप्त ज्याकेटका कारण तालमा डुंगा सयर गर्नेहरूको सुरक्षाका लागि सहयोग मिल्ने बताएका थिए।

अरूण बहुद्देश्यीय सहकारी संस्था लिमिटेड

(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)
शान्तिनगर, काठमाडौं ३१, फोन नं. ०१-४१०७७५०

दर्ता नं.६४७/०५७

अचल सम्पत्ति (धितो)लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी १५ दिने सार्बजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/ ०२ /२८

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले लिएको कर्जाको यस संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज लगायत अन्य दस्तुर आदि नतिरी ,नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धि शर्त, सम्झौता, बन्देजहरु उल्लङ्घन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक/पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुंदा मिति २०७६ मंसीर १८ मा अन्तिम ताकेता बापत कारोबार राष्ट्रिय आर्थिक दैनिकमा ३५ दिने सूचना प्रकाशित गरी ताकेता गर्दा समेत उक्त कर्जा चुक्ता गर्न कुनै चासो नदिएकोले मिति २०७६/१२/०३को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्न २१ दिने सूचना प्रकाशित गरिएको अवगतै छ। कोविड-१९को कारणबाट नेपाल सरकारले देशभरी नै बन्दाबन्दी(लकडाउन) गर्दाको अवस्थामा सिर्जित असहज परिस्थितिमा२०७६/१२/२३को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी अर्को सूचना प्रकाशित नगरे सम्मको लागि लिलाम बिक्रीको प्रकृया स्थगित गरिएको थियो। पुनः मिति २०७७।०९।०६मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा उक्त धितो (घर, जग्गा)सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीगर्ने बारे १५दिने सुचना प्रकाशित गरिएकोमा मिति २०७७।०९।२०मा ऋणिका छोरा राजेन्द्र प्रधान श्रेष्ठले र मिति २०७९।०३।३१मा ऋणिका छोरीले संस्थाको तिर्नु पर्ने मध्ये आंशिक रकम जम्मा गरी ऋण रकम चुक्ता गर्ने म्याद मागेको भए तापनि हाल सम्म सो ऋण चुक्ता नगरेकोले तपशिलमा लेखिएको धितो(घर,जग्गा)सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीगर्ने बारे पुनः यो १५दिने सुचना प्रकाशित गरिएको छ। धितो लेखि दिएको सम्पत्ति लिलाम गर्दा वा संस्थाले आफै सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा बिक्रि भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो भनी कतै उजुर बाजुर गर्न पाईने छैन। अतःसूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेतको रकम संस्थामा सम्पर्क गरी तिर्नु बुझाउनु होला। सो मिति भित्र पनि रकम बुझाउन नल्याएमा यस संस्थालाई लेखिदिएको तपसिलमा उल्लेखित सुरक्षण धितो सहकारी ऐन २०७४, नियमावली २०७५ अनुसार संस्था आफैले लिलाम बिक्री गर्ने भएकोले, लिलाममा डाँक बढाबढ गरि लिन ईच्छुक महानुभावले यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (उक्त दिन विदा परेमा सो को भोलीपल्ट)तोकिएको समयअनुसार यस संस्थाको कार्यालयमा आफुले सकार गरी लिन चाहेको मूल्यमा शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। बोलपत्र फारम रु.१००।(रु.एक सय)मा यस संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ।

बोलपत्र दर्ता गर्ने मिति : सूचना प्रकाशित मितिले १६ औं दिन
बोलपत्र दर्ता गर्ने स्थान : संस्थाको कार्यालय, कामपा-३१ शान्तिनगर
बोलपत्र दर्ता गर्ने समय : प्रातः११:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म
बोलपत्र खोल्ने मिति र समय : सूचना प्रकाशित मितिले १७औं दिन अपरान्ह १ बजे(सो दिन विदा परेमा त्यसको भोली पल्ट खोलिने छ।)
२०७९ चैत्र मसान्त सम्मको जम्मा लेना रकम : रु.१,६३,१३,९०९/- अक्षरेपी रु. एक करोड त्रिसट्ठी लाख तेह्र हजार नौ सय नौ मात्र)

(तपशिल)

क्र स	ऋणीको नाम ठेगाना	ऋणीको पिता, पति	ऋणीको बाजे	लिलाम बिक्री गरीने धितोको विवरण
१	**श्रीमती कमला देवी श्रेष्ठ** काठमाडौ. महानगरपालिका वडा नं.१० (बिजुलीबजार) काठमाडौं	**पिता** बुद्धि बहादुर श्रेष्ठ **पति** हस्त बहादुर श्रेष्ठ	जित मेहर न्याछ्यो श्रेष्ठ	मालपोत कार्यालय काठमाडौं, डिल्लीबजारमा दर्ता कायम रहेको का.म.न.पा. वडा नं.१०,कि.नं.२८५ को ०-६-२-२ रोपनी (२१०।६५व.मी) जग्गा र सो जग्गामा निर्मित घर समेत।

लिलाम बढाबढको बोलपत्रका शर्तहरु

१. लिलाममा कबोल गर्ने व्यक्तिले आफुले कबोलेको अंकको १०%ले हुने रकम यस संस्थाको नाममा रहेको श्री राष्ट्रिय सहकारी बैक लि.को खाता नं. १४-०००३९-० मा वा श्री मञ्जुश्री फाईनान्स लिमिटेडको खाता नं. ००१०००२९७२८ मा जम्मा गरेको सक्कल बैक भौचर वा यस संस्थाको नाममा खिचिएको गुड फर पेमेन्ट गरिएको एकाउन्टपेयी चेक शिलबन्दी बोल पत्रमा संलग्न भएको हुनु पर्नेछ।
२. अधिकतम रकम कबुलगरी बोलपत्र पेश गर्ने व्यक्तिले संस्थाबाट बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र बाकि रकम बुझाइ अचल सम्पत्ती बुझी नलिएमा धरौटी वापत रहेको १०% रकम स्वतः जफत हुनेछ।
४. प्राप्त बोलपत्र मध्ये सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
५. सहकारी ऐन २०७४, नियमावली २०७५ अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तीको स्वामित्व संस्था आफैले लिन सक्नेछ।
६. लिलाम बिक्रिबाट कबोल गरेको घर, जग्गा (जायजेथा) कानून बमोजिम रजिष्ट्रेशन,दाखिल खारेज गर्दा लाग्ने सरकारी राजस्व,दस्तुर तथा अन्य खर्चहरु धितो कबोल गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।
७. अचल सम्पत्ति (धितो) लिलाम बिक्री सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा यस संस्थामा सम्पर्क राखी बुझ्न सकिने छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०२/२८

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय अत्तरिया, कैलालीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीको नाम र ठेगाना

नाम : धन बहादुर रावत
बाबु : धर्मे रावत
बाजे : हरिकेसे रावत
पत्नि : जौला देवी रावत
ठेगाना : कुलदेवमाण्डौ गा.वि.स.-१, बाजुरा
हाल : बुढीगंगा न.पा-०४, बाजुरा
ना.प्र.नं. : ७०१०२२/१६७
जारी मिति : २०६५/०८/०९
जि.प्र.का. : बाजुरा

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : कृष्ण बहादुर रावत
बाबु : धन बहादुर रावत
बाजे : धर्मे रावत
ठेगाना : कुलदेवमाण्डौ गा.वि.स.-१, बाजुरा
हाल : बुढीगंगा न.पा-०४, बाजुरा
ना.प्र.नं. : ७०१०२२/४८३
जारी मिति : २०६८/१२/१२
जि.प्र.का. : बाजुरा

२. नाम : शेर बहादुर रावत
बाबु : धन बहादुर रावत
बाजे : धर्मे रावत
ठेगाना : कुलदेवमाण्डौ गा.वि.स.-१, बाजुरा
हाल : बुढीगंगा न.पा-०४, बाजुरा
ना.प्र.नं. : ७०-०१-७१-०१४७३
जारी मिति : २०७१/१०/२३
जि.प्र.का. : बाजुरा

धितो राखिएको सम्पतिको विवरण (सवारी साधन) : सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी धन बहादुर रावत भएको।

सवारी साधन	Holland Tractor JX75T
इन्जिन नं.	303432DT
च्यासिस नं.	JXT1529671
दर्ता नं.	Su. Pa. Pra. 01-002 Ta 5862
बनेको साल	2020

२. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा

ऋणी फर्मको नाम : ओलानी जनरल स्टोर
रजिष्टर्ड ठेगाना : गोदावरी न.पा. वडा नं. ११, कैलाली
रजिष्ट्रेशन नं. : ३१७९६/०७८/७९ (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपोभोक्ता संरक्षण विभाग वाणिज्य आपूर्ति तथा उपोभोक्ता संरक्षण, कार्यालय, धनगढी, कैलाली)
पान नं. : ६१६२४०२०३

प्रोप्राईटरको नाम र ठेगाना

नाम : भरत वि.क.
बाबु : नैले कामी
बाजे : काले कामी
पत्नि : मनसरा वि.क.
ठेगाना : गोदावरी गा.वि.स. वडा नं. ४, कैलाली
हाल : गोदावरी न.पा. वडा नं. ११, कैलाली
ना.प्र.नं. : ६७-०१-७२-०३०१३
जारी मिति : २०७२/०३/२०
जि.प्र.का. : कैलाली

जमानीकर्ताको नाम र ठेगाना

नाम : मनसरा वि.क.
बाबु : जहरी पार्की
पति : भरत वि.क.
ससुरा : नैले कामी
ठेगाना : गोदावरी न.पा. वडा नं. ११, कैलाली
हाल : गोदावरी न.पा. वडा नं. ११, कैलाली
ना.प्र.नं. : ६७-०१-७५-१०५१२
जारी मिति : २०७५/११/२९
जि.प्र.का. : कैलाली

धितो राखिएको सम्पतिको विवरणः
धितो सुरक्षण धनीको नामः- राज कुमारी राना

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल	कैफियत
कैलाली	मलाखेती गा.वि.स.	०४/प्लट ४	६४६	०-८-५-० (वि.क.धु) २,७९३.६९ वर्ग.मि.	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगायात समेत।

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैकलाई उठाएको मौज्दात विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनिले उठाउन बाँकि सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

ओएसआर डिजिटल र डिसहोमबीच सहकार्य

काठमाडौं/ ओएसआर डिजिटल र डिसहोमबीच सहकार्य गर्ने सम्झौता भएको छ। ओएसआर डिजिटलसँग अधिकार भएका विभिन्न नेपाली चलचित्रको प्रमोसन र प्रसारण अधिकार डिसहोमले लिएको छ। ओएसआर डिजिटलका विभिन्न एक्सक्लुसिभ कन्टेन्सहरू अब डिसहोमको पे पर भ्यु र एक्सक्लुसिभ च्यानलहरूमा डिसहोमका ग्राहकले हेर्न पाउनेछन्। यसबाट ग्राहकले नयाँ चलचित्रको मज्जा लिन सक्ने कम्पनीले जनाएको छ।

नबिल बैंक र ल्यान्डमार्क होटेलबीच छुटका लागि सम्झौता



काठमाडौं/ नबिल बैंकले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टसँग छुट सम्झौता गरेको छ। उक्त सम्झौताअन्तर्गत नबिल बैंकका ग्राहकले ल्यान्डमार्क होटेल एन्ड रिसोर्टद्वारा सञ्चालित काठमाडौं, चितवन तथा पोखराका होटेलहरूमा खाना तथा पेय पदार्थमा १० प्रतिशत र होटेल तथा रिसोर्टको आवास सुविधामा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्। नबिल बैंकको चेक, डेबिट कार्ड, क्रेडिट कार्ड तथा अन्य डिजिटल माध्यमद्वारा भुक्तानी गर्दा उक्त सुविधा प्राप्त गर्न सक्नेछन्। हालसम्म नबिल बैंकले दुई सय ५५ शाखामार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

ग्लोबल आइएमई बैंकका ग्राहकलाई लुम्बिनी केबलकारमा क्यासब्याक



काठमाडौं/ ग्लोबल आइएमई बैंकको मोबाइल एप्लिकेसन ग्लोबल स्मार्ट प्लसमार्फत लुम्बिनी केबलकारको टिकटमा १० प्रतिशत क्यासब्याक पाउनेछन्। बैंकले बुटवलस्थित लुम्बिनी केबलकारको टिकट खरिदमा क्यासब्याक उपलब्ध हुने योजना सार्वजनिक गरेको हो।

यो योजनाअर्न्तगत ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताले बैंकको क्युआरमार्फत भुक्तानी गर्दा तथा डेबिट-क्रेडिट कार्ड प्रयोगकर्ताले बैंकको पिओएस मेसिनबाट टिकट खरिद गर्दा १० प्रतिशत तथा अधिकतम सयसम्म क्यासब्याक पाउनेछन्।

संघमा कर्मचारी...

पृष्ठ १ बाट क्रमशः

उपराष्ट्रपतिको कार्यालय, महालेखापरीक्षकको कार्यालय, लोकसेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय, नेपाल कानुन आयोग, मुस्लिम आयोग, भाषा आयोग, थारू आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोगलगायतले विवरण बुझाएका छन्। धेरै कर्मचारी रहेका मन्त्रालय तथा कार्यालयले विवरण नै पठाएका छैनन्। पूर्वसचिव पूर्णचन्द्र भट्टराई आवश्यकताभन्दा बढी दरबन्दी कटौतीका लागि सामान्य तरिकाले नभई हस्तक्षेपकारी तरिकाले काम गर्न सुझाउँछन्।

प्रशासनिक पुनर्संरचना आयोगमा पनि अलमल

चालू आवको बजेट वक्तव्यको ३६६ बुँदामा संघीयता कार्यान्वयनको पाँच वर्षको अभ्यासका आधारमा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक पुनर्संरचना गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने उल्लेख छ। त्यस्तै, ३७९ बुँदाले सरकारी निकायका संगठन संरचना र दरबन्दीको पुनरावलोकन गर्ने घोषणा गरेको छ। बजेटमा उल्लेख भएको उच्चस्तरीय आयोग गठनमा अलमल छ। यसको प्रक्रिया नै अघि बढेको छैन। बजेटको घोषणाबमोजिम आयोग गठनका लागि संघीय मामिला मन्त्रालयले खाका तयार गरेर सहमतिका लागि अघिल्लो वर्ष भदौमा फाइल अर्थ मन्त्रालय पठाएको थियो। मन्त्रालयका अनुसार अर्थले सहमति दिएन। अर्थको सहमति प्राप्त भएपछि मन्त्रिपरिषद् निर्णयबाट आयोग गठन हुन्छ। तर, अर्थको सहमति नआएपछि थप प्रक्रिया नै अघि बढेन। आगामी आव ०८०/८१ मा पनि यो विषय दोहोऱ्याइएको छ। बजेटको ४३९ बुँदामा सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाउन उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी सो आयोगको सुझावलाई कार्यान्वयन गर्ने उल्लेख छ।

फेरि नयाँ उच्चस्तरीय आयोगको चर्चा

प्रशासन पुनर्संरचनाका लागि फेरि अर्को उच्चस्तरीय आयोगको चर्चा सुरु भएको छ। सार्वजनिक प्रशासनलाई संघीय संरचनाअनुकूल, समयानुकूल र सक्षम बनाउन भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आयोग गठनको प्रारम्भिक गृहकार्य अघि बढाएको छ। प्रधानमन्त्रीकै अध्यक्षतामा गठन गर्ने गरी कार्यालयले गृहकार्य गरिरहेको छ। आयोग गठनको तयारीका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय पनि केही समयअघिको मन्त्रिपरिषद्ले गरिसकेको छ।

६ चैतमा संसद्मा विश्वासको मत लिँदै र ३० फागुनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको दोस्रो चौमासिक समीक्षा बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आयोग गठन गरिने बताएका थिए। प्रधानमन्त्रीको घोषणापछि कार्यालयले यसमा आन्तरिक गृहकार्य गरिरहेको छ। ०७२ असोजमा नयाँ संविधान जारी भएयता संघीयताको मर्म र सिद्धान्तअनुरूप प्रशासनिक व्यवस्था ऐनको एकीकृत रूपमा अभैसम्म आउन सकेको छैन। यसले प्रशासनयन्त्र र त्यससँग जोडिएका कर्मचारी मात्र होइन, सेवा प्रवाहमा समेत असर गरेको छ। संघीय व्यवस्थामा सार्वजनिक प्रशासन कस्तो हुने भन्ने सन्दर्भमा सरकारले बृहत् रूपमा अहिलेसम्म अध्ययनसमेत गरेको छैन।

छाता ऐनको अभाव त छँदै छ, परिवर्तित व्यवस्थामा अघि बढ्ने सम्बन्धमा अध्ययन नहुँदा प्रशासनिक अन्योल छ। यो आयोगले दरबन्दीलगायतका सार्वजनिक प्रशासन र कर्मचारीका समग्र विषय हेर्ने र सरकारलाई सिफारिस गर्ने अपेक्षा छ।

आयोजना तथा कार्यक्रमका लागि पाँच हजार दरबन्दी थप

चालू आर्थिक वर्षको बजेटमा संघीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० प्रतिशत दरबन्दी कटौती गर्ने र निजामती तथा सुरक्षा निकायमा प्राविधिक र अत्यावश्यकबाहेकका नयाँ दरबन्दी थप नगरिने उल्लेख छ। तर, यसलाई बेवास्ता गर्दै संघमा करिब पाँच हजार दरबन्दी थपिएको छ। घटाउने भनिएको संघको दरबन्दी करिब पाँच हजारले बढाइएको छ। सरकारले विभिन्न आयोजना तथा कार्यक्रमका लागि भनेर कर्मचारी दरबन्दी थपेको छ। राष्ट्रिय किताबखानाको अद्यावधिक तथ्यांकअनुसार अहिले संघको दरबन्दी ५३ हजार पाँच सय ३१ पुगेको छ।

संघमा दरबन्दी र कार्यरत कर्मचारी संख्या ठूलो हुँदा खासगरी स्थानीय तह र प्रदेशमा अभाव छ। कर्मचारी अभावले खासगरी स्थानीय तहका सेवा प्रवाह नै प्रभावित हुँदै आएका छन्। प्रदेशमा १७ हजार तीन सय २२ दरबन्दीमध्ये ११ हजार दुई सय ४७ कर्मचारी मात्र कार्यरत छन्। त्यस्तै, स्थानीय तहमा ६५ हजार दुई सय ६९ दरबन्दी कायम गरिएकामा हाल ३६ हजार दुई सय ८४ कर्मचारी मात्र कार्यरत छन्।

कर्मचारी समायोजन गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गरेर ०७५ मा सरकारले संघमा ४८ हजार चार सय नौ दरबन्दी निर्धारण गरेको थियो। संघीय प्रणालीमा संघको यो संख्याको दरबन्दी ठूलो भएको भन्दै आलोचना भएको थियो। काशीराज दाहालको संयोजकत्वमा ०७४ मा गठित प्रशासनिक पुनर्संरचनासम्बन्धी आयोगले संघमा ३० हजारभन्दा बढी दरबन्दी आवश्यक नपर्ने भनी सिफारिस गरेको थियो। त्यसविपरीत संघमा अनावश्यक ठूलो दरबन्दी राखिएको थियो। समायोजन गर्दा संघमा राखिएको संख्या ठूलो भए पनि क्रमशः कम गर्दै जाने भनिएको थियो। तर, प्रदेश र स्थानीय तहबाट हुन सक्ने कामका लागि विभाग तथा कार्यालय संघमै राखेर त्यसका कर्मचारी पनि संघमै राखिएका छन्।

आगामी आवको बजेटमा फेरि नयाँ घोषणा

चालू आवको बजेटमा दरबन्दी कटौती गर्ने भनिएकामा आगामी आवको बजेटले यसलाई छाडेर नयाँ घोषणा गरेको छ। बजेटको ५० नम्बर बुँदामा भनिएको छ, 'सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आवमा नयाँ संरचना र दरबन्दी सिर्जना गरिनेछैन। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाइनेछ। सम्बन्धित मन्त्रालय र निकायले आगामी आवको मंसिरभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्नुपर्नेछ।

सिन्धुज्वाला हाइड्रो पावर लि.
तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धि २१ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०२/२८

यस सिन्धुज्वाला हाइड्रो पावर लि.को सञ्चालक समितिको समबन्धमा कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरबाट मिति २०७९/१/२ मा जारी भएको निर्देशन उपर केहि व्यक्तिहरूले उच्च अदालत पाटनमा पुनरावेदन दायर गरेकोमा मिति ०७९/१/२ को कम्पनी रजिष्टारको निर्णय सदर मानी फैसला भएको हुदाँ कम्पनीको प्रथम सञ्चालक समितिले उक्त निर्देशन बमोजिम विशेष साधाणसभा बोलाई सोही निर्देशन बमोजिम सञ्चालक समितिको निर्वाचन लगायतका कार्यहरू सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले निम्न मिति, समय र स्थानमा यहाँहरूको विशेष साधारणसभामा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिएको छ।

मिति : २०८०/३/१६ गते शनिवार
समय : बिहान ८:०० बजे
स्थान : स्काइ दरबार पार्टी प्यालेस, बग्गी खाना, सिंहदरबार, काठमाडौं

विशेष साधारण सभाका छलफलका विषयहरु

१. संचालक समितिको निर्वाचन सम्बन्धमा
२. निस्पक्ष लेखा परीक्षकको नियूक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा
३. विविध

नोट :

१. निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ।
२. विशेष साधारणसभामा उपस्थित हुन आउने शेयर धनीहरुले आ-आफ्नो शेयरधनी प्रमाणपत्र लिएर आउनुहुन अनुरोध गर्दछु।
३. प्रोक्सी वार्षिक साधारण सभा हुनुभन्दा ७२ घण्टा अगाडि यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।
४. शेयरधनी महानुभावहरुले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।

संचालक समितिको निर्देशन बमोजिम
कम्पनी सचिव

नेपालगन्जमा...

पृष्ठ १ बाट क्रमशः

पहिलोपटक १२ पुसमा नेपालगन्ज उपमहानगरपालिका- ७ का ६ बालकमा दादुरा पुष्टि भएको थियो। त्यसको आठ दिनपछि २० पुसमा नेपालगन्ज उपमहानगरपालिका- ५ का दुई वर्षीय बालकको मृत्यु भएको थियो। बाँकेपछि अर्घाखाँची, बाजुरा, बर्दिया, चितवन, दाङ, धनुषा, कैलाली, कञ्चनपुर, कपिलवस्तु, महोत्तरी, मोरङ, सर्लाही, सुनसरी, सुर्खेत हुँदै काठमाडौंमा दादुरा भित्रिएको हो। दादुरा एक संक्रमितबाट एकै समयमा १८ जनासम्ममा फैलिन सक्ने चिकित्सकहरू बताउँछन्। बाँकेमा सबैभन्दा धेरै तीन सय २२ मा दादुरा संक्रमण देखिएको सरकारी तथ्यांक छ।

त्यस्तै, महोत्तरीमा एक सय पाँच, सर्लाहीमा ७७, बर्दियामा ७३, सुर्खेतमा ६५, कैलालीमा ४७, सुनसरीमा ४१, चितवनमा ४०, कञ्चनपुरमा ३३, मोरङमा ३२, दाङमा २९, धनुषा र कपिलवस्तुमा २३-२३, बाजुरमा १८, अर्घाखाँचीमा ११ मा दादुरा भएको रेकर्ड छ।

संक्रमण बढेसँगै जोखिममा रहेका नौ जिल्लामा खोप तीव्र

दादुरा संक्रमण फैलिन थालेपछि जोखिम रहेका नौ जिल्लामा बिहीबारदेखि खोप दिन सुरु गरिएको छ। सुनसरी, मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरामा खोप अभियान थालिएको हो। पहिलो डोज लगाए पनि अधिकांश बालबालिकामा दोस्रो डोज नलगाएको पाइएकाले खोप अभियानलाई तीव्र पारिएको खोप शाखाका जनस्वास्थ्य अधिकृत वसन्तकुमार श्रेष्ठले बताए। 'संक्रमण देशका विभिन्न जिल्लामा देखिएकाले खोप अभियान बढाउनुको विकल्प छैन,' उनले भने, 'खोप अभियानलाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीलाई तालिम दिइरहेका छौं।'

नौ जिल्लाका ६ महिनादेखि १५ वर्षमुनिका १६ लाख ८१ हजार आठ सय ५१ बालबालिकामा दादुराविरुद्धको खोप लगाउने सरकारको लक्ष्य छ। विद्यालय तथा स्वास्थ्य संस्थाबाट असार पहिलो सातासम्म खोप दिइसक्ने योजना छ। यसअघि दादुरा फैलिएका बाँके, कैलाली, सुनसरी, महोत्तरीका प्रभावित क्षेत्रका बालबालिकालाई खोप दिइएको थियो।

बाँकेमा तीन महिनामै ३२२ मा दादुरा, एकको मृत्यु

कैलालीमा चार लाख लक्षित खोप अभियान

बाँकेमा **विश्वराज पछ्लडङ्गया**
धनगढीमा **तेजराज भट्ट**

गत हिउँदमा बाँकेमा दादुरा संक्रमणले व्यापक रूप लिएको थियो। पुस, माघ र फागुनमा तीन सय २२ बालबालिकामा संक्रमण पुष्टि भएकोमा एकको ज्यान नै गएको थियो। २० पुसमा नेपालगन्ज उपमहानगर पालिका- ५ का दुई वर्षीय बालकको मृत्यु भएको हो।

पहिलोपटक १२ पुसमा नेपालगन्ज उपमहानगर पालिका- ७ का ६ बालकमा दादुरा पुष्टि भएको थियो। नेपालगन्जपछि जिल्लाका जानकी, खजुरा, कोहलपुर, बैजनाथ, राप्तीसोनारी र नरैनापुरमा दादुराको प्रकोप फैलिएको थियो। दादुराबाट मृत्यु नै भएपछि २२ पुसबाट नेपालगन्जमा दादुराविरुद्धको खोप लगाउन थालिएको थियो। एक लाख ७३ हजार तीन सय २२ बालबालिकालाई दादुराविरुद्धको खोप दिएपछि फागुन अन्तिमदेखि बाँकेमा दादुरा नदेखिएको जिल्ला स्वास्थ्य कार्यालयका दादुरा रोग फोकल पर्सन नरेशबाबु श्रेष्ठले बताए। 'खोप लगाएपछि दादुरा नियन्त्रणमा आएको छ,' उनले भने, 'पछिल्लो समय दादुरा संक्रमण देखिएको रिपोर्टिङ भएको छैन।'

नेपालगन्ज उपमहानगरपालिकाका दादुरा रोग फोकल पर्सन जनस्वास्थ्य निरीक्षक जागेश्वर बस्नेतले पनि नेपालगन्जका सबै बालबालिकालाई दादुराको खोप लगाइएकाले अहिलेलाई महामारीको खतरा टरेको बताए। 'लक्ष्यभन्दा धेरै बालबालिकालाई खोप दिइएको छ। अहिलेलाई महामारीको खतरा टरेको छ,' उनले भने। नेपालगन्जमा ४३ हजार बालबालिकालाई दादुराविरुद्धको खोप दिने लक्ष्य लिएकोमा ४६ हजार बालबालिकालाई खोप दिइएको उनले बताए।

त्यस्तै, पुसयता कैलालीमा ४७ बालबालिकामा दादुरा देखिएपछि जिल्लाका चार लाखलाई खोप लगाउने लक्ष्यसहित अभियान सुरु भएको छ। ११ पालिकामा २५ जेठबाट दादुरा-रुवेला रोगविरुद्धको खोप अभियान सुरु भएको हो। अन्य दुई पालिकामा एक-दुई दिनमै अभियान थाल्ने तयारी भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

असार पहिलो सातासम्म सञ्चालन हुने अभियानमा ६ महिनादेखि १५ वर्षमुनिका करिब दुई लाख चार हजार बालबालिकालाई खोप दिइने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख लालबहादुर धामीले बताए। सुरुमा सबै विद्यालयमा पुगेर खोप अभियान सञ्चालन गरिने र छुटेका बालबालिकालाई अन्तिममा स्वास्थ्य संस्थाबाट पनि खोप लगाइने उनले बताए। उनका अनुसार जिल्लाका ४७ संक्रमितमध्ये अधिकांश यसअघि दादुराविरुद्धको खोप नलगाएका बालबालिका थिए।

कार्यालयभित्र...

पृष्ठ १ बाट क्रमशः

रहेका सयौँ कर्मचारीलाई सामाजिक सञ्जाल टिकटकले तानेको छ। कर्मचारीको औपचारिक पोसाकमै, कार्यालयसँग सम्बन्धित गतिविधिहरू उनीहरूले निर्बाध रूपमा टिकटकका सामग्री बनाइरहेका छन्। तर, अब सरकारले कर्मचारीका त्यस्ता गतिविधिमाथि अंकुश लगाउन थालेको छ। टिकटकमा रमाउने कर्मचारीलाई मन्त्रालयहरूले लगाम लगाउन थालेका छन्। राष्ट्रसेवक कर्मचारीहरूले कार्यालयभित्रै अशोभनीय र उच्छृंखल किसिमका टिकटक पोस्ट गर्न थालेको भन्दै गुनासो आउन थालेपछि विभिन्न मन्त्रालयले कार्यालयभित्र टिकटक बनाउन रोक लगाएका हुन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालयलगायतले हालै परिपत्रमार्फत कार्यालयभित्र र कार्यालय समयमा टिकटक नबनाउन निर्देशन दिएका छन्। सर्वसाधारणको गुनासो सुन्न सरकारले खडा गरेको संयन्त्र 'हेलो सरकार'मा परेका उजुरीका आधारमा हाल विभिन्न मन्त्रालयले मातहतका कर्मचारीका लागि टिकटक प्रयोगसम्बन्धी निर्देशन नै जारी गरेका हुन्।

'कार्यालयभित्र टिकटक नबनाउन हामीले कर्मचारीलाई निर्देशन दिएका छौं,' संघीय मामिला मन्त्रालयका प्रवक्ता कमलप्रसाद भट्टराईले भने, 'केही कर्मचारीले बनाएका टिकटकका विषयवस्तुबारे गुनासो आएपछि यस्तो निर्देशन दिएका हौं।'

गृहको सातबुँदे निर्देशन

गृह मन्त्रालयले पनि गत १९ जेठमा यस्तै निर्देशन दिएको छ। सचिवस्तरीय निर्णयअनुसार गृहले सातबुँदे निर्देशन जारी गरेको हो। 'गृह मन्त्रालयमातहत कार्यरत केही वरिष्ठ अधिकारीले अनुपयुक्त, अव्यावसायिक गतिविधि तथा पदको गम्भीरता र महत्त्वलाई ध्यान नदिई टिकटकमा अनावश्यक र उच्छृंखल किसिमका भिडियोहरू पोस्ट गर्ने गरेको भन्ने व्यहोराको गुनासो प्राप्त भएको'ले यस्तो निर्देशन जारी गरिएको गृहले जनाएको छ।

निर्देशनको पहिलो बुँदामा 'कार्यालय समयमा, कार्यालय परिसरभित्र र कर्मचारी पोसाकमा टिकटकजस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने' उल्लेख छ। त्यस्तै, सरकारी सवारीसाधनको प्रयोग गरेर, कार्यालयसँग सम्बन्धित संवेदनशील कामकारबाहीको जानकारी दिन नहुने निर्देशनमा उल्लेख छ। कार्यालयको कामकारबाहीको विवरण जानकारी गराउँदा व्यक्तिगत प्रचार-प्रसार र जस लिने आशयले पनि गर्न नपाइने निर्देशन छ।

'आफ्नो नियमित कर्तव्यभित्र पर्ने सरकारी कामकाज गरेको विषयलाई अनावश्यक तन्काएर विज्ञापन गरेजस्तो देखिने गरी व्यक्तिगत सञ्जालमा समेत नराख्ने,' पाँचौं नम्बर बुँदामा भनिएको छ। पदीय जिम्मेवारीलाई नकारात्मक प्रभाव पार्ने खालका विषयवस्तु सामाजिक सञ्जालमा राख्न नपाइने गृहको निर्देशनमा छ। निर्देशन पालना गरे-नगरेको विषयमा मन्त्रालयले अनुगमनसमेत गर्ने प्रवक्ता जितेन्द्र बस्नेतले बताए। 'यो कर्मचारीको अनुशासनसँग सम्बन्धित विषय हो,' उनले भने, 'टिकटक बनाउनतर्फ लागेर सेवा प्रवाहमा पनि असर नपरोस् भनेर कार्यालयभित्र नबनाउन भनेका हौं। हामी नियमित अनुगमन पनि गर्छौं।'

सुरक्षा निकायहरूले पहिलेदेखि नै पोसाक लगाएर खिचिएको फोटो र भिडियो राख्न नपाउने नियम लागू गरेका छन्। युनिफर्म लगाएर तथा कार्यालयमा फोटो-भिडियो खिचेर पोस्ट गर्ने सुरक्षाकर्मी त कारबाहीमा समेत पर्दै आएका छन्।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९५४

स्वर्गारोहण
वि.सं. २०८०/१/१५

स्व. राममाया मानन्धर

यस संघका भेग नं. ५ को भेग प्रतिनिधि श्री रामकृष्ण मानन्धर ज्यूकी ममतामयी माता **राममाया मानन्धर**को स्वर्गारोहण भएको आज ४५औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा ईश्वरले शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन्।

नेपाल खुद्रा व्यापार संघ परिवार
टेकु, पचली

हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं. १९५७/०२/२८

स्वर्गारोहण:
वि.सं. २०८०/०२/१६

स्व. कृष्ण कुमारी देवकोटा

यस क्यान्भास ई. कलेजका संस्थापक सदस्य श्रीमती सुशिला देवकोटाकी ममतामयी माता तथा डा. लेखनाथ मिश्रकी सासुआमा **कृष्ण कुमारी देवकोटा**को आज मिति २०८०/२/२८ गते परेको १३औं पुण्यतिथीमा यस क्यान्भास ई. कलेज परिवार मृत-आत्माको चिरशान्तिका साथै बैकुण्ठबासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ।

क्यान्भास ई. कलेज परिवार
बसुन्धरा, काठमाडौं

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Sealed Quotation

First Date of Publication: 2080/02/28

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites electronic bids for the following works under Sealed Quotation Biddings (SQ).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Inclusive 13% VAT) NRs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs) (Nonrefundable)
1	AGG/SQ/ MAN-24/079-80	The Procurement & supply of livestock machineries items.	9,96,300	26,000.00	1,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

Chief Administrative Officer

कुमारी बैंक लिमिटेड शाखा कार्यालय टीकापुर, कैलालीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०२/२८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय टीकापुर, कैलालीबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असार ११ गते सोमबार**का दिन शाखा कार्यालय टीकापुर, कैलालीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा मिति २०७७/०४/०७ मा प्रा.फ.र.नं. २८५५४/०७७/७८, स्थानीय व्यापार कायम भई दर्ता रहेको कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु अन्नपूर्ण गल्ला भण्डार** (प्रोप्राईटर रन्जित रोकायको नातिनी, लीला रोकाय/धर्म रोकायको छोरी, बलाराम खड्का/बिमला खड्काको बुहारी, ललित खड्काको पत्नी, दैलेख जिल्ला, लयाँटीबिन्द्रासैनी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं ४ बस्ने **राधिका खड्का**, ना.प्र.नं. ६६३१४८/२४९, जारी मिति २०६३/११/१३, जिल्ला प्रशासन कार्यालय दैलेख)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. उदय राज खड्का/उमा खड्काको नाति, बलाराम खड्का/बिमला खड्काको छोरा, राधिका खड्काको पति, दैलेख जिल्ला, लयाँटीबिन्द्रासैनी गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. ४ बस्ने **ललित खड्का** (ना.प्र.नं. ४५७४/५, जारी मिति २०६०/११/०४, जिल्ला प्रशासन कार्यालय दैलेख)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **ललीत खड्का**को नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता कायम रहेको कैलाली जिल्ला, दुर्गौली, गा.पा./न.पा. वडा नं. ०८ स्थित कित्ता नं. १८३९ को क्षेत्रफल ०-६-१२-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **ललीत खड्का**को नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता कायम रहेको कैलाली जिल्ला, बलीया, वडा नं.०७ स्थित कित्ता नं. २१४ को क्षेत्रफल ०-१६-०-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असार १० गते** भित्र बैंकको शाखा कार्यालय टीकापुर, कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय टीकापुर, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सुचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असार ११ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय टीकापुर, कैलालीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय टीकापुर, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असार ११ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय टीकापुर, कैलाली फोन नं. ०९१-५६०००६

आइतबार २८ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ ए डिभिजन लिग सम्पन्न

चर्च ब्वाइज नयाँ च्याम्पियन, एपिएफ र खुमलटार रेलिगेसनमा

अन्तिम दिन थ्री स्टारले जावलाखेल युथविरुद्ध जित निकाल्दा खुमलटार युथसँगै एपिएफ फुटबल क्लब पनि रेलिगेसनमा

रमेश सुवेदी /नयाँ पत्रिका

चर्च ब्वाइज युनाइटेड डेब्यु च्याम्पियन तथा खुमलटार युथ र एपिएफ फुटबल क्लब रेलिगेसनमा परेसँगै सहिद स्मारक ए डिभिजन लिग ०७९-०८० सम्पन्न भएको छ। ४४औँ संस्करणको शीर्ष डिभिजनले चर्च ब्वाइजलाई नयाँ च्याम्पियन पाएको हो। खुमलटार युवा क्लब र सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लबले ए डिभिजन लिगको हैसियत गुमाएका छन्। दुवै टोली बी डिभिजन लिगमा घटुवा भएका हुन्। शनिबारको दशरथ रंगशालामा भएको अन्तिम खेलमा थ्री स्टार क्लबले जावलाखेल युथ क्लबलाई १-० ले हराउँदा एपिएफ रेलिगेसनमा परेको हो। ०६२ सालमा सीधै ए डिभिजन लिग खेल्न सुरु गरेको एपिएफ पहिलोपटक बी डिभिजनमा घटुवा भयो। ०६० सालयता विभागीय टोली (नेपाली पुलिस, त्रिभुवन आर्मी फुटबल क्लब)ले सीधै ए डिभिजन लिग खेलेका हुन्। तर, विभागीय टोली यसअघि रेलिगेसनमा परेका थिएनन्। 'टोलीको यो प्रदर्शनको जिम्मेवारी मैले लिनुपर्छ। सबैप्रति माफी माग्छु,' एपिएफका प्रशिक्षक रत्नकाजी महर्जनले भने।

शुक्रबार मात्रै डेब्यु ए डिभिजन लिग खेलेको खुमलटार पहिलो संस्करण नै रेलिगेसन परेको थियो। चर्च ब्वाइज बी डिभिजन लिग विजेता बन्दा खुमलटार उपविजेता हुँदै अघिल्लो सिजन शीर्ष डिभिजनमा बढुवा भएका थिए। चर्च ब्वाइज डेब्यु च्याम्पियन बन्दा उपाधि दाबेदार दिएको खुमलटार भने रेलिगेसनमा परेको छ।

यता, साबिक विजेता मच्छिन्द्र फुटबल क्लब उपाधिमाथि ह्याट्रिक गर्नबाट चुक्यो। मच्छिन्द्रको उपाधि यात्रामा चर्च ब्वाइज बाधक बनेको थियो। २४औँ चरणमा नेपाल पुलिससँग १-० ले पराजित हुँदा मच्छिन्द्र ह्याट्रिक उपाधिबाट चुकेको हो। मच्छिन्द्र यस सिजनमा उपविजेता भयो। साथै, मच्छिन्द्रले एएफसी कपको प्रारम्भिक छनोट खेल्नेछ। च्याम्पियन चर्च ब्वाइजसँग एएफसी लाइसेन्स नभएपछि मच्छिन्द्रलाई यो अवसर आएको हो। छनोट आगामी अक्टोबरमा हुनेछ।

नेपाल पुलिस क्लबले तेस्रो स्थान हासिल गऱ्यो। १६औँ चरणसम्म रेलिगेसन क्षेत्रको पुलिस लगातार जित निकाल्न सफल भएको थियो। पहिलोपटक ए डिभिजन लिग हेरिरहेका पुलिसका प्रशिक्षक चेतन घिमिरेले आफूलाई सफल प्रशिक्षकका रूपमा उभ्याउन सफल भए। पुलिस लिगको 'फेयर प्ले' टिम बन्यो। यसैगरी, जावलाखेल युथ चौथो हुँदा सातदोबाटो युथ पाँचौं भएको छ। न्युरोड टिम एनआरटी छैटौं, आर्मी सातौं, कीर्तिमानी आठौंपटकको च्याम्पियन मनाङ मर्स्याङ्दी आठौं, थ्री स्टार नवौं, संकटा दशौं, हिमालयन शेर्पा ११औँ, फ्रेन्ड्स १२औँ स्थानमा रहँदा १३औँ स्थानको एपिएप र १४औँ स्थानको खुमलटार पुछारमा रह्यो।

विजेता चर्च ब्वाइजलाई ७५ लाख

पहिलो संस्करण नै च्याम्पियन बनेको चर्च ब्वाइजले ७५ लाख प्राप्त गरेको छ। उपविजेता मच्छिन्द्रले ५० लाख र तेस्रो भएको नेपाल पुलिस क्लबले ३५ लाख पाएको हो। यसबाहेक प्रत्येक क्लबले 'म्याच मनी' पाउनेछन्। प्रत्येक खेल जित्दा ५० हजार र खेलबराबर हुँदा दुवै टोलीले समान २५ हजार बाढ्नेछन्। प्रतियोगितामा नेपाल पुलिस क्लब फेयर प्ले घोषित हुँदै तीन लाख प्राप्त गरेको छ।



सहिद स्मारक ए डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडका खेलाडी ट्रफीका साथ। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अनन्त सर्वोत्कृष्ट खेलाडी

लिगको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका कप्तान अनन्त तामाङ घोषित भएका छन्। पहिलोपटक घरेलु लिग उपाधि जितेका अनन्तले अवार्डसँगै तीन लाख रुपैयाँ प्राप्त गरे। उपविजेता मच्छिन्द्रका नाइजेरियन स्ट्राइकर ओलावाले ओलादिपो आफिजले सर्वाधिक गोलकर्ता भए। उनले प्रतियोगितामा २१ गोल गरे। उनी यसैसिजनमा मच्छिन्द्र पुगेका हुन्। आफिजले खुमलटारका मेसुके ओलोमोउ १८ र जावलाखेलका एनकोटो मासोआबी १६ गोललाई पछि पारे। थ्री स्टारका गोलकिपर एभ्स प्रिसो सर्वोत्कृष्ट गोलकिपर चुनिए। उनले ११ क्लिन सिट राखेका थिए। आफिज र प्रिसो दुवैले दुई लाख पुरस्कार पाएका छन्। उदीयमान खेलाडी थ्री स्टारका लाकेन लिम्बू भए। लाकेनले एक लाख ५० हजार पाए।

थ्री स्टार रेलिगेसनबाट जोगियो

कप्तान विक्रम लामाले निर्णायक गोल गरेपछि थ्री स्टारले जावलाखेललाई १-० ले हराउँदै रेलिगेसनबाट जोगिएको छ। अन्तिम दिनको खेलसम्म रेलिगेसन क्षेत्रमा रहेको थ्री स्टारले जित निकाल्दै ए डिभिजन लिग हैसियत जोगाएको हो। ०३८ साल यता ए डिभिजन लिगमा रहेको थ्री स्टारले २६ खेलमा ३२ अंक जोडेर नवौं स्थानमा रह्यो। थ्री स्टारको जितपछि १३औँ स्थानमा झरेको एपिएफ रेलिगेसनमा परेको छ। ८३औँ मिनेटमा विक्रमले पेनाल्टीमार्फत गोल गरेका थिए। जावलाखेलका प्रमिन श्रेष्ठले पेनाल्टी बक्समा विक्रमलाई लडाएपछि थ्री स्टारले पेनाल्टीको अवसर पाएको थियो। जसमा विक्रम सफल रहे। यस खेलसँगै विक्रमले व्यावसायिक फुटबलबाट सन्न्यास लिएका छन्। अघिल्लो दिन मात्र नेपाल पुलिसका जुमनु राई र भोला सिलवाल तथा आर्मीका दीपक गुरुङले बिदाइ लिएका थिए।

मच्छिन्द्रले मनाङलाई हरायो

साबिक विजेता मछिन्द्रले अन्तिम खेलमा मनाङलाई ३-१ ले हराएको छ। दशरथ रंगशालामा मच्छिन्द्रले पुनरागमन जित निकालेको हो। पहिलो हाफमा एक गोललले पछि परेको मच्छिन्द्रले दोस्रो हाफमा तीन गोल फर्काएको हो। मच्छिन्द्रको जितमा ओलावाले आफिजले दुई तथा विमल समान दुई तथा प्रतिश जिसीले एक विकेट लिएका हुन्।

यसअघि टस हारेर ब्याटिङ गरेको नेपाललले ३६.५ ओभरमा सबै विकेट गुमाउँदै एक सय ५६ रनको योगफल तयार पारेको थियो। नेपालका कप्तान रोहितकुमार पौडेलले ३०, गुल्सन झाले २४, प्रतिश जिसीले १९, सोमपाल कामीले १८ र भीम सार्कीले १० रन बनाए। अन्य खेलाडीले दोहोरो अंक बनाउन सकेनन्। नेदरल्यान्ड्सका लोगन भान विकले सात ओभरमा २६ रन खर्चेर सर्वाधिक पाँच विकेट लिएका थिए। क्लेटन फ्लोयडले दुई तथा रयाक क्लेन र सरिज अहमदले एक विकेट लिएका हुन्।

१८ जुन देखि ९ जुलाईसम्म हुने छनोटमा आयोजक जिम्बावे, नेपाल, आयरल्यान्ड, नेदरल्यान्ड्स, ओमान, स्कटल्यान्ड, युनाइटेड अरब इमिरेट्स (युएई), अमेरिका र वेस्ट इन्डिज गरी १० टोलको सहभागिता छ। नेपालले १८ जुनमा जिम्बावेसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ। दोस्रो खेल अमेरिका, तेस्रो खेलमा वेस्ट इन्डिज र चौथो खेलमा नेदरल्यान्डसँग खेल्ने तालिका छ।

अंक तालिका

स्थान	क्लब	खेल	जित	ड्र	हार	अंक
१	चर्च ब्वाइज	२६	१३	९	४	४८
२	मच्छिन्द्र	२६	१२	९	५	४५
३	पुलिस	२६	१२	५	९	४१
४	जावलाखेल	२६	१०	७	९	३७
५	सातदोबाटो	२६	१०	५	११	३५
६	एनआरटी	२६	८	१०	८	३४
७	आर्मी	२६	८	१०	८	३४
८	मनाङ	२६	७	११	८	३२
९	थ्री स्टार	२६	७	११	८	३२
१०	संकटा	२६	७	११	८	३२
११	हिमालयन	२६	७	१०	९	३१
१२	फ्रेन्ड्स	२६	७	९	१०	३०
१२	एपिएफ	२६	८	६	१२	३०
१४	खुमलटार	२६	८	३	१५	२७

घर्तीमगरले एक गोल गरे। यसअघि खेलको १६औँ मिनेटमा मनाङले अग्रता बनाएको थियो। रन्दीप पौडेलको क्रसलाई विजय श्रेष्ठले गोल गरेका थिए। ८०औँ मिनेटमा ओलावाले बराबरी गोल गरे। विमलको पासलाई ओलावाले सिक्स यार्ड बक्सबाट वान टचमै गोल गरे। ८६औँ मिनेटमा छिरिङ गुरुङको पासलाई सदुपयोग गर्दै विमलले गोल गरेका हुन्। इन्जुरी समयमा आफिजले व्यक्तिगत दोस्रो गोल गरे। जारी लिगमा ओलावालेको २१औँ गोल हो। उनी सर्वाधिक गोलकर्ता बनेका छन्।

नेपाल लगातार दोस्रो खेलमा पराजित

नयाँ पत्रिका
काठमाडौं, २७ जेठ

नेपाली राष्ट्रिय क्रिकेट टोली दोस्रो एकदिवसीय अभ्यास खेलमा नेदरल्यान्ड्ससँग पाँच विकेटले पराजित भएको छ। जिम्बावे प्रस्थान गर्नुअघि दक्षिण अफ्रिकामा भएको दुवै अभ्यास खेलमा नेपाल पराजित भएको हो। बिहीबार पहिलो खेलमा नेपाल स्कटल्यान्डसँग सात विकेटले पराजित भएको थियो। आइसिसी एकदिवसीय विश्वकप छनोटको ग्लोबल क्वालिफायर तयारीका लागि दक्षिण अफ्रिकामा रहेको नेपाली टोली यतैबाट जिम्बावे प्रस्थान गर्नेछ।

चलेन नेपालको ब्याटिङ

दक्षिण अफ्रिकाको टक्स ओभलमा नेपालले प्रस्तुत गरेको एक सय ५७ रनको लक्ष्य नेदरल्यान्ड्सले ३६.१ ओभरमा पाँच विकेट गुमाउँदै भेट्टाएको थियो। नेदरल्यान्ड्सका ब्याटर वेस्ली ब्यारेसीले अविजित ६३ रनको योगदान गरेका थिए। कप्तान स्कट एडवार्डले २२ र विक्रमजित सिंहले २१ रनमा बनाए। नेपालका गुलसन झा र ललितनारायण राजवंशीले

खेल संक्षेप

ग्रिनल्यान्डलाई बिएमसिए कप

काठमाडौं/ ग्रिनल्यान्ड, भ्याली पब्लिक र गोल्डेनपिकले प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। ग्रिनल्यान्ड पुरुष, भ्याली पब्लिक महिला र गोल्डेनपिकले उमेरसमूहतर्फ च्याम्पियन बनेका हुन्। बुढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमी (बिएमसिए) र बुढानीलकण्ठ नगरपालिकाद्वारा संयुक्त आयोजित प्रतियोगिताको फाइनलमा ग्रिनल्यान्डले भ्याली पब्लिकलाई ३५-३४ को झिनो अन्तरले पराजित गऱ्यो। ग्रिनल्यान्डका प्रवीण गुरुङले सर्वाधिक १५ अंक जोडेका छन्। बुढानीलकण्ठस्थित रुद्रेश्वर हाइटमा भएको महिलातर्फको उपाधि भिडन्तमा भ्याली पब्लिकले पृथ्वीलाई ३१-२२ ले हरायो।

मध्यपुर युथको ग्रासरुट सुरु

सहिद स्मारक बी डिभिजन लिग क्लब मध्यपुर युथ एसोसिएसनले ग्रासरुट फुटबल कार्यक्रम सुरु गरेको छ। शनिबार भक्तपुरको फुटबल क्लबले थिमीको आफ्नै मैदानमा युवा फुटबल प्रशिक्षण सुरु गरेको हो। कार्यक्रममा अहिले सयभन्दा बढी बालबालिका रहेको अध्यक्ष तथा नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान उपेन्द्रमान सिंहले जानकारी दिए। सुरुवातमा साप्ताहिक रूपमा आधारभूत फुटबल प्रशिक्षण दिने, लिग प्रतियोगिता सञ्चालन गर्ने र क्षमतावान् खेलाडीलाई एकेडेमीमै राखेर थप प्रशिक्षणको व्यवस्था मिलाइने बताइएको छ। उनीहरूलाई पूर्वखेलाडी सिंहसँगै बालगोपाल महर्जन, राजेश मानन्धर, राकेश श्रेष्ठसहित थप १२ जना प्रशिक्षकले प्रशिक्षण दिनेछन्। कार्यक्रममा ए डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडका प्रशिक्षक बालगोपाल महर्जनलाई सम्मान पनि गरिएको थियो।

Invitation for Bids

Government of Madhesh Province (GOMP)

Ministry of Land Management, Agriculture and Cooperative

Janakpurdham, Dhanusha, Nepal

Invitation for Electronic Bids for Electrical works of Directorate of Agriculture Development

Bids No.: NCB/MOLMACMP/eBQ011/079-80/Works

Date of First publication: 11-06-2022 (2080-02-28)

1. Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the **Electrical Works of Directorate Agriculture Development, Janakpurdham, Dhanusha** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. (in NRs) 3153716.00 (Inclusive of VAT)**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp Bidders, submitting their bid electronically, should deposit the cost of ***NRs 3,000.00*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Rastriya Banijya Bank LTD, Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Janakpurdham**
   Office Code No. : **3120017012** Revenue Account No. : **1000100200010000**
   Revenue Head No. : **14229**
4. Pre-bid meeting shall be held at Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha at **02-07-2023 01:00 hours**.
5. Electronic bids must be submitted to the office Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha or through PPMO website www.bolpatra. gov.np/egp on or **before 11-07-2023 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **11-07-2023 13:00** at the office of Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs.75354.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. **This Bid Notice applicable on fiscal Year 2080/081.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be con sidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Invitation for Bids

Government of Madhesh Province (GOMP)

Ministry of Land Management, Agriculture and Cooperative

Janakpurdham, Dhanusha, Nepal

Invitation for Electronic Bids for Electrical works of Directorate of Livestock and Fisheries Development

Bids No.: NCB/MOLMACMP/eBQ012/079-80/Works

Date of First publication: 11-06-2022 (2080-02-28)

1. Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the **Electrical Works of Directorate of Livestock and Fisheries Development, Janakpurdham, Dhanusha** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. (in NRs) 3383688.00 (Inclusive of VAT)**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp Bidders, submitting their bid electronically, should deposit the cost of ***NRs 3,000.00*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank**: Rastriya Banijya Bank LTD, Janakpur Branch.**
   Name of the Office: **Ministry of Land Management, agriculture and Cooperative, Janakpurdham**
   Office Code No. : **3120017012** Revenue Account No. : **1000100200010000**
   Revenue Head No. : **14229**
4. Pre-bid meeting shall be held at Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha at **02-07-2023 01:00 hours**.
5. Electronic bids must be submitted to the office Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha or through PPMO website www.bolpatra. gov.np/egp on or **before 11-07-2023 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **11-07-2023 14:00** at the office of Ministry of Land Management, Agriculture and Cooperative, Janakpurdham, Dhanusha . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs.80,849.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. **This Bid Notice applicable on fiscal Year 2080/081.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be con sidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com